Social Protection Civil Society Network

# सामाजिक सुरक्षा, बालमैत्री स्थानीय शासन र लैङ्गिक समानता, अपाङ्गता तथा समावेशीकरण सम्बन्धी ३ दिने तालिम निर्देशिका



सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल (एस.पि.सि.एस.एन्.)
ललितपुर, नेपाल

**सल्लाहकार**
श्री ठाकुर ढकाल
श्री तिलोत्तम पौडेल
श्री प्रकाश आचार्य
श्री विष्णुमाया भटराई

**लेखन तथा सम्पादन**
डा. दिपेश घिमिरे
डा. देवकी आचार्य
श्री रबिन नेपाली

**सम्पादन सहयोगी**
श्री राजेन्द्र चौलागाई
श्री नारायण पाण्डे

**प्रकाशन प्रति**
२०० प्रति
**प्रकाशन वर्ष**
२०८१
**डिजाईन**
टापु प्रोडक्सन एण्ड मिडिया हाउस प्रा. लि

**सहकार्य**

**सहयोग**

**प्रकाशक:**
सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल, ललितपुर महानगरपालिका-३,सानेपा
**फोन :**९७७-९८५१३४८८५८ **इमेल :**info@spcsnnepal.org / spcsnnepal@gmail.com
**सर्वाधिकार:** सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल

## मन्तव्य

नेपालमा बालमैत्री स्थानीय शासन, समावेशीकरण तथा सामाजिक सुरक्षाको अवस्थामा केही सकारात्मक कार्यहरू भइरहेका छन् । यद्यपि यस क्षेत्रमा सरकारी निकायसँगको समन्वय र सहकार्यमा नागरिक समाज र सामाजिक संस्थाले पनि स्थानीय तहमा रहेर क्षमता अभिवृद्धि गर्ने, सचेतना फैलाउने तथा सरकारी निकायलाई आवश्यक सहयोग प्रदान गर्ने लगायतको काम गर्न सक्दा छिटो लाभ प्राप्त गर्न सकिन्छ । यसै कुरालाई मध्यनजर गर्दै बालमैत्री, समावेशीकरण र सामाजिक सुरक्षासम्बन्धी तीन दिने तालिम मार्गदर्शन पुस्तिका तयार पारिएको छ । यो पुस्तिका युनिसेफ नेपालको उद्देश्यसँग प्रत्यक्ष रूपमा मेल खाने र यस्ता उद्देश्य प्राप्तिको लागि योगदान गर्ने महत्त्वपूर्ण प्रयास हो । बालबालिकाको सर्वाङ्गीण विकासका लागि अनुकूल वातावरण निर्माण गर्न, बालमैत्री स्थानीय शासन प्रणाली र समावेशीकरणका पहललाई सुदृढ गर्न, अपाङ्गता भएका बालबालिकाको अधिकार सुनिश्चित गर्न, सामाजिक सुरक्षाका विषयमा प्रवर्द्धन गर्दै बाल अधिकारको सुनिश्चितता भएको समाज निर्माण गर्न यो पुस्तिका एक उपयोगी साधन हुनेछ भन्ने हामीले विश्वास लिएका छौँ । यसले बालबालिकाको हक, सामाजिक सुरक्षा र समाजमा समान अवसरको प्रत्याभूति गर्दै स्थानीय, प्रादेशिक र संघीय तहमा प्रभावकारी कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउने छ भन्ने विश्वास गरेका छौँ ।

यस तालिम सामग्री सामाजिक सुरक्षा नागरिक समाज सञ्जालसँगको सहकार्यमा तयार भएको हो । पुस्तिका तयार गर्ने क्रममा बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्चसँगको सहकार्यप्रति गहिरो कृतज्ञता व्यक्त गर्दछौँ । साथै, लेखन, सम्पादन र सल्लाहकार टोलीका सम्पूर्ण सदस्यहरूलाई विशेष धन्यवाद व्यक्त गर्दछौँ ।

यो निर्देशिकाले बालमैत्री स्थानीय शासनलाई प्रवर्द्धन गर्ने, समावेशीकरणलाई अभिवृद्धि गर्ने तथा सामाजिक सुरक्षालाई प्रवर्द्धन गर्ने कार्यमा महत्त्वपूर्ण योगदान गर्नेछ भन्ने मैले विश्वास लिएको छु । अन्त्यमा, यो निर्देशिकाको सफल कार्यान्वयनको लागि योगदान गर्न सम्बद्ध सबैमा अपिल गर्दै शुभकामना व्यक्त गर्दछु ।

**ठाकुर ढकाल**
सामाजिक नीति विज्ञ
युनिसेफ नेपाल

## मन्तव्य

यस निर्देशिका विशेष गरी बालबालिका, विशेष संरक्षणको आवश्यकता भएका, वहिष्करणमा परेका र सीमान्तकृत समुदायका लागि सामाजिक सुरक्षाका विभिन्न आयाममा पहुँच पुऱ्याउनका लागि सहजीकरण गर्ने हेतुले तयार गरिएको छ । यस मार्गदर्शनले बालबालिकाको हक, हित, अधिकार र सुरक्षालाई संरक्षण गर्न मात्र नभई, बालमैत्री स्थानीय शासनको सुदृढीकरण र समावेशी समाज निर्माणमा ठोस योगदान पुऱ्याउने छ भन्ने विश्वास लिएका छौं ।

बालमैत्री स्थानीय शासन प्रणालीलाई प्रवर्द्धन गर्नु, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको सम्मान तथा समावेशीकरणको महत्त्वलाई उजागर गर्नु र सामाजिक सुरक्षाका मुद्दाहरूलाई गहीरो रूपमा समेट्नु यस पुस्तिकाको प्रमुख उद्देश्य रहेको छ । बालबालिका, युवा तथा यस क्षेत्रका सरोकारवाला व्यक्तिहरूका लागि यो तालिम निर्देशिका एक महत्त्वपूर्ण साधनको रूपमा प्रस्तुत हुनेछ, जसले नीति निर्माताहरूलाई प्रभावकारी कदम चाल्न समेत मद्दत पुऱ्याउने छ भन्ने हामीले विश्वास लिएका छौं ।

यसक्रममा युनिसेफ नेपालको आर्थिक तथा प्राविधिक सहयोग र सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल (एस.पि.सि.एस.एन.) को नेतृत्वमा तयार गरिएको यस निर्देशिकामा बालमैत्री स्थानीय शासन लगायत विगतमा गरेका पैरवीहरू, बाल अधिकार, बाल अधिकारसँग सम्बद्ध कानूनी तथा नीतिगत व्यवस्था, बालबालिकामा लगानी किन ?, बालमैत्री स्थानीय सशानको अवधारणा, प्रगतिको अवस्था, बालमैत्री स्थानीय शासनका उद्देश्य, सिद्धान्त, चरणहरू, सूचकहरू, बालमैत्री स्थानीय शासन प्रवर्द्धनमा सरोकारवालाको भूमिका, बालभेलाको महत्त्व, बालभेलाको आवश्यकता, बालभेलाको प्रकारलगायत बालभेलाबाट माग भई आएका कार्यक्रमलाई गाउँ/नगर कार्यपालिकाको नीति तथा कार्यक्रम निर्माण र बजेट विनियोजनमा समेत प्राथमिकताका साथ कसरी राख्न सकिन्छ भन्ने विषयहरू समेटिएको छ भने अर्को खण्डमा समावेशीताका सन्दर्भमा लिङ्ग र लैङ्गिकताको अवधारणा, प्राकृतिक लिङ्ग र सामाजिक लैङ्गिकताका विषय, समावेशी शिक्षा, सामाजिक न्याय, सामाजिक सुरक्षाको अवधारणा, सामाजिक सुरक्षासम्बन्धी नीतिगत तथा कानूनी व्यवस्थाहरू, नागरिक सुरक्षाका दायरामा पर्ने अवस्थाका नागरिकहरू लगायत नेपालमा सामाजिक सुरक्षासँग सम्बन्धित प्रमुख कार्यहरू र यसका चुनौतीहरू समेतका विषयहरू समेटेर यो निर्देशिका तयार गरिएको छ । उपर्युक्त विषयमा तालिम प्रदान गर्नुहुने प्रशिक्षक तथा अन्य यस विषयसँग सरोकार राख्ने सबै व्यक्ति तथा संस्थाका लागि उपयोगी हुने उद्देश्यका साथ यो निर्देशिका तयार गरिएको हो ।

यस तालिम निर्देशिका तयारी गर्ने सिलसिलामा योगदान पुऱ्याउनुहुने लेखन तथा सम्पादन, सल्लाहकार सम्पादन सहयोगीहरूप्रति हार्दिक कृतज्ञता सहित आभार व्यक्त गर्दछौं । उहाँहरूको बौद्धिक ज्ञान तथा निरन्तरको सक्रियताले पुस्तिकालाई थप गहन बनाएको छ । यस पुस्तिकाले बालमैत्री शासन, समावेशीकरण र सामाजिक सुरक्षाका मुद्दाहरूमा ठोस परिणाम दिन सकोस् भन्ने हाम्रो विश्वास रहेको छ । यो निर्देशिकालाई कार्यान्वयनमा ल्याउन र यसलाई आगामी दिनमा थप समृद्ध बनाउन यहाँहरूको सुझावको समेत अपेक्षा राख्दछौं ।

तिलोत्तम पौडेल
अध्यक्ष
सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल

धन्यवाद !

# विषयसूची

## परिच्छेद एक

१.१ तालिम निर्देशिकामा प्रयोग गरिएका विधिहरू र विधि प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरू ....................................१
१.२ सहजकर्ताले ध्यान दिनुपर्ने कुराहरू ....................................३

## परिच्छेद दुई

### पहिलो दिन

२.१ बाल अधिकार र बालबालिकामा लगानी किन, बाल अधिकार सम्बन्धी कानूनी व्यवस्थाहरू ................६
२.२ बालमैत्री स्थानीय शासनको अवधारणा र हालसम्मका प्रगति ....................................१२
२.३ बालमैत्री स्थानीय शासनको परिभाषा, उद्देश्य, रणनीति, सिद्धान्त, स्थानीय तहको छनौट, अवलम्बन, चरणहरू र घोषणा ....................................२०
२.४ बालमैत्री स्थानीय शासनका सूचकहरू र सरोकारवालाको भूमिका ....................................२४
२.५ बालमेला ....................................२७

### दोस्रो दिन

२.६ अपाङ्गता, लिङ्ग र लैङ्गिकता, सामाजिक समावेशीकरण ....................................३०
२.७ लिङ्ग र लैङ्गिकता ....................................३३
२.८ सामाजिक समावेशीता ....................................३५

### तेस्रो दिन

२.९ सामाजिक सुरक्षाको परिभाषा तथा अवधारणा ....................................३७
२.१० नेपालमा सामाजिक सुरक्षासम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्थाहरू ....................................३९
२.११ कसलाई चाहिन्छ सामाजिक सुरक्षा ? ....................................४२
२.१२ नेपालमा सामाजिक सुरक्षाका प्रमुख कार्यक्रमहरू र यसका चुनौतीहरू ....................................४५
२.१३ सामाजिक सुरक्षाको प्रभावकारी कार्यान्वयनको लागि कार्ययोजना निर्माण ....................................४९

अनुसूची १ ....................................५०

# परिच्छेद एक

### १.१ तालिम निर्देशिकामा प्रयोग गरिएका विधिहरू र विधि प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरू

यस तालिम निर्देशिकामा दिइएका क्रियाकलापहरूलाई अपेक्षित लक्ष्य हासिल गर्न एक वा सोभन्दा बढी विधि तथा तरिकाहरू प्रस्तुत गरिएका छन् । यसमा दिइएका विधिहरूको सारसंक्षेप तथा औचित्य निम्नानुसार छन् :

### क) मस्तिष्क मन्थन (Brainstorming):

कुनै पनि सवाल वा प्रश्नमाथि खुल्ला रूपमा आफ्नो विचार राख्न दिने विधि नै मस्तिष्क मन्थन हो । यस विधिले सहभागीहरूलाई दिइएको सवालमा सोच्न र भन्नका लागि अवसर प्रदान गर्दछ । मस्तिष्क मन्थन विधिले व्यक्तिगत ज्ञान र कल्पना क्षमतालाई एकीकृत गर्ने काम गर्छ । यसले व्यक्तिगत चाख, बुझाइ, सिकाइ व्यक्त गर्ने स्वतन्त्र अवसर प्रदान गर्छ । सोच्ने, सिर्जनशील बन्ने, निसंकोच आफ्ना विचार राख्ने, सामूहिक विचारद्वारा निर्णय लिने, चाँडो भन्दा चाँडो नयाँ-नयाँ विचार जन्माउन सक्ने वातावरण पनि यसले तयार गर्दछ । यसबाहेक यस विधिले सामूहिक छनौटबाट निष्कर्षमा पुग्ने र प्रत्येकको अनुभवको सम्मान/कदर गर्ने अवस्था समेत सिर्जना गर्छ ।

**ध्यान दिनुपर्ने कुराहरू:**

- मस्तिष्क मन्थन गर्ने सवाल वा विषयको जानकारी स्पष्टसँग दिनुपर्छ ।
- प्रस्तुत सवाल बारे स-साना वा ठूला समूहमा आ-आफ्ना प्रतिक्रिया वा विचार राख्न लगाउन पर्छ र त्यसलाई जस्ताको तस्तै टिप्दै जानुपर्छ ।
- सबैको विचार आइसकेपछि एक-एक गर्दै केलाउँदै जानुपर्छ तर विचार राख्ने क्रममा नै त्यसको स्पष्टीकरण खोज्नु हुँदैन ।
- विचार राख्ने वातावरण अनौपचारिक, आनन्ददायी, उत्प्रेरणात्मक र रमाइलो बनाउनु पर्छ ।
- सामूहिक विचार जन्माउन उत्साहित गर्ने र आफ्नो विचारलाई आफैं सुधार गर्ने वातावरण सिर्जना गर्नुपर्छ ।
- निष्कर्षमा पुगेका बुँदाहरू पुनःस्मरण गराउनु पर्छ र विषयान्तर हुनबाट सचेत रहिरहनुपर्छ ।
- आफूले टिपेका सम्पूर्ण बुँदाहरूको सारांशमा सम्बोधन गर्दै निचोडमा पुग्नुपर्दछ ।

### ख) समूह छलफल (Group Discussion):

सहभागीहरूलाई विषयवस्तुमा छलफल गराउन स-साना समूह वा ठूलो समूहमा नै राखेर उनीहरूको विचारलाई मन्थन गर्दै सामूहिक निष्कर्षमा पुऱ्याउने विधि नै समूह छलफल हो । सहभागितामूलक प्रशिक्षणका लागि यो विधि अति नै प्रभावकारी हुन्छ । सानो समूहमा छलफल गराउँदा समूहले गर्नुपर्ने कामका बारेमा स्पष्ट जानकारी गराउनुपर्छ । समूहका प्रत्येक सहभागीलाई आफ्नो स्वतन्त्र विचार राख्न सहज वातावरण सिर्जना गर्नुपर्छ । लजालु वा कम बोल्ने सहभागीहरूलाई आफ्ना भनाइहरू राख्न उत्प्रेरित गर्नुपर्छ । क्रियाकलापहरूको उद्देश्य पूरा गर्न समूह छलफल विधि अपनाइएको हो भन्ने मर्मलाई राम्ररी बुझ्नुपर्छ । समूहमा कार्य गर्दा प्रत्येकले अलग-अलग व्यक्तिसँग बसेर विचार राख्ने र सिक्ने अवसर प्राप्त गर्छ ।

**ध्यान दिनुपर्ने कुराहरू :**

- प्रशिक्षकले छलफलको उद्देश्य प्राप्त हुने गरी सहभागीहरूको स्तर मिलाएर समूह विभाजन गर्नुपर्छ ।
- छलफल गर्नुपर्ने विषयवस्तुका बारेमा सामान्य पृष्ठभूमि तथा आवश्यकता सहितको छोटो जानकारी गराउनुपर्छ ।
- समूहका प्रत्येक सदस्यले विचार राख्न पाउने र सामूहिक निचोडमा पुग्ने वातावरण तयार गर्नुपर्छ ।
- कुनै-कुनै विषयमा छलफललाई उक्साउन जीवन्त बनाउन केही खुल्ला प्रश्नहरू पनि दिन सकिन्छ ।
- सबै समूहको निचोडलाई पालैपालो प्रस्तुत गर्ने अवसर दिई अन्त्यमा समग्र छलफलको निचोड निकाल्नुपर्छ ।

### ग) समूह कार्य (Group Work):

समूह/समूहमा क्रियाकलाप गराउँदा ज्ञान तथा सीप सहज ढङ्गबाट दिने-लिने वातावरण तयार हुन्छ । जसमा सबै सहभागीहरूको सक्रिय सहभागिता रहन्छ । समूहका सदस्यहरूबीच एक-अर्काको अनुभव, दक्षता, सीप, ज्ञान जस्ता कुरा खुल्ला रूपमा राख्ने अवसर प्राप्त हुन्छ । सामूहिक भावना, एक अर्कोमा कदर, प्रोत्साहन, सहमति र ऐक्यबद्धतामा वृद्धि गर्न मद्दत पुग्दछ । सामूहिक कार्यले एक्लै असम्भव देखिने कामलाई पनि सहज तरिकाले हल गर्न मद्दत मिल्दछ । समूह कार्य कहिलेकाही जोडी-जोडीमा पनि गर्न सकिन्छ । क्रियाकलापको आवश्यकता र उद्देश्य पूरा गर्न कत्रो समूह बनाउने त्यसमा सचेत हुनुपर्छ । सहभागीहरूलाई रमाइलो वातावरणमा बसाई अवस्था परिवर्तन गर्न मिल्दो खालको समूह विभाजन तरिका अपनाउनुपर्छ । फरक-फरक तरिकाबाट समूह विभाजन गर्दा रमाइलो वातावरण बन्न सक्छ ।

**ध्यान दिनुपर्ने कुराहरू :**

- उत्प्रेरणात्मक क्रियाकलापहरूबाट समूह विभाजन गर्ने,
- समूहको छलफल विषयवस्तुमा केन्द्रित गर्न प्रोत्साहित गर्ने,
- छलफल तथा समूह कार्यमा सबैको सहभागिता, सक्रियता गराउन सचेत रहने र उत्साह प्रदान गर्ने,
- सबैका विचारहरूलाई एकीकृत गर्दै सामूहिक निचोड तयार गर्न लगाउने,
- ठूलो समूहमा पालैपालो प्रस्तुत गर्न लगाउँदै एक-अर्को समूहको जिज्ञासा राख्न, समाधान गर्न अवसर दिने,
- अन्त्यमा सारांश वा निचोड पुनःस्मरण गराउने,
- समूह बनाउँदा लैङ्गिक समानता, सहभागीहरूको स्तरलाई पनि ख्याल गर्नुपर्ने हुन्छ । समूह क्रियाकलापमा केही व्यक्तिहरू ठट्टा गर्ने, अर्कालाई होच्याउने, आफ्नै विचार मात्र राख्ने, विषयान्तर भएर गफ गर्ने प्रवृत्तिका पनि हुन्छन् । समूहमा कार्य गराउँदा त्यस्ता व्यक्तिलाई समूहको अगुवाइ गर्न लगाएर पनि सक्रिय सहभागिता गराउन सकिन्छ । जिम्मेवारीको बोध नभएर पनि त्यस्ता खाले समस्या आउन सक्छन् । त्यसका लागि सहजीकरण गर्ने व्यक्ति जहिले पनि सचेत रहनुपर्छ ।

## घ) समूह कार्यको प्रस्तुतीकरण (Group Work Presentation):

समूहले तयार गरेको निचोडलाई समूह सदस्यबाटै प्रस्तुत गर्ने अवसर प्रदान गर्नुपर्छ । यसरी प्रस्तुत गर्दा हरेक पटक अलग-अलग व्यक्तिबाट प्रस्तुत गर्नलाई प्रोत्साहित गर्नुपर्छ । प्रस्तुतीकरण गर्दा प्रस्तोताले कुनै जिज्ञासाका जवाफ दिन नसकेकोको खण्डमा त्यस्तो जिज्ञासालाई समूह सदस्यहरूको सहायताबाट पूरा गर्न लगाउन सकिन्छ । यस्तै, हरेक समूहको प्रस्तुतीकरण सकिएपछि अन्य समूहबाट सुझाव दिन लगाउन सकिन्छ । जसले त्यस समूहलाई नयाँ कुरा थाहा पाउने र त्यसलाई सम्झने अवसर प्रदान गर्दछ । प्रस्तुतीकरणले निर्धक्क भएर बोल्ने सीप र सबैको अगाडि प्रस्तुत हुन पाउने अवसर सिर्जना गर्दछ ।

## ङ) प्रश्नोत्तर (Question and Answer):

प्रश्नोत्तर विधि विभिन्न प्रकारले गर्न सकिन्छ । यस विधिमा सहजकर्ताले विभिन्न प्रश्नहरू सहभागीहरूलाई सोध्न र उनीहरूबाट त्यसको जवाफ दिने वा सहभागीहरूले सहजकर्तालाई सोध्ने र त्यसको जवाफ दिने वा सहभागीहरूले सहभागीहरूलाई नै सोध्ने र जवाफ दिने गरिन्छ । यस विधिको प्रयोगले निश्चित् विषयमा सहभागीहरूको बुझाइ मापन गर्न सकिन्छ । हाल विभिन्न अनलाइन विधिहरू मार्फत पनि प्रश्नोत्तर गर्न सकिने, एकल वा समूह बनाएर हाजिरीजवाफ जस्ता क्रियाकलाप पनि गर्न सकिन्छ ।

**ध्यान दिनुपर्ने कुराहरू:**

- सोध्नुपर्ने विषयवस्तुहरू प्रश्नहरूको तयारी पहिले नै गर्नुपर्छ,
- प्रश्न सोध्दा सहभागीहरूमध्ये कसैलाई तोकेर वा सामूहिक रूपमा सोध्ने,
- प्राप्त उत्तर कस्तो लाग्यो भन्ने बारेमा अर्को सहभागीको प्रतिक्रिया बुझ्ने,
- अन्त्यमा सही उत्तर निक्यौल गर्न लगाउने वा आफैंले बताइदिने ।

## च) खेल विधि (Game Play):

खेलले सहभागीहरूलाई सक्रिय सहभागी बनाउँछ । यसले सहभागीहरूलाई उत्प्रेरित गर्न, विकल्प खोज्न, आलस्यपन हटाउन र मनोरञ्जन प्रदान गर्न मद्दत पुऱ्याउँछ । खेलहरू नियममा आधारित हुन्छन् । नियमपूर्वक खेलाउँदा प्रतिस्पर्धात्मक क्षमताको विकास हुन्छ । साथै यसले विषयवस्तुमा प्रवेश गर्ने वातावरण तयार गर्दछ । सहभागीहरूमा सिर्जना, ज्ञान र सीपको विकास गर्दछ अनि मनोभावनामा सकारात्मक परिवर्तन ल्याउँदछ । शरीर सञ्चालनसम्बन्धी खेलले शरीरका स्थूल तथा सूक्ष्म अङ्ग सञ्चालन गरी रक्त सञ्चालन प्रक्रियालाई सक्रिय गराउँछ । तर यस्ता खेलहरू चाखलाग्दा र विषयवस्तुसँग सम्बन्धित हुनुपर्छ । केही खेलहरू खाली उत्प्रेरणा जगाउनका लागि मात्र हुन्छन् भने केही विषयवस्तु सम्बन्धित हुन्छन् । खेलको माध्यमबाट सिकाइ गर्दा सिकाइ चाखलाग्दो हुनुका साथै दिगो पनि हुन्छ । कुनैपनि खेल खेलाइसकेपछि त्यसमा सामान्य छलफल गराउनु राम्रो हुन्छ ।

**ध्यान दिनुपर्ने कुराहरू:**

- खेलका लागि आवश्यक समय, सामग्री, खेलाडी संख्या, नियम र उद्देश्यमा आफैं प्रस्ट हुने,
- खेलका नियम प्रस्ट पार्ने र नियमपूर्वक खेलाउन सुरु गर्ने, आवश्यक भए एक-दुईपटक अभ्यास गराउने,
- खेल खेलाउँदा कुनै दुर्घटना हुने किसिमका खेल नखेलाउने र पर्याप्त खेलमैदान वा स्थान भएको ठाउँ हेरेर मात्र खेल खेलाउने,
- खेलमा सबै सहभागीहरूलाई उत्प्रेरणा र हौसला प्रदान गर्ने,
- खेलका बारे छलफल गर्ने र उद्देश्यसँग तुलना गर्ने,
- सम्भव भएसम्म कार्यक्रमको विषयवस्तु सुहाउँदो खेल खेलाउने र खेलको सिकाइसँग विषयवस्तुलाई जोड्ने ।

## १.२ सहजकर्ताले ध्यान दिनुपर्ने कुराहरु

यस निर्देशिकामा सहजकर्ता भन्नाले निर्देशिकाको प्रयोग गरी सहभागी युवाहरूलाई तालिम दिने प्रशिक्षकलाई जनाउँछ । प्रशिक्षकको रूपमा दौतरी शिक्षासम्बन्धी तालिम सञ्चालन गर्दा माथि उल्लिखित विधिहरू, तिनको उपयोगिता र ध्यान दिनुपर्ने कुराहरूलाई गहन अध्ययन गरी प्रयोग गर्न सक्नुपर्छ । निर्देशिकामा प्रस्तुत गरिएका विषय र अभ्यास निश्चित् समयमा सकिने गरी तयार गरिएको छ, तथापि यसमा समय लचकता अपनाउन सकिन्छ । प्रशिक्षकले सत्र शुरु हुनुभन्दा पहिले नै तालिमका विषयवस्तु अन्तर्गतको सम्पूर्ण क्रियाकलापहरू पूर्व अध्ययन गर्नुपर्छ र सो क्रियाकलापको लागि कुन तालिम सामग्रीको कसरी प्रयोग गर्ने भन्ने बारेमा निक्र्यौल गर्नुपर्दछ । सो क्रियाकलापको माध्यमबाट दिन खोजेको मुख्य सन्देश (निष्कर्ष) पनि प्रस्ट पार्नुपर्छ । साथै सहजकर्ताको रूपमा कार्य गर्दा ध्यान दिनुपर्ने कुराहरू पनि छन्, जसलाई तल दिइएको छ :

### क) तालिम व्यवस्थापन:

तालिम सफलताको आधा अंश तालिमको व्यवस्थापनमा भरपर्छ । व्यवस्थापन अन्तर्गत तालिमको स्थान, बसाइ व्यवस्था, सामग्री तथा आवास एवम् खाना आदिको प्रबन्धलाई लिन सकिन्छ । तालिमपूर्व नै यी कुराको राम्रोसँग व्यवस्थापन गर्नुपर्छ । यस्ता कुराहरूमा सहभागीहरूले अभाव वा असहज महुशुस गरे भने तालिम विषयवस्तुमा ध्यान केन्द्रित नगरी तिनै कुरातिर ध्यान दिइराख्ने अवस्था आउँछ । त्यसैले तालिम पूर्व नै तालिममा व्यवस्थित गर्नुपर्ने कुराको सूची तयार गरेर काम गर्नुपर्छ । व्यवस्थापनका लागि निम्नानुसारको सूची तयार गर्न सकिन्छ :

**व्यवस्थापनका लागि सूची**

- तालिममा सहभागी हुनेहरूको सङ्ख्या (सभंव भएसम्म महिला, पुरुषको संख्या र यदि कुनै किसिमको अपाङ्गता भएमा त्यो सम्बन्धी जानकारी, जसले गर्दा व्यवस्थापन गर्न सहज हुन्छ ।
- सहभागीहरूको बसाइको व्यवस्था,
- स्थलगत कार्य गर्नुपर्ने भए (कहाँ, कहिले, कसरी गर्ने) त्यसको तयारी,
- यातायात (कतिपटक, साधनको किसिम) निश्चित गर्ने,
- स्थान छनोट गर्दा,
  - स्थान : शान्त, बाह्य कोलाहलबाट मुक्त भएको फरक-फरक ठाँउबाट सहभागी आउने भएमा दुरीको हिसाबले सबैलाई पायक पर्ने स्थान छनौट गर्ने,
  - तालिम कक्ष : धेरै ठूलो वा सानो हुनु हुँदैन, प्रतिध्वनि नआउने, उज्यालो र खुल्ला वातावरण भएको,
  - वातावरण : ज्यादै चिसो वा तातो नभएको, सहज हुन सक्ने भएको,
  - सुविधाहरू : आधारभूत कुरा जस्तै– शौचालय, स्नानघर, खानेपानी र खुल्ला ठाउँ भएको,
  - धान्न सक्ने : सबै सहभागीहरू अटाउन सक्ने र सहजै धान्न सक्ने एवम् व्यर्थको खर्च भएको महशुस नगर्ने ।
- वैकल्पिक तालिम कक्ष छ/छैन ?
- तालिम समयमा चिया नास्ता/खानाको व्यवस्था छ/छैन ?
- श्रव्यदृष्य सुविधा (तस्वीर, भिडियो) आवश्यक पर्दा उपलब्ध हुन्छ/हुँदैन ?
- उपकरण (ओभरहेड प्रोजेक्टर, सफ्ट बोर्ड, ह्वाइटबोर्ड, साउण्ड सिस्टम) आवश्यक पर्दा उपलब्ध हुन्छ/हुँदैन ?
- प्राथमिक उपचार सामग्री/सुविधा छ/छैन ?
- अभिलेखीकरण (प्रतिवेदन लेखन कसले गर्ने, कहिले तयार हुने आदि) को व्यवस्था गर्ने । फोटोकपी, अध्ययन सामग्री उपलब्ध हुने व्यवस्था छ/छैन ?
- फोटो खिच्ने क्यामेरा आवश्यक पर्दा उपलब्ध हुन्छ/हुँदैन ?
- आवश्यक सामग्रीहरूको सूची र आवश्यक तयारी गर्ने ?
- यसमा उल्लेख भए बाहेकका कुनै कुरा आवश्यक पर्ने भएमा थप गर्न सकिने छ ।

### ख) सहजकर्ताको दैनिक तयारी:

तालिमका क्रममा सहजकर्ताको दैनिक तयारी हुनु अति आवश्यक हुन्छ । दैनिक तयारीले विषयवस्तुको उद्देश्य पूरा गर्न सहज बनाउँछ । दैनिक तयारी गर्दा अघिल्लो दिनको विषयवस्तु, प्रशिक्षण विधि, सहभागीहरूको सहभागिता र सिकाइ उपलब्धिलाई आधार बनाउन सकेमा अझ प्रभावकारी सत्र सञ्चालन गर्न सकिन्छ । विषयवस्तु, त्यसका सम्बन्धमा निर्देशिकामा दिइएका विधि, तरिका र आवश्यक सामग्रीहरूको अग्रिम व्यवस्था र अध्ययनसमेत गर्नुपर्दछ । प्रत्येक दिनको अन्त्यमा सहजकर्ता-सहजकर्ता वा कहिलेकाहीँ सहजकर्ता सहभागीहरू बीच दिनभरिका क्रियाकलापहरू, सिकाइ प्रक्रिया र सुधारात्मक उपायहरूमा छलफल गर्दा पछिल्लो दिनको सत्रहरूलाई व्यवस्थित गर्न सहज बन्दछ ।

### ग) समय व्यवस्थापन:

समय व्यवस्थापन तालिमको अभिन्न अङ्ग हो । छोटो समयमा रमाइलो तरिकाले बढीभन्दा बढी सिकाइ उपलब्धि हासिल गर्नु तालिमको लक्ष्य हो । यसका लागि विषयवस्तुमा उल्लेखित समय भित्र सत्र पूरा गर्न उपयुक्त तरिका, सामग्री र प्रस्तुतीकरणको छनोट गर्नुपर्ने हुन्छ । अवधारणात्मक कुरा र दोहोरिएका क्रियाकलापहरू तथा प्रक्रियाहरूलाई सकेसम्म छोटो वा कम समयमा गर्नुपर्ने हुन्छ । यस निर्देशिकाका क्रियाकलापहरूमा छुट्याइएको समय मोटामोटी अड्कल मात्र हो । वास्तविक समय त सहभागीहरूको स्तर, क्षमता र विषयवस्तुको प्रकृतिका आधारमा धेरै वा थोरै लाग्न सक्छ । समयको व्यवस्थापन गर्ने कुरामा सहजकर्ताले माथिका कुराहरूलाई आधार मानेर निर्धारित समयभन्दा बढी वा कम लगाउन सक्नुहुन्छ ।

**समय व्यवस्थापनका उपायहरु**

- तोकिएको/निश्चित समयमा सुरु गर्ने,
- व्यक्तिगत वर्णन गर्नका लागि धेरै समय खर्च नगर्ने,
- छलफल विषयवस्तुमा केन्द्रित गर्ने, विषयान्तर हुन नदिने,
- तालिम कक्षमा घडी राख्ने र त्यसलाई समय/समयमा हेर्दै सत्र समयमा सक्ने वातावरण बनाउने,
- समयलाई व्यवस्थित गर्न दैनिक एकजना सहभागीलाई जिम्मा दिने,
- क्रियाकलापको प्रक्रिया र योजनासम्बन्धी आवश्यक तयारी सत्रभन्दा अगाडि नै गर्ने,
- तोकिएको समयमा कक्षा समाप्त गर्ने ।

**घ) तालिमको हरेक दिन कसरी सुरुवात गर्ने ?**

- सबै सहभागीहरू उपस्थित भए/नभएको अवलोकन गर्ने,
- सबैलाई स्वागत गर्ने र उद्देश्य पूरा गर्न आजको दिनले अभिप्रेरित गरोस् भन्ने,
- विषयवस्तुको शुरुवात गर्नुभन्दा पहिले प्राक अभ्यास (वार्म अप खेल) खेलबाट शुरु गर्नुहोस्,
- सधैं हसिलो अनुहार बनाइरहने,
- कसैले पनि ठूलो समस्या वा कठिनाइ बेहोर्नु पर्दैन भनेर सहभागीहरूलाई ढुक्क बनाउने,
- सम्बन्धित दिनको मुख्य विषयवस्तुहरू (Theme) सहभागीहरूलाई सुनाउने ।
- क्रियाकलापहरूमा प्रवेश गर्न अनुमति लिने ।
- प्रत्येक क्रियाकलापको परिचय गरिसकेपछि दुई मिनेटको विश्राम लिएर मात्र मूल विषयवस्तुमा प्रवेश गर्ने ।
- फेरि दुई मिनेटको विश्राम लिएर मात्र त्यस क्रियाकलापको पुनः स्मरण र संक्षेपीकरण गर्ने ।
- आवश्यकता अनुसार समय-समयमा उत्प्रेरणात्मक क्रियाकलाप गर्ने ।

**ङ) तालिमको हरेक दिन कसरी अन्त्य गर्ने ?**

- दिनभरिका अस्पष्ट सवाल एवम् छलफल पूनः स्मरण गराउने,
- सबैको सहयोगका लागि धन्यवाद दिने,
- पछिल्लो दिनमा अझ बढी सहभागिता, सिकाइ, अभिरुचिका लागि उत्साहित गर्ने,
- सहभागीहरूका दिनभरिका क्रियाकलापहरूले अल्छिपना र बढी आक्रोसित बनाएको छ भने केही उत्प्रेरणात्मक क्रियाकलापहरू गराउने,
- यदि तालिमका क्रममा कुनै अस्पष्टता भएमा त्यसलाई लेखेर राख्नको लागि हलको भित्तामा न्यूजप्रिन्ट पेपरमा Parking Lot अर्थात् अस्पष्टता लेखेर राख्ने स्थान बनाउने,
- सहभागीहरूलाई कुनै अस्पष्टता भएमा त्यही लेखेर टाँस्न लगाउने र त्यसरी टाँसिएका अस्पष्टतालाई भोलिपल्टको सत्र सुरु गर्नु अघि प्रस्ट पारिदिने ।

**च) सहजकर्ताका लागि केही उपायहरु:**

- सहभागीहरूलाई आफ्नो जिज्ञासा विना सङ्कोच राख्ने वातावरण बनाउनका लागि प्रत्येक विचारको प्रशंसा गर्नुपर्छ ।
- तालिमको पहिलो दिनमै सहभागीहरूलाई असहज हुने खालका प्रश्नहरू जस्तै– उदाहरण दिनुहोस्, अभिनय गरेर देखाउनुहोस्, आदि जस्ता अप्ठ्यारा स्थिति सिर्जना गर्नु हुँदैन ।
- सिकाइको मुख्य स्रोत भनेको सहभागीहरूको अनुभव र विचार आदान-प्रदान गर्ने अवसर हो र त्यसको उचित सम्मान दिएर मात्र लक्ष्य प्राप्ति सम्भव हुन्छ ।
- आज्ञाकारी होइन जिम्मेवार सहभागी बनाउन खोज्नुहोस् । सहभागीहरूले आफूलाई अत्यावश्यक परेको कुरा मात्र बढी सिक्न चाहन्छन् । त्यसैले सहभागीहरूको चाहनाको कदर गर्नुहोस् । सबै कुरा सिकाउने वा गरिदिने होइन, सिक्ने वातावरण मात्र तयार गरिदिनुपर्छ ।
- सहभागीहरूको इच्छा तथा चाहनालाई महत्त्व दिँदै आफ्नो योजनालाई परिस्थितिसँग समायोजन गर्न आवश्यक लचकदार (खुकुलो) पनि बनाउनु पर्छ । सिकाइ प्रक्रिया र तरिकाबाट अपेक्षित सफलता हासिल भइरहेको छैन भने विकल्प छनोट र परिवर्तनका लागि सधैं तयार रहनुपर्छ ।
- सहभागीहरूको आन्तरिक द्वन्द्वलाई मलजल गर्ने खालका विचारलाई तत्काल रोक्दै प्रसङ्ग बदल्न सक्नुपर्छ ।
- सबै सहभागीहरू समान छौं भन्ने विश्वास दिलाउन समान अवसरको वातावरण सिर्जना गर्नुपर्छ ।
- अति नै संवेदनशील विषयमा पात्रहरूको नाम किटान गर्ने वा चिनाउने काम गर्नु हुँदैन । यस्तै व्यक्तिगत आस्थामा चोट पुऱ्याउने जस्तै– धर्म, संस्कृति, मूल्य-मान्यता, शिक्षा, राजनीति, परिवार, सम्पत्ति आदिमा होच्याउने, तुलना गर्ने, खिसी गर्ने, कुरा काट्ने गर्नु हुँदैन ।
- सबैको अगाडि प्रस्तुत हुन सहभागीहरूलाई त्यति सहज हुँदैन । त्यसैले सहज प्रस्तुत गराउन अन्तरक्रिया, व्यक्तिगत विचार तथा अनुभव आदान-प्रदान जस्ता अवसर समान रूपमा सिर्जना गर्नु र प्रत्येक प्रस्तुतिमा तारिफ र प्रशंसा गर्नुपर्छ ।
- सहभागीहरूले सोधेका सबै प्रश्नको जवाफ सहजकर्तासँग नहुन पनि सक्छ । यस्तो अवस्थामा उक्त प्रश्नको उत्तर यदि कुनै सहभागीहरूसँग छ भने त्यसैबाट प्रष्ट्याउने वातावरणको सिर्जना गर्ने । यदि सहभागीहरूको बीचमा पनि त्यसको उत्तर नभएमा गलत उत्तर नदिने बरु आफूले अध्ययन गरेर भोलिपल्ट दिने ।

### छ) सहजकर्तामा हुनुपर्ने गुणहरु

- विषयवस्तुमा बृहत्तर ज्ञानका लागि अध्ययनशील हुने,
- सहभागीहरूको स्वभाव, रुचि बुझ्ने र समय दिन तयार रहने,
- कसैको तुलना र मूल्याङ्कन अरूसँग नगर्ने,
- सहभागीहरूले बुझ्दैनन् होइन, बुझाउन सकिएन कि भनेर बुझाउने उपाय खोज्ने,
- सहभागीहरूको विचारको विविधता र रोज्न पाउने अधिकारलाई सम्मान गर्ने,
- समावेशी वा आफैं पनि सधैं सम्लग्न हुन तयार रहने,
- सहजीकरणलाई वास्तविक र जीवन्त बनाउन प्रयासरत रहने,
- आवश्यकतानुसार स्वरमा विविधता ल्याउन सक्ने,
- शब्दसँग शारीरिक सञ्चालन वा हाउभाउ दुरुस्त गर्ने,
- कठिन विषयलाई पनि उदाहरणीय सहज तरिकाले प्रस्ट पार्ने,
- आवश्यक उदाहरण तथा तथ्यहरू प्रस्तुत गर्ने,
- परिस्थिति र परिवेशसँग समायोजन हुने,
- सिर्जना, कला, कौशल र नयाँ-नयाँ खोजमा तल्लीन रहने,
- पृष्टपोषणको सम्मान र कदर गर्ने,
- समय-समयमा सहभागीहरूसँग आँखा जुँधाउनु पर्दछ तर एक जना सहभागीलाई मात्र हेर्नु हुँदैन ।
- यदि संभव भएसम्म जुन भाषा बोल्ने सहभागीहरू हुनुहुन्छ सोही भाषाको प्रयोग गर्ने ।
- दृष्टान्तहरू दिंदा समुदायले भोगेको, स्थानीय विषयवस्तुलाई जोडेर पेश गर्ने जसले गर्दा सहभागीहरूले सो कुरालाई बुझ्न सहज हुन्छ ।

### ज) तालिम सामग्रीको प्रयोग:

- तालिम सञ्चालनको क्रममा आवश्यक सामग्रीहरूको प्रयोग पछि अर्को सत्र तथा त्यही सत्र अन्य ठाउँमा गरिने तालिम सञ्चालनको लागि पनि सोही सामग्रीहरूको आवश्यकता पर्दछ । त्यसैले एक पटक प्रयोग गरिसकेपछि सो तालिम सामग्रीलाई व्यवस्थित तथा सुरक्षित तरिकाले राख्नुहोस् ।
- निर्देशिकाका सत्रहरूमा उल्लेख गरिएका मेटाकार्ड, न्यूजप्रिन्ट, फ्लिप चार्ट, सेतो पाटी, मार्कर जस्ता सामग्रीहरू उपलब्ध नभएमा मेटाकार्डको सट्टामा सानो कागजको टुक्रा, न्यूजप्रिन्ट र फ्लिप चार्टको सट्टामा ठूलो कागजको टुक्रा, सेतोपाटीको सट्टामा कालो पाटी, मार्करको सट्टामा चकको समेत प्रयोग गर्न सकिनेछ । अर्थात् स्थानीय परिस्थिति अनुसारका तालिम सामग्रीहरू प्रयोग गर्न सकिने छ ।

### ठ) सकारात्मक सोँचलाई प्रयोग गर्ने:

- तालिम अवधिभरका सबै सत्रहरूको सञ्चालनको क्रममा तालिमको सहजकर्ताले सकारात्मक सोँचलाई उपयोग गर्नुपर्दछ । यसको लागि तालिमका सहभागीहरूले गरेका सानै किन नहुन राम्रा कुराहरूलाई उदाहरणको रूपमा प्रस्तुत गर्ने उनीहरूलाई उत्प्रेरणा दिने, राम्रो काम गर्नको लागि उत्साहित गर्ने काम गर्नुपर्दछ ।
- यदि तालिमको क्रममा कुनै सहभागीले कुनै कुरा गल्ती बोलेमा वा असान्दर्भिक प्रसङ्गका कुरा उठाएमा वा प्रस्तुतिको लागि लेखेका कुनैपनि कुराहरूमा गल्ती लेखेको भएमा पनि त्यसलाई नकारात्मक रूपमा प्रस्तुत गर्नुहुँदैन ।
- यदि अन्य सहभागीहरूले त्यस्तो कुरालाई नकारात्मक रूपमा उठान गरेमा त्यसलाई तत्कालै सहजकर्ताले सकारात्मक किसिमले व्यवस्थापन गर्ने र यस्ता नकारात्मक कुराहरूलाई पूनः उठान नगर्ने वातावरण निर्माण गर्नुपर्छ ।
- तर तालिमका सहभागीहरू बीचमा आवश्यक पृष्ठपोषण दिनको लागि चाहि यसले बाधा गर्दैन ।
- सकारात्मक दृष्टिकोण राखेर एकआपसमा पृष्ठपोषण लेनदेन गर्ने वातावरण बनाउनु सहजकर्ताको जिम्मेवारी र दायित्व रहन्छ ।

# परिच्छेद दुई

## पहिलो सत्र

### २.१ बाल अधिकार र बालबालिकामा लगानी किन

**उद्देश्य:** यस सत्रमा सहभागीहरू बाल अधिकार र बालबालिकामा लगानी गर्नु किन आवश्यक छ ? भन्ने विषयमा जानकार हुनेछन् ।
**अपेक्षित उपलब्धि:** यस सत्रको अन्त्यसम्ममा सहभागीहरूले बाल अधिकार र यसका सिद्धान्त, चार प्रकारका अधिकार र यसको वर्तमान अवस्थाका बारेमा जानकारी पाउने छन् । यस सत्रबाट बालबालिकामा गरिएको लगानीको प्रतिफल प्राप्त गरिने क्षेत्रमा गरिएको लगानी हो भन्ने कुरामा स्पष्ट हुनेछन् ।
**आवश्यक सामग्री:** चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा कार्ड, कम्प्युटर, प्रोजेक्टर
**समय:** ६० मिनेट

**क्रियाकलाप**

- सहभागीहरूलाई हाजिरीजवाफ प्रतियोगिता गर्न गइरहेका छौँ जसका लागि हामी समूह विभाजन गर्न गइरहेका छौँ भनी चार वटा समूहमा विभाजन गर्नुपर्छ ।
- यसरी समूह विभाजन गर्दा प्रत्येक फरक-फरक लिङ्ग, भूगोल र क्षेत्रका सहभागीहरूलाई समूहमा रहने गरी व्यवस्था गर्नुपर्छ ।
- सहि उत्तर दिने समूहलाई १० अङ्क र अर्को समूहबाट पास भएर आएको उत्तर सहि भएमा ५ अङ्क पाइने भनी नियम बताउनुहोस । प्रत्येक समूहलाई उत्तर दिनका लागि ३० सेकेन्डको समय हुने र पास भएर आएको प्रश्नको उत्तर दिनका लागि २० सेकेन्डको समय हुने बताउनुहोस् ।
- प्रत्येक प्रश्नको उत्तरसँगै सम्बन्धित विषयवस्तुहरू पनि छलफल गर्दै जानुहोस् ।
- हातेपत्रमा भए जस्तै सबै विषयवस्तुहरूको छलफल सकिएपछि प्रस्तुतीकरण र छलफलमा जानुहोस् र सत्रको समापन गर्नुहोस् ।

### सन्दर्भ सामग्री १

**प्रश्नहरू:**

१. कति वर्ष उमेर नपुगेका व्यक्तिलाई बालबालिका भनिन्छ ?
क) १६ वर्ष ख) १४ वर्ष ग) १८ वर्ष घ) २० वर्ष

२. बालबालिकाको अधिकार उल्लेख गरिएको सन्धिलाई के भनिन्छ ?
क) बाल महासन्धि ख) बालबालिका सम्बन्धी ऐन ग) बाल अधिकार सम्बन्धी महासन्धि
घ) कुनै पनि होइन

३. बाल अधिकार सम्बन्धी महासन्धि कहिले पारित भएको थियो ?
क) १९९० सेप्टम्बर १४ ख) १९८९ नोभेम्बर १४ ग) १९८९ सेप्टेम्बर २०
घ) १९८९ नोभेम्बर २०

४. नेपालले बाल अधिकारसम्बन्धी महासन्धि कहिले अनुमोदन गरिएको थियो ?
क) १४ सेप्टेम्बर १९९० ख) १५ सेप्टेम्बर १९९० ग) १४ सेप्टेम्बर १९९१
घ) माथिका कुनै पनि होइन

५. बालबालिकामा गरिने लगानीले समाजमा कस्तो प्रभाव पर्ला ?
क) बालबालिकाको व्यक्तित्व विकास ख) बालबालिकाप्रतिको घृणा
ग) बाल अधिकारको सुनिश्चितता घ) बालबालिकालाई हेरिने दृष्टिकोणको नकारात्मक असर

६. बालबालिकामा गरिने लगानीको तर्कहरू के-के हुन् ?
क) आर्थिक, सामाजिक तथा सांस्कृतिक र राजनीतिक तर्क ख) बाल अधिकारको तर्क
ग) बालबालिकाको शिक्षा प्राप्त गर्न पाउने अधिकारको तर्क घ) माथिका सबै ।

७. बाल अधिकारसम्बन्धी महासन्धिका ४ वटा पक्षहरू के-के हुन् ?
क) बाल बचाउ ख) बाल संरक्षण ग) बाल विकास घ) बाल सहभागिता ङ) माथिका सबै

८. बाल अधिकारसम्बन्धी महासन्धिका सिद्धान्तहरू कति वटा छन् ?
क) ६ ख) ५ ग) ४ घ) ३

९. बालबालिकाको हक अधिकार स्थापित गर्न बनेको ऐन कुन हो ?
क) बालबालिका सम्बन्धी ऐन, २०७५ ख) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४
ग) बालबालिका सम्बन्धी नियमावली, २०७८ घ) स्थानीय सरकार सञ्चालन ऐन, वि.स.२०७४,

१०. बालबालिकाले संघ-संस्था खोल्न पाउने अधिकार बाल अधिकारसम्बन्धी महासन्धिको कुन धाराले सुनिश्चित गरेको छ ?
क) धारा २ ख) धारा १५ ग) धारा ४१ घ) धारा २२

११. बाल अधिकारसम्बन्धी महासन्धिमा हस्ताक्षर नगर्ने एक मात्र देश कुन हो ?
क) अमेरिका ख) सोमालिया ग) चिन घ) भारत

१२. बालबालिका सम्बन्धी ऐन, २०७५ मा व्यवस्था भए अनुसार तलका मध्ये कुन संरचना स्थानीय तहमा हुन्छ ।
क) बाल कल्याण समिति ख) बाल अधिकार परिषद्
ग) बाल अधिकार समिति घ) बाल विकास समिति

१३. बालबालिका सम्बन्धी ऐन, २०७५ को अनुसार बालबालिका सम्बन्धी विषय हेर्ने जिम्मेवारी कसको हुने व्यवस्था छ ?
क) महिला विकास अधिकारी ख) बाल कल्याण अधिकारी
ग) शिक्षा अधिकृत घ) सामाजिक विकास अधिकृत

१४) बालबालिकाको सर्वोत्तम हित भन्नाले के बुझ्नु हुन्छ ?
क) बालबालिकाका निम्ति भएका विकल्पहरू मध्ये उच्चतम विकल्पको छनोट गर्नु,
ख) बालबालिकाको वेवास्ता गर्नु ग) बालबालिकालाई बालगृहमा राख्नु
घ) बालबालिकालाई विभिन्न बहानामा परिवारबाट छुटाउनु ।

१५) स्थानीय तहमा भएका बाल संरक्षण प्रणाली कुन-कुन हुन् ?
क) स्थानीय बाल अधिकार समिति ख) बाल कल्याण अधिकारी
ग) बाल कोष घ) बाल संरक्षण तथा संवर्धन कार्यविधि
ङ) बाल संरक्षण मापदण्ड च) माथिका सबै

१६) बाल अधिकारको विषय कहिलेदेखि सुरु भएको हो ?
क) पहिलो विश्वयुद्ध पछि ख) दोस्रो विश्वयुद्ध पछि
घ) सित युद्ध पछि घ) माथिका सबै

**सन्दर्भ सामग्री**

### २.१.१ बालबालिका को हुन् ?

- बालबालिका भनेको १८ वर्ष उमेर पूरा नभएका व्यक्तिहरू हुन् ।
- जसलाई आमाबाबु वा वयस्कहरूले उनीहरूका आफ्ना चाहनाअनुसार यस संसारमा आमन्त्रण गरेर बोलाइएका हुन् ।
- जसलाई बाल्यकालमा वा अहिले नै विशेष किसिमको संरक्षण र स्याहार आवश्यक पर्दछ ताकि उनीहरू भोलि एक सक्षम वयस्क भएर आफ्ना व्यक्तिगत, पारिवारिक र सामाजिक उत्तरदायित्वहरू वहन गर्न सक्षम व्यक्ति बन्न सकुन् ।
- जो समाजमा भएको शक्ति सम्बन्ध वा शक्ति संरचनामा सबभन्दा पुछारमा रहेका हुन्छन् ।
- जसले वयस्कहरूका खासगरी आमाबाबुका आकांक्षाहरू (विशेष गरी पूरा नभएका वा दमित आकांक्षाहरू)लाई काँध थापिदिनेछन् भनेर विश्वास गरिन्छ ।

बालबालिकाप्रतिको हेराइ र बुझाइमा विविधता पाइन्छ । बालबालिका हुर्कने वातावरण, परिपक्वता, उनीहरूले पाएको सेवा सुविधा तथा हेरचाह, शिक्षाको स्तर, समाजको अवस्था, बालबालिकालाई समाजले हेर्ने दृष्टिकोण, सामाजिक चलन र मानिसहरूको बुझाइ, सामाजिकीकरणको प्रक्रिया आदि कारणले पनि बालबालिकालाई हेर्ने दृष्टिकोणमा फरक पार्दछ । बालबालिकाप्रति गरिने व्यवहार र उसको हुर्कने प्रक्रियामा उसको परिवार, समाज, सामाजिक मूल्य मान्यता आदिले फरक पार्दछ । बालबालिकाले पाएको अवसर, वयस्कहरूले उनीहरूलाई हेर्ने दृष्टिकोण, राज्यले प्रदान गर्ने सेवा सुविधा आदिले बाल्यकाल निर्भर हुने भएकाले बाल्यकालमा विविधता भेटिन्छ । तसर्थ हाम्रो समाजमा बालबालिका फरक-फरक परिवेशमा हुर्कने भएकाले उनीहरूको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक रूपमा विकासमा फरकपना रहेको छ । हाम्रा विद्यमान कानून, नीति र नेपालले हस्ताक्षर गरेका राष्ट्रिय अन्तर्राष्ट्रिय कानून तथा प्रतिबद्धताका आधारमा हेर्ने हो भने उमेरका आधारमा बालबालिकालाई यसरी परिभाषित गरेको पाइन्छ ।

नेपालको बालबालिका सम्बन्धी ऐन, २०७५ ले बालबालिका भन्नाले १८ वर्ष उमेर पूरा नगरेका व्यक्तिलाई सम्झनुपर्छ भनेर परिभाषित गरेको छ भने सन् १९८९ नोभेम्बर २० मा संयुक्त राष्ट्र संघबाट जारी बाल अधिकारसम्बन्धी महासन्धिलाई नेपालले सन् १९९० सेप्टेम्बर १४ मा हस्ताक्षर गरेको थियो । उक्त महासन्धिले 'कानूनले वयस्कताको उमेर कम तोकेको अवस्थामा बाहेक बालबालिका भनेका १८ वर्षभन्दा कम उमेरका सबै मानिस बालबालिका हुन्' भनी परिभाषित गरेको छ । बालबालिका सम्बन्धी विभिन्न बुझाइ र कानूनी प्रावधान भए पनि हामीले बालबालिकाका बारेको साझा बुझाइ राख्नुपर्दछ । अन्तर्राष्ट्रिय मान्यता पाएको बाल अधिकार महासन्धि र राष्ट्रिय बालबालिका नीति, २०८० र बालबालिका सम्बन्धी ऐन, २०७५ लाई आधार मान्दै हामीले शारीरिक, मानसिक र संवेगात्मक रूपमा विकास हुने १८ वर्षभन्दा कम उमेरका मानिसहरू नै बालबालिका हुन् भनेर बुझ्नुपर्छ । अर्थात समग्रमा भन्नुपर्दा बालबालिका भन्नाले गर्भावस्थादेखि १८ (जन्मेपछि ६ हजार ५ सय ७० दिन) वर्षमुनिकालाई सम्झनुपर्छ । उनीहरूलाई विशेष संरक्षणको आवश्यकता हुन्छ । यस्तो अवस्थामा उनीहरूको उचित हेरचाह पुऱ्याउनु वयस्कहरूको दायित्व रहन्छ ।

## १.१.१ बाल अधिकार र कर्तव्य

बालबालिकालाई आमाको गर्भमा आएदेखि नै भेदभाव रहित ढङ्गबाट, सुरक्षित रूपमा विकास हुन पाउने र सुरक्षित रूपमा आमाको दूध, पोषणयुक्त खाना, खोप, स्याहार लगायत शिक्षा, स्वास्थ्य खेल, मनोरञ्जन, आराम, बाँच्नका लागि हौसला सहित आधारभूत आवश्यकताहरू प्राप्त गर्न पाउनु पर्छ । यसैगरी भेदभाव, तिरस्कार, श्रम शोषण, हेला, दुर्व्यवहार, यौन शोषण, बलात्कार, शारीरिक तथा मानसिक हिंसा, अपहेलना, बेचबिखन, अपहरण, कूलत, विभेद, वेवास्ता, बालविवाह लगायतका कुराहरूबाट संरक्षित भई बाच्न पाउनु उनीहरूको अधिकार हो । सबै बालबालिकाले एकै प्रकारको वातावरणमा हुर्किन त पाएका हुदैनन् तर परिवार तथा समाजबाट आ-आफ्नो क्षमता र अवस्था अनुसार प्राप्त स्रोत साधनको उपयोग गरेर हुर्काउनु र बालबालिकाको आधारभूत आवश्यकतालाई पूरा गर्नु नै बाल अधिकार हो ।

संयुक्त राष्ट्रसंघीय बाल अधिकारसम्बन्धी महासन्धिका ५४ वटा धाराहरू मध्ये चारवटा धारामा बाल अधिकारका चार मुख्य सिद्धान्त उल्लेख गरिएको छ । त्यसैका आधारमा बालबालिकाले आफ्नो अधिकारको उपभोग गर्न पाए/नपाएको विषयमा निर्क्यौल गर्न सकिन्छ ।

**बाल अधिकारका सिद्धान्तहरु यस प्रकार रहेका छन् :-**

- विना भेदभाव (धारा २)
- बाँच्न र विकास गर्न पाउने अधिकार (धारा ३)
- सर्वोत्तम हित (धारा ६)
- विचार र भावनाको कदर (धारा १२)

**बाँच्न पाउने अधिकार :**

- दीर्घ जीवन जन्मसिद्ध अधिकार
- सुरक्षित जन्म
- खोप तथा स्वास्थ्य स्याहार
- पोषणयुक्त खाना
- सफा पानी
- सरसफाइ तथा स्वच्छता
- गर्भवती महिलालाई विशेष स्याहार, आदि ।

**संरक्षणको अधिकार :**

- बालविवाह, भेदभाव, दुर्व्यवहार, विभेद, उत्पिडन्, हेला, अपमान, कुटपिट, यातना, यौन तथा श्रम शोषण, हानिकारक प्रथा, हानिकारक काम, युद्ध, बेचबिखन, ओसारपसार, कुलत लागुपदार्थ, एसिड आक्रमण, बलात्कार आदिबाट संरक्षण,
- अभिभावक विहीन बालबालिकाको संरक्षण
- अपाङ्गता भएकाहरूलाई विशेष स्याहार
- कानूनी संरक्षण, आदि ।

**आमाको गर्भबाट यस संसारमा जन्मेपछि बालबालिकाको पहिचान सहितको हक (जन्मदर्ता)पहिलो र नैंसर्गिक अधिकार हो ।**

**विकासको अधिकार**

- स्वच्छ वातावरणमा असल शिक्षा
- खेल र मनोरञ्जन
- आराम
- शारीरिक, मानसिक, नैतिक र सामाजिक विकासका अवसरहरू
- मायाममता, उचित मार्गदर्शन र
- राम्रो पारिवारिक वातावरण सहभागिताको अधिकार
- सामाजिक क्रियाकलापमा भाग लिन पाउनुपर्ने,
- जीवनका हरेक पक्षमा स्वतन्त्रतापूर्वक सहभागी हुन पाउनुपर्ने,
- रचनात्मक कार्यहरूमा सहभागिता,
- जीवनका बारेमा सोच्ने, निर्णय लिने र केही गर्ने अधिकार,
- संघ-संस्था खोल्न तथा सहभागी हुन पाउने अधिकार,
- आस्था अनुसारको धर्ममा संलग्नता,
- बालबालिकाको विचार र भावनाको कदर गरिनुपर्ने ।

**अधिकारका कुरा गरिरहँदा बालबालिका तथा वयस्क सबैले ध्यान दिनु पर्ने पक्ष भनेको अधिकार सँगसँगै कर्तव्य पनि जोडिएको हुन्छ ।**

| अधिकार | कर्तव्य |
|---|---|
| • पढ्न पाउनु प्रत्येक बालबालिकाको अधिकार हो ।<br>• कुनै कार्यक्रममा जान पाउनु, त्यहाँ आफ्नो विचार व्यक्त गर्न पाउनु बालबालिकाको अधिकार हो ।<br>• हरेक बालबालिका भेदभाव रहीत वातावरणमा हुर्कन पाउनु उनीहरूको अधिकार हो ।<br>• बालबालिकाले पर्याप्त समय खेलकुद तथा मनोरञ्जन गर्न पाउनु , आदि । | • राम्ररी मेहनत गरेर पढ्नु, कापि कलम र किताब जतन गरेर राख्नु, नियमित विद्यालय जानु बालबालिकाको कर्तव्य हो ।<br>• कसैलाई गाली नगर्नु, सही सूचना दिनु, सक्रिय सहभागी हुनु र अरू साथीहरूको विचार सुनी विचारको कदर गर्नु बालबालिकाको कर्तव्य हो ।<br>• आफूले पनि अरूलाई भेदभाव नगर्नु, वयस्कलाई सम्मान गर्नु, सर-सल्लाह लिनु बालबालिकाको कर्तव्य हो ।<br>• फुर्सद भएको समयमा परिवारका सदस्यलाई आफूले सक्ने काममा सघाउ पुऱ्याउनु , आदि । |

**बालबालिका सम्बन्धी ऐन, २०७५**

बाल अधिकार सम्बन्धी महासन्धिको मूलभूत सिद्धान्तहरू र प्रावधानहरू अनुकूल बालबालिकाका १३ वटा मूलभूत अधिकारहरू (दफा ३ देखि १५ सम्म)

**बालबालिकाको अधिकार**

३. बााच्न पाउने अधिकार अन्तर्गत नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले बालबालिकाको बाँच्न पाउने अधिकार र बालबालिकाको विकासको लागि बालबालिकामाथि हुन सक्ने दुर्घटनाको रोकथाम, जोखिमको न्यूनीकरण लगायतका प्रतिरोधात्मक र सुरक्षा सेवाका लागि आवश्यक उपाय अवलम्बन गर्नुपर्ने व्यवस्था छ ।

४. नाम, राष्ट्रियता र पहिचानको अधिकारले प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुने कुरा उल्लेख गरेको छ ।

५. भेदभाव विरुद्धको अधिकारले कुनै पनि बालबालिकालाई धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा, संस्कृति, वैचारिक आस्था, शारीरिक वा मानसिक अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, पारिवारिक हैसियत, पेशा, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र वा अन्य यस्तै कुनै आधारमा भेदभाव गर्न नहुने कुरा उल्लेख गरिएको छ ।

६. बाबु आमासँग बस्ने र भेटघाट गर्ने अधिकार अन्तर्गत कुनै पनि बालबालिकालाई उनीहरूको इच्छा विपरीत बुवा वा आमाबाट भिन्न वा अलग गर्न नपाइने व्यवस्था छ ।

७. संरक्षणको अधिकारले प्रत्येक बालबालिकालाई आफ्नो बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकबाट उचित हेरचाह, संरक्षण, पालनपोषण र माया प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ ।

८. सहभागिताको अधिकारले आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकारको व्यवस्था छ ।

९. अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकारले प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम स्वतन्त्र रूपमा आफ्नो कुरा राख्न पाउने अधिकारको प्रत्याभूत गरेको छ ।

१०. संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकारले प्रत्येक बालबालिकालाई बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनको लागि बालक्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकारको व्यवस्था गरेको छ ।

११. गोपनीयताको अधिकारमा व्यवस्था भए अनुसार बालबालिकालाई आफ्नो शरीर, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्र सम्बन्धी विषयमा गोपनीयताको अधिकार हुने कुरा उल्लेख छ ।

१२. अपाङ्गता भएका बालबालिकाको विशेष अधिकारले अपाङ्गता भएका बालबालिकालाई विशेष संरक्षणको व्यवस्था गर्नुपर्ने कुरा उल्लेख छ ।

१३. पोषण तथा स्वास्थ्यको अधिकारले प्रत्येक बालबालिकालाई उचित पोषण, खोप, निःशुल्क आधारभूत स्वास्थ्य उपचार, सफा खानेपानी तथा दुई वर्षसम्मका बालबालिकालाई स्तनपानको समेत अधिकार सुनिश्चित गरेको छ ।

१४. खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक अधिकारमा प्रत्येक बालबालिकालाई आफ्नो उमेर र रूची अनुसारको खेल खेल्ने र खेलकुदमा सहभागी हुन पाउने अधिकारको व्यवस्था गरेको छ ।

१५. शिक्षाको अधिकारमा प्रारम्भिक बाल विकासको अधिकारको साथै प्रत्येक बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रूपमा बालमैत्री वातावरणमा पाउने अधिकारको व्यवस्था छ ।


यसबाहेक बालबालिका सम्बन्धी ऐनको दफा १६ मा बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक संघसंस्था तथा निकायले बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्ने, दफा १७ मा परिवार वा संरक्षकको दायित्व, दफा १८ मा राज्यको दायित्व, दफा १९ मा सञ्चार क्षेत्रको बालबालिकाप्रतिको दायित्व, परिच्छेद ४ मा बालन्याय, परिच्छेद ५ मा बालबालिकाको विशेष संरक्षण र पुनःस्थापना, दफा ४८ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको समूह, दफा ४९ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको वैकल्पिक हेरचाह लगायतको व्यवस्था गरेको छ । साथै ऐनको दफा ६१ ले प्रत्येक स्थानीय तहमा एक बाल कल्याण अधिकारीको व्यवस्था गरेको छ । स्थानीय तहमा बाल अधिकारको पृष्ठपोषण गर्न स्थानीय तहमा बाल अधिकार समिति हुनुपर्ने समेत उल्लेख छ ।


### २.१.३ बालबालिकामा लगानी किन


नेपालले सन् १९९० मा अनुमोदन गरेको बाल अधिकारसम्बन्धी महासन्धिले बालबालिका तथा किशोरकिशोरीका आधारभूत आवश्यकताहरूलाई आर्थिक र सामाजिक मौलिक अधिकारको रूपमा अनुमोदन गरेको छ र राज्य तथा सरकारले यी अधिकारहरूलाई “स्रोत र साधन उपलब्ध भएसम्म” (धारा ४) सुनिश्चित गर्नुपर्ने भनि स्थापित गरेको छ ।

बालबालिकामा लगानी गर्नु भनेको मानव पूँजीमा लगानी गर्नु हो । गर्भाधानदेखि दुई वर्षसम्मको समयावधि, अर्थात् बालबालिकाको सुरुका १००० दिनहरूमा दिइने उचित हेरचाह र पोषणले उनीहरूको हुर्कने, सिक्ने र गरिबी कुचक्रबाट उम्किन सक्ने क्षमतामा ठुलो प्रभाव पार्दछ । परिवार, समुदाय र देशकै गरिबीको चक्र भङ्ग गर्न यसले सहयोग गर्नुका साथै समाजको दीर्घकालीन स्वास्थ्य, शिक्षा तथा संरक्षणमा स्थिरता र समृद्धिमा पनि प्रभाव पार्दछ ।

छोटो समयमै घटेको बाल मृत्युदर र बढेको औषत आयुको फलस्वरूप विगतका केही दशकहरूमा नेपालले तीव्र जनसांख्यिक परिवर्तनको अनुभव गरिरहेको छ । देश अबको क्रमशः ११ वर्ष र ३७ वर्षमा अर्थात् सन् २०२८ मा “ढल्दो उमेरको समाज” र सन् २०५४ सम्ममा “वृद्ध” समाज बन्ने अनुमान गरिएको छ । नेपालसँग हाल एक सीमित समयावधि भएको “जनसांख्यिक अवसर” छ जब देशको कामकाजी जनसंख्या अझै युवा र उत्पादनशील छ । तसर्थ नेपालले अत्याधिक जनसांख्यिक लाभ सुनिश्चित गर्नका लागि आजका बालबालिका वयस्क हुने समयमा उनीहरूले वृद्धहरूको सेवा गर्दै समाजको पनि विकास गर्न सक्षम बनाउन त्यस समयसम्ममा उनीहरूको उत्पादकत्व बढाउनका लागि वर्तमान समयमा नै लगानी गर्न जरुरी छ ।




बालिकालाई ६ वर्ष वा त्यसभन्दा बढि शिक्षा दिनाले उनीहरूको गर्भावस्थाको स्याहार, प्रसुति अवस्थाको स्याहार र जन्म पश्चात् शिशु जीवित रहने दरमा उल्लेखनीय र दिगो सुधार ल्याउँछ । आमाहरूलाई शिक्षा दिनाले पाँच वर्ष मुनिका बालबालिकाको मृत्युदर उल्लेखनीय रूपमा घट्न जान्छ । शिक्षित बालिकाहरूको मनोबल उच्च रहन्छ भने एचआईभीको संक्रमण, हिंसा तथा शोषणबाट जोगिने सम्भावना उच्च रहन्छ र आफ्ना परिवार र समुदायमा सुस्वास्थ्य र सरसफाइको चेतना फैलाउने सम्भावना पनि उच्च रहन्छ । यसका अतिरिक्त एक शिक्षित आमाले आफ्ना छोराछोरीलाई पनि विद्यालय पठाउने सम्भावना बढि हुन्छ ।

### २.१.५ केही तर्कहरु

**क) अधिकारको तर्क :**

२०७२ सालमा जारी भएको नेपालको संविधानले पहिलो पटक बाल अधिकारलाई मौलिक हक अन्तर्गत राखेको छ । नेपालले बाल अधिकारसम्बन्धी महासन्धि (१९८९) लाई सन् १९९० मा अनुमोदन गरी बालबालिकाको आधारभूत अधिकार सुनिश्चित गर्ने प्रतिबद्धता गरिसकेको छ ।

बालबालिका सम्बन्धी ऐन, २०७५ ले बाल अधिकारका आधारभूत सिद्धान्तहरू सर्वोत्तम हित, विना भेदभाव, आवाजको सुनुवाई, विचार र भावनाको कदरमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास र सहभागिताका विषयवस्तुहरूलाई समेट्दै बाल न्याय, हिंसा र दुर्व्यवहारबाट संरक्षण, बाल समूह बालक्लब खोल्न सक्ने, असहाय, अपाङ्गता, अल्पसंख्यक, सीमान्तकृत र पीडित बालबालिकाको विभिन्न अधिकारहरूको सुनिश्चित गरेको छ । राष्ट्रिय योजना आयोगले तयार गरेको सोह्रौं योजनाले पनि बाल अधिकार सुनिश्चित भएको बालमैत्री समाजको परिकल्पना गरेको छ । यस योजना अवधिमा सबै प्रकारको बालश्रमको अन्त्यका लागि सबै उद्योग, कलकारखाना, व्यवसायका क्षेत्रमा स्वीकृति तथा नवीकरणका समयमा बालश्रम मूक्त कार्यस्थल सुनिश्चित गर्न पूर्वपरीक्षण अनिवार्य लागू गर्ने बालगृहको संस्थागत आवासीय संरक्षणलाई निरुत्साहित गर्दै अन्तिम विकल्पको रूपमा मात्र संरक्षण गर्ने व्यवस्थाको कार्यान्वयन गर्ने, बालबालिका तथा किशोरकिशोरीलाई हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउदै उनीहरूको हक, अधिकार संरक्षण तथा सम्वर्द्धन गरी राष्ट्र निर्माणमा योगदान पुर्‍याउन सक्ने नागरिक तयार गर्ने लक्ष्य लिएको छ । जसका लागि पोषणयुक्त खानामा सुधार, प्रजनन् स्वास्थ्य र शिक्षा, मानसिक स्वास्थ्य र शिक्षा, खेलकुद, सबै प्रकारका हिंसा विरुद्ध सून्य सहनशीलता अप्नाउने, बालविवाह र बाल श्रम न्यूनीकरण गर्ने, सामाजिक जीवनमा बाल सहभागिता बढाउने जस्ता विषयवस्तु समेटिएका छन् । साथै बालमैत्री भौतिक, सामाजिक र संस्थागत संरचना निर्माण गर्ने नीति लिएको छ ।

**केही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यवस्थाहरू:**

**अन्तर्राष्ट्रिय दस्तावेजहरू:**

१. मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा-पत्र, १९४८
२. बाल अधिकार सम्बन्धी महासन्धि, १९८९
३. दीगोविकास लक्ष्य, सन् २०१६-२०३०
४. जेनेभा महासन्धिहरू
५. दक्षिण एसियामा बालकल्याण प्रर्वद्धनका लागि क्षेत्रीय व्यवस्थासम्बन्धी सार्क महासन्धि, २००२
६. सुरक्षा परिषद्को १६१२ घोषणा
७. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा-पत्र, १९६६

**राष्ट्रिय कानूनी दस्तावेजहरू:**

१. नेपालको संविधान
२. मुलुकी अपराध (संहिता) ऐन, २०७४
३. मुलुकी देवानी (संहिता) ऐन, २०७४
४. बालबालिका सम्बन्धी ऐन, २०७५
५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
६. बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६
७. बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८
८. बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२
९. राष्ट्रिय बालबालिका नीति, २०८०
१०. बालबालिकासम्बन्धी नियमावली, २०७८

**(ख) सामाजिक तथा सांस्कृतिक र राजनीतिक तर्क:**

बालबालिका हाम्रो समाजका अभिन्न अङ्ग हुन् । समाजलाई समुचित विकास गरी समुन्नत समाज निर्माण गर्न बालबालिकामा पर्याप्त लगानी गर्नु जरुरत हुन्छ । आजका बालबालिका भोलिका आफ्नो क्षेत्रका नेतृत्व पनि हुन ।

**(ग) आर्थिक तर्क:**

बालबालिका भविष्यका मानवीय पूँजी हुन् । अहिले उनीहरूलाई गरिएको यथोचित र पर्याप्त लगानीले निकट भविष्यमा राज्य, समाज र परिवारले दक्ष जनशक्ति पाउछन् । जसबाट समग्र आर्थिक परिसूचकमा सकारात्मक सुधार आउँछ ।

**(घ) भौतिक तथा मनोसामाजिक तर्क:**

योजना बनाउने, मूल्याङ्कन गर्ने, समस्या समाधान गर्ने, निर्णय लिने र संवेगलाई नियन्त्रण गर्ने लगायतका सवालहरूको विकास हुने बेलामा बालबालिकामा विशेष लगानी आवश्यक छ । खेलकुद, अतिरिक्त क्रियाकलाप, अध्ययन र सङ्गीतमा सहभागी हुनाले बालबालिकाको मस्तिष्कमा सकारात्मक प्रभाव पार्दछ । यातना, वेवास्ता, लागुपदार्थ र मदिराको लतमा परेकाहरूको मस्तिष्कमा नकारात्मक प्रभाव परेको हुन्छ ।

## दोस्रो सत्र

### २.२ बालमैत्री स्थानीय शासनको अवधारणा र हालसम्मका प्रगति

**उद्देश्यः** यस सत्रको उद्देश्य सहभागीहरूलाई बालमैत्री स्थानीय शासनको अवधारणा र हालसम्मको प्रगतिका अवस्थाका विषयमा जानकरी गराइने रहेको छ ।

**अपेक्षित उपलब्धिः** यस सत्रको अन्त्यसम्ममा सहभागीहरूले बालमैत्री स्थानीय शासनको अवधारणा, हालसम्म कति स्थानीय तहले बालमैत्री अवलम्बन गरे र कतिले बालमैत्री घोषणा गरिसकेका छन् भन्ने विषयमा जानकारी पाउनेछन् ।

बालमैत्री स्थानीय शासनको आवश्यकता किन छ, यसको औचित्य के हो ? सङ्घीय प्रणालीमा कसरी बालमैत्री स्थानीय शासन अवलम्बन गर्न सकिन्छ भन्ने विषयमा सहभागीले जानकारी पाउनेछन् ।

**समयः** १ घण्टा

**पूर्वतयारीः** बालमैत्री स्थानीय शासनको अवधारणागत विकासको सूची

**आवश्यक सामग्रीः** प्रोजेक्टर, पावरप्वान्ट, चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा कार्ड

**विधिः** प्रवचन तथा अन्तरक्रिया

**क्रियाकलाप**

- सहभागीहरूलाई हामी बालमैत्री स्थानीय शासनका बारेमा छलफल गर्दछौ भनी जानकारी दिनुहोस् ।
- अब सहभागी मध्ये केहीलाई बालमैत्री भन्नाले के बुझ्नुहुन्छ र बालमैत्री स्थानीय शासन भित्र के-के कुराहरू पर्दछन् भनी मेटाकार्डमा लेख्नका लागि समय दिनुहोस् । तपाईंहरूले दिएको उत्तरलाई अंक पनि दिइने जानकारी दिनुहोस् । यसको लागि ५ मिनेटको समय उपलब्ध गराउनुहोस् ।
- समय सक्किएपछि आफूले लेखेको मेटाकार्ड सहजकर्तालाई दिनका लागि भन्नुहोस्, सहजकर्ताले सबैको मेटाकार्ड जम्मा गरेपछि सबैलाई एउटा/एउटा छान्नका लागि भन्नुहोस् । यसरी छान्न दिँदा आफैँले लेखेको परेमा अर्को छान्नका लागि भन्नुहोस् । अब आफूलाई परेको मेटाकार्ड अध्ययन गरी १० पूर्णाङ्कमा जाँच गरी अङ्क दिनका लागि अनुरोध गर्नुहोस् । सहभागीहरूले अङ्क दिईसकेपछि बालमैत्री शासनका सम्बन्धमा कस्ले सबैभन्दा बढी अङ्क दिनुभयो पढेर सुनाउन भन्नुहोस् ।
- यसरी क्रमशः केही सहभागीको कुरा सुनिसकेपछि सहजकर्ताले हातेपत्रमा भए जस्तै बालमैत्रीका बारेमा छलफल गर्नुहोस् । यसरी छलफल गर्दा सहजकर्ताले के बालमैत्री हो; के बालमैत्री होइन भनी उदाहरण सहित गर्नुपर्छ ।
- अब सहजकर्ताले स्थानीय शासनका विषयमा कसले सबैभन्दा धेरै अङ्क दिनुभयो पढेर सुनाउन अनुरोध गर्नुहोस् । केही सहभागीहरूको कुरा सुनिसकेपछि सहजकर्ताले हातेपत्रमा भए जस्तै स्थानीय शासन भनेको के हो ? भनी छलफल गराउनुहोस् ।
- सहभागीहरूलाई हामीले बालमैत्री र स्थानीय शासनका बारेमा पनि जानकारी पायौं अब यसको आधारमा बालमैत्री स्थानीय शासन भनेको के बुझ्नुभयो भनी प्रश्न गरी छलफल गर्नुहोस् ।
- सहभागीहरूको कुरा सुनिसकेपछि बालमैत्री स्थानीय शासनको बारेमा हाते पत्रमा भए जस्तै प्रस्तुतीकरण गर्नुहोस् ।
- सहजकर्ताले बालमैत्री स्थानीय शासनको विकासक्रम मेटाकार्डमा मूख्य-मूख्य घटनाका मितिहरू क्रमशः १/१ मिटरको दुरीमा राख्नुहोस् । पहिलेनै तयार गरिएको बालमैत्री स्थानीय शासनको विकासक्रमका बारेमा लेखिएको मेटाकार्ड सहभागीहरूलाई दिनुहोस् ।
- सहभागीहरूलाई बालमैत्री स्थानीय शासनको विकासक्रमका सन्दर्भमा मूख्य-मूख्य घटनाका मितिहरूसँग मिल्ने गरी बुँदागत रूपमा लेखिएका घटनाहरूको मेटाकार्ड दिनुहोस् ।
- अब सहभागीहरूलाई कुन घटना कहिले भएको हो ? सोही अनुसार उभिनका लागि अनुरोध गर्नुहोस् । यसका लागि ५ मिनेटको समय उपलब्ध गराउनुहोस ।
- अब सहजकर्ताले हातेपत्रमा भए जस्तै सुरुदेखि बालमैत्री स्थानीय शासनका क्षेत्रमा भएका प्रयासहरूका बारेमा छलफल गर्दै जानुपर्छ । यसरी छलफल गर्दा सहभागीहरूले राखेको क्रम नमिलेको पनि हुन्छ त्यसैले क्रमशः क्रमबद्ध रूपमा राखी छलफल गर्दै जानुपर्छ ।
- सहभागीहरूको कुरा सुनिसकेपछि सहजकर्ताले बालमैत्री स्थानीय शासनको सारभूत कुरा र लक्ष्य तथा उद्देश्य प्रस्तुतीकरण र छलफल गरी सत्रको अन्त्य गर्नुहोस् ।

**सन्दर्भ सामग्री १**


### २.२.१ बालमैत्री

बालबालिकालाई मित्रवत वा मैत्रीपूर्ण व्यवहार गर्नु नै बालमैत्री हो । अर्को अर्थमा भन्नु पर्दा बालमैत्री भन्नाले बालबालिकालाई मनपर्ने, उनीहरूलाई सहज हुने, सेवा सुविधा तथा संरचनाहरू निर्माण गर्दा उनीहरूको पहुँच पुग्ने, रमाइला र सुरक्षित लाग्ने तथा बाल अधिकार हनन् नहुने व्यवहार वा वातावरण भन्ने बुझिन्छ । जस्तैः- विद्यालयमा बालबालिका अनुकूल वातावरण हुनु, शिक्षकले बालबालिकालाई साथी झैं व्यवहार गर्नु, घरमा अभिभावकले बालबालिकालाई राम्रो व्यवहार गर्नु, आदि । यस्तै बालबालिकाको लिङ्ग, जाति, भाषा, धर्म आदिको आधारमा भेदभाव नगर्नु बालबालिका सम्बन्धी विषयमा बालबालिकाका विचारहरू सुन्नु र कदर गर्ने, वातावरणलाई बालमैत्री भनिन्छ ।

### २.२.२ शासन
शासनको परिभाषा यही नै हुन्छ भन्ने नभए तापनि यो सबैतिर हुन्छ । शासन असल वा खराब पनि हुनसक्छ । शासन असल भए सु-शासन अर्थात असल शासन हुन्छ भने खराब भएको शासन कु-शासन हो, जसलाई निरंकुश शासन पनि भनिन्छ । शासन हुनका लागि योजना, बजेट (रकम) नीति, नियम र कार्यक्रम विभिन्न पद प्रणाली र संरचना आवश्यक हुन्छ । शासन तपाईं हाम्रो घरमा पनि हुन्छ जहाँहजुरबुवा, हजुरआमा, आमाबुबा, दाई, दिदी, भाइ, आदि भन्ने पद हुन्छ, घर सञ्चालन गर्ने योजना हुन्छ भने काम र घर सञ्चालनका लागि पैसा पनि हुनुपर्दछ । यस्तै विद्यालय, विभिन्न समूह, संस्थाहरूमा पनि शासन हुन्छ । अर्को शब्दमा भन्नुपर्दा शासन भनेको कुनैपनि काम वा जिम्मेवारीलाई व्यवस्थित ढङ्गले सञ्चालन गर्नु हो । यसका लागि नियमहरू बनाउने, बनेका नियमहरू पालना भयो कि भएन हेर्ने अनुगमन गर्ने, कामगर्नको लागि योजना बनाउने तथा सम्बन्धित सबै व्यक्ति वा पक्षहरूको कुरा सुनेर कार्यसम्पादन गर्नु नै शासन हो । शासन हुनका लागि विशेषतः सङ्गठन, संरचना, पद, योजना, नीति नियम र बजेटहरू आवश्यक हुने गर्दछ । शासन राज्यका तिनै तहका संरचनामा मात्र हैन घरपरिवार, समुदाय, बालक्लबमा पनि हुन्छ ।

### २.२.३ बालमैत्री स्थानीय शासन
बालबालिका (अपाङ्गता भएका बालबालिका सहित) को आवाजको सुनुवाई हुने, बालबालिकाको पहुँचमा सबै संरचनामा हुने तथा बाल अधिकारको सुनिश्चितता भएको शासन व्यवस्थालाई बालमैत्री शासन भएको मानिन्छ । स्थानीय सरकारको माध्यमबाट हाम्रो गाउा टोल छिमेक सबै स्थानहरूमा बालबालिकालाई मैत्रीपूर्ण व्यवहार गर्ने, गाउँघरमा हुने कार्यक्रम छलफल योजना निर्माणमा बालबालिकाको अधिकारका क्षेत्रहरू- बाँच्न पाउने अधिकार, विकासको अधिकार, संरक्षणको अधिकार र सहभागिताको अधिकारलाई केन्द्रविन्दुमा राखेर सञ्चालन गरिने शासन पद्धति नै बालमैत्री स्थानीय शासन हो । त्यस्तै बालमैत्री स्थानीय शासन भन्नाले स्थानीय स्तरमा भएका भौतिक संरचना स्थानीय स्तरमा बन्ने योजना कार्यक्रम नीति र विनियोजन हुने बजेट सबैले बालबालिकालाई विशेष ध्यानमा राखी गरिने कार्य प्रक्रिया हो । यस अन्तर्गत बाल अधिकारको सुनिश्चितता स्थानीय तहको नेतृत्वमा हुने गर्दछ भने त्यस्तो अवस्थालाई बालमैत्री स्थानीय शासन भएको मान्न सकिन्छ ।

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ का अनुसार "बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिता जस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति, संरचना, प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्धति नै बालमैत्री स्थानीय शासन हो ।" यस पद्धतिले बालबालिकाको अर्थपूर्ण सहभागितामा उनीहरूकै निम्ति अनुकूल हुने गरी योजना तर्जुमा, बजेट विनियोजन, गाउँ तथा नगर सभाबाट यस्ता योजना तथा बजेट स्वीकृत, स्वीकृत योजनाको कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन गर्न सघाउँदछ ।




### २.२.४ बालमैत्री स्थानीय शासनको अवधारणा सम्बन्धी तथ्यगत अवस्था

- नेपालमा बालमैत्री स्थानीय शासनको अवलम्बन ६० को दशकदेखि सुरुवात
- बालमैत्री शासन सम्बन्धी नीतिगत व्यवस्था २०६८ सालमा
- बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ जारी गरिएको थियो ।
- स्थानीय निकायलाई बालबालिकामैत्री बनाउने, बालमैत्री विद्यालय, बालमैत्री गाउँ जस्ता अभियानहरू सञ्चालन,
- नेपालमा पहिलो कानूनी मान्यता प्राप्त बालक्लब २०४८ सालमा स्थापित जागृति बालक्लब नेपाल, जसले सर्वोच्च अदालतमा २०५५ मा रिट दायर गरी अदालतबाट फैसला भई मुद्दा दर्ता भई हालसम्म क्रियाशील रहेको छ ।
- नेपालमा पहिलो बालमैत्री निकायका रूपमा साविक नवलपरासी जिल्लाको प्रगतिनगर गाविस २०७० साल पौष ९ गते घोषणा

## बालमैत्री स्थानीय शासनसँग सम्बन्धित कानूनी व्यवस्थाहरु

- नेपालको संविधान,
- बाल अधिकार सम्बन्धी महासन्धि, १९८९,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- बालबालिका सम्बन्धी ऐन, २०७५, बालबालिका सम्बन्धी नियमावली, २०७८
- पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१), दिगो विकास लक्ष्य (२०१६-२०३०),
- राष्ट्रिय बालबालिका नीति २०८०
- साह्रौं योजना (२०८१/८२-२०८५/८६)
- सोह्रौं योजनाको उद्देश्य नै स्वास्थ्य, शिक्षा, रोजगारी, आवास तथा अन्य क्षेत्रमा सामाजिक न्याय स्थापित गर्नु रहेको छ ।
- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ मा बालमैत्री
- अपाङ्गता मैत्री पूर्वाधार, बाल श्रम, बालविवाह, दाइजो प्रथा, छाउपडी अन्त्य सम्बन्धीका व्यवस्था,
- गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप (२०६७),
- बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८, बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९,
- पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका, २०७८,
- बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७,
- राष्ट्रिय शिक्षा नीति, २०७६ ले बालमैत्री प्रारम्भिक बाल विकास, बालमैत्री विद्यालय, बालमैत्री शिक्षण सिकाइ, बालमैत्री संरचनाका विषयमा स्पष्ट व्यवस्थाहरू गरेका छन् ।

## बालमैत्री स्थानीय शासन घोषणा भएका स्थानीय तहहरु

- हालसम्म २४ वटा स्थानीय तह र
- विभिन्न स्थानीय तहका १०४० भन्दा बढी वडाहरू बालमैत्री घोषणा भैसकेका छन् ।
- घोषणा भएका स्थानीय तहहरूको अवस्थाको विषयमा अध्ययन गर्न जरुरी रहेको देखिन्छ ।

### नवलपरासीको प्रगतिनगर गाविस नेपालकै पहिलो बालमैत्री गाविस

(GMT+08:00) 2013-12-28 18:28:48

नवलपरासी जिल्लाको प्रगतिनगर गाउँ विकास समितिलाई बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधि-2068 ले निर्दिष्ट गरेका सूचक र मापदण्डहरू पूरा गरेको भन्दै नेपालकै पहिलो बालमैत्री गाविस घोषणा गरिएको छ।

सङ्घीय मामिला तथा स्थानीय विकासमन्त्री विद्याधर मल्लिक र युनिसेफ नेपालका प्रमुख हाना सिंगरको आतिथ्यतामा यही पुस 9 गते प्रगतिनगरलाई बालमैत्री गाविस घोषणा गरिएको हो। साथै, प्रगतिनगर गाविस पूर्ण खोपयुक्त र पूर्ण साक्षर गाविस समेत घोषणा गरिएको छ।

युनिसेफको सहयोगमा महिला तथा बालबालिकाको लागि विकेन्द्रित कार्यक्रम (डकाउ) मार्फत 2056सालमा यस गाविसमा गठन भएको महिला कल्याण बहुउद्देश्यीय सहकारीको विशेष पहलका कारण बालमैत्री गाविस घोषणा हुन सफलता मिलेको हो। सहकारीले खासगरी बालबालिकाको तौल लिने, शौचालय निर्माण गर्ने, सचेतना फैलाउने, आयोनुन परीक्षण गर्ने, विद्यालय भर्नाको अनुगमन गर्ने तथा बालमैत्री शुशासनका सूचकलाई प्रयोगमा ल्याउने काम गरेको थियो।


सहकारीले गाउँमा शैक्षिक र सरसफाइका कार्यहरूलाई तीव्ररूपमा अघि बढाउन सामुदायिक परिचालिकाहरू पनि खटाएको थियो। यसैको फलस्वरुप, प्रगतिनगर गाविसलाई 2064 वैशाख 28 गते सबै घरधुरीमा शौचालय निर्माण भएको घोषणा गरिनुका साथै नेपालमा पहिलो बालक्लब यहीं गठन भएको थियो।

साथै, नेपाल सरकार, युनिसेफ नेपाल तथा सरोकारवालाहरूको समन्वय र सहयोगले प्रगतिनगरमा 2067 जेठ 12 गते सबै बालबालिकाको जन्मदर्ता सम्पन्न भएको, सबै घरधुरीमा आयोनुन प्रयोग भएको, प्राथमिक तह उमेर समूहका बालबालिका सबै विद्यालय भर्ना भएको र सबैभन्दा कम कुपोषण प्रभाव भएको भनी समग्र पाँच विधाको घोषणा गर्न सफलता प्राप्त भएको थियो।

विस 2066मा गाउँ परिषद्बाट गाउँ विकास समितिलाई बालमैत्री बनाउने निर्णय गरिनुका साथै जिल्ला विकास समितिको आव 2066+67 मा सम्पन्न जिल्ला परिषद्बाट प्रगतिनगर गाविसलाई बालमैत्री बनाउने निर्णय भएपश्चात बालमैत्री स्थानीय शासन घोषणा प्रक्रियाले तिव्रता पाएको थियो।






### २.२.५ बालमैत्री स्थानीय शासनको विकासक्रम (मुख्य घटनाहरु)

| क्र.स. | मिति | घटना |
|---|---|---|
| १. | २०४७ | बाल अधिकार महासन्धि १९८९ को अनुमोदन |
| २. | ऐन २०४८ र नियमावली २०५१ | बालबालिका सम्बन्धी ऐन, २०४८ र यसको नियमावली २०५१ |
| ३. | २०५५ | स्थानीय स्वायत्त शासन ऐन, २०५५ |
| ४. | २०५७/५८-२०६७/६८ | सामाजिक परिचालन र बालमैत्री स्थानीय शासनको अवधारणाको विकास |
| ५. | ऐन २०५६ र नियमावली २०६२ | बालश्रम निषेध र नियमित गर्ने ऐन, २०५६ र यसको नियमावली, २०६२ |
| ६. | २०५७/५८ बाट | महिला र बालबालिकाका लागि विकेन्द्रीकृत कार्यक्रम (डकाउ) |
| ७. | २०६१ | बालबालिका सम्बन्धी दश वर्षे राष्ट्रिय कार्ययोजना, २०६१ |
| ८. | २०६३ | नेपालको अन्तरिम संविधान, २०६३ |
| ९. | २०६५/६६ | बालमैत्री स्थानीय शासन समिति गठन |
| १०. | २०६५/६६ | बालबालिका लक्षित बजेट |
| ११. | २०६६ | नमुनाका रूपमा ५ वटा जिल्लामा बालमैत्री अवधारणाको सुरुवात |
| १२. | २०६७ | बालमैत्रीको पहिलो तालीम |
| १३. | २०६७/६८ | योजना तर्जुमा प्रक्रियामा अर्थपूर्ण बाल सहभागिताको सुरुवात |
| १४. | तेहौं योजना | तेहौं योजनामा बालमैत्रीको विषय समावेश |
| १५. | २०७१/७२ | स्थानीय निकायको योजना तर्जुमा प्रक्रियामा बाल भेला संस्थागत भएको |
| १६. | २०६७ | गाउँ विकास समिति तथा जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, |
| १७. | २०६८ | बालमैत्री स्थानीय शासन राष्ट्रिय राणनीति, २०६८ र यसको कार्यान्वयन |
| १८. | २०६९ | स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ |
| २०. | २०६९ | बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ |
| २१. | २०७० | बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७० |
| २२. | सन २०१५ | सहश्राब्दी विकास लक्ष्य सन्, २००० र दिगो विकास लक्ष्य सन्, २०१५ |
| २३. | गा.वि.स. २०७० र नगरपालिका, २०७२ | बालमैत्री गा.वि.स. घोषणा (२०७० सालमा तत्कालीन नवलपरासीको प्रगतीनगर गा.वि.स.) र सुनवल नगरपालिका बालमैत्री नगर घोषणा, २०७२ |
| २४. | २०७२ | नेपालको संविधान |
| २५. | २०७४ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ |
| २६. | २०७५ | बालबालिका सम्बन्धी ऐन, २०७५ , बालबालिका सम्बन्धी नियमावली , २०७८ |
| २७. | २०७८ | बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ |
| २८. | २०७९ | बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ |
| २९. | २०८१ | बलमैत्री स्थानीय शासनका सूचकहरुको स्थानीयकरण र दिगोपना |

## २.२.६ हालसम्म बाल मैत्री घोषणा भएका स्थानीय तहहरु

नेपाल सरकारको सङ्घीय संरचना सुरु भएदेखि २०८१ भाद्र मसान्तसम्म बालमैत्री स्थानीय शासन घोषणा भएका स्थानीय तहहरू

साविक नवलपरासी जिल्लाको साविक प्रगतिनगर गाउँ विकास समिति (हाल देवचुली नगरपालिका) २०७० पौष ९ गते पहिलो बालमैत्री गाविस घोषणा भएको हो ।

**राज्य सङ्घीय संरचना पछि बाल मैत्री स्थानीय शासन घोषणा भएका स्थानीय तहहरु**

| क्र.सं. | प्रदेश | जिल्ला | स्थानीय तह | घोषणाको मिति |
|---|---|---|---|---|
| १ | लुम्बिनी | नवलपरासी | सुनवल नगरपालिका | २०७५ भाद्र ०३ |
| २ | गण्डकी | नवलपरासी (ब.सु.पु.) | देवचुली नगरपालिका | २०७५ भाद्र २९ |
| ३ | मधेश | सप्तरी | कञ्चनरुपा नगरपालिका | २०७६ भाद्र २० |
| ४ | बागमती | दोलखा | भिमेश्वर नगरपालिका | २०७६ भाद्र २९ |
| ५ | बागमती | मकवानपुर | मनोहरी गाउँपालिका | २०७६ पुस २८ |
| ६ | कोशी | झापा | भद्रपुर नगरपालिका | २०७७ पुस ७ |
| ७ | बागमती | मकवानपुर | बकैया गाउँपालिका | २०७७ माघ २९ |
| ८ | बागमती | काभ्रेपलाञ्चोक | धुलिखेल नगरपालिका | २०७७ फाल्गुन ०५ |
| ९ | गण्डकी | स्याङ्जा | भीरकोट नगरपालिका | २०७७ फाल्गुन २२ |
| १० | लुम्बिनी | पाल्पा | बगनासकाली गाउँपालिका | २०७७ चैत्र १४ |
| ११ | बागमती | काभ्रेपलाञ्चोक | पनौती नगरपालिका | २०७८ असार ३० |
| १२ | लुम्बिनी | कपिलवस्तु | वाणगङ्गा नगरपालिका | २०७८ साउन १५ |
| १३ | लुम्बिनी | रुपन्देही | तिलोत्तमा नगरपालिका | २०७८ मंसिर २९ |
| १४ | कोशी | सुनसरी | रामधुनी नगरपालिका | २०७८ पुस ८ |
| १५ | लुम्बिनी | पाल्पा | रम्भा गाउँपालिका | २०७८ पुस १९ |
| १६ | बागमती | भक्तपुर | चाँगुनारायण नगरपालिका | २०७८ फागनु २८ |
| १७ | लुम्बिनी | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | रामग्राम नगरपालिका | २०७८ चैत्र १२ |
| १८ | बागमती | दोलखा | कालिन्चोक गाउँपालिका | २०७८ चैत्र १२ |
| १९ | बागमती | मकवानपुर | मकवानपुरगढी गाउँपालिका | ०७८ चैत्र १२ |
| २० | बागमती | चितवन | रत्ननगर नगरपालिका | २०७८ चैत्र २२ |
| २१ | लुम्बिनी | दाङ | घोराही उपमहानगरपालिका | २०७८ चैत्र २३ |
| २२ | कोशी | इलाम | सुर्योदय नगरपालकि | २०८० माघ २९ |
| २३ | गण्डकी | बाग्लुङ्ग | गलकोट नगरपालिका | २०८० जेष्ठ १३ |
| २४ | कोशी | झापा | कमल गाउँपालिका | २०८० माघ २० |

**स्रोत: बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च ।**

**बालमैत्री घोषणा भएका स्थानीय तहका वडाहरुको विवरण**

| क्र.सं. | प्रदेश | जिल्ला | स्थानीय तह | वडा | घोषणाको मिति |
|---|---|---|---|---|---|
| १ | बागमती | मकवानपुर | ईन्द्रसरोवर गाउँपालिका | ०४ | जेठ २९, २०७५ |
| २ | बागमती | मकवानपुर | ईन्द्रसरोवर गाउँपालिका | ०५ | जेठ २९, २०७५ |
| ३ | बागमती | चितवन | भरतपुर महानगरपालिका | १४ | असार २५, २०७६ |
| ४ | बाग्मती | सिन्धुली | तिनपाटन गाउँपालिका | १० | चैत्र २०, २०७८, |
| ५ | बागमती | सिन्धुपाल्चोक | चौतारा सागाचोकगढी नगरपालिका | १३ | भाद्र २९, २०७९ |
| ६ | बागमति | चितवन | भरतपुर महानगरपालिका | १३ | असार २०, २०८० |
| ७ | बागमति | चितवन | भरतपुर महानगरपालिका | २३ | असार २०, २०८० |
| ८ | बागमती | काठमाडौं | कीर्तिपुर नगरपालिका | ७ | भाद्र ७, २०८० |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | बागमती | सिन्धुली | फिक्कल गाँउपालिका | ५ | जेठ ३०, २०८१ |
| १० | बागमती | सिन्धुली | तीनपाटन गाँउपालिका | ११ | जेठ ३१, २०८१ |
| ११ | बागमती | सिन्धुली | तीनपाटन गाँउपालिका | १ | असार १५, २०८१ |
| १२ | बागमती | मकवानपुर | हेटौँडा उपमहानगरपालिका | ८ | असार ३०, २०८१ |
| १३ | बागमती | मकवानपुर | हेटौँडा उपमहानगरपालिका | २ | साउन १२, २०८१ |
| १४ | बागमती | मकवानपुर | हेटौँडा उपमहानगरपालिका | ७ | भाद्र १, २०८१ |
| १५ | बागमती | मकवानपुर | हेटौँडा उपमहानगरपालिका | १७ | भाद्र ७, २०८१ |
| १६ | बागमती | मकवानपुर | हेटौँडा उपमहानगरपालिका | १० | भाद्र ८, २०८१ |
| १७ | बागमती | सिन्धुली | कमलामाई नगरपालिका | ६ | भाद्र २९, २०८१ |
| १८ | बागमती | सिन्धुपाल्चोक | चौतारा सागाचोकगढी नगरपालिका | ७ | भाद्र २९, २०८१ |
| १९ | बागमती | मकवानपुर | हेटौँडा उपमहानगरपालिका | ५ | भाद्र २९, २०८१ |
| २० | बागमती | मकवानपुर | हेटौँडा उपमहानगरपालिका | ९ | असोज ११, २०८१ |
| २१ | बागमती | मकवानपुर | हेटौँडा उपमहानगरपालिका | ११ | असोज १९, २०८१ |
| २२ | बागमती | मकवानपुर | हेटौँडा उपमहानगरपालिका | १९ | मंसिर १५, २०८१ |
| २३ | लुम्बिनी | कपिलवस्तु | शिवराज नगरपालिका | ०९ | असोज ०३, २०७५ |
| २४ | लुम्बिनी | रुपन्देही | शुद्धोधान गाउँपालिका | ०२ | असोज १६, २०७५ |
| २५ | लुम्बिनी | प्युठान | स्वर्गद्धारी नगरपालिका | ०५ | असार ३१, २०७६ |
| २६ | लुम्बिनी | कपिलवस्तु | कपिलवस्तु नगरपालिका | ०९ | कार्तिक ०८, २०७६ |
| २७ | लुम्बिनी | कपिलवस्तु | कपिलवस्तु नगरपालिका | १० | कार्तिक ०८, २०७६ |
| २८ | लुम्बिनी | कपिलवस्तु | शिवराज नगरपालिका | १ | कार्तिक २८, २०७६ |
| २९ | लुम्बिनी | बर्दिया | बाँसगढी नगरपालिका | ६ | फाल्गुन ६, २०७८ |
| ३० | लुम्बिनी | बाँके | नेपालगन्ज उपमहानगरपालिका | १२ | चैत्र २५, २०७८ |
| ३१ | मधेश | पर्सा | वीरगञ्ज महानगरपालिका | ३१ | फागुन, २०७४ |
| ३२ | मधेश | पर्सा | पर्सागढी नगरपालिका | ०२ | भाद्र २९, २०७५ |
| ३३ | मधेस | सप्तरी | सुरुंगा नगरपालिका | ३ | भाद्र २९, २०८० |
| ३४ | कोशी | सुनसरी | धरान उप-महानगरपालिका | १० | वैशाख १, २०८१ |
| ३५ | काशी | सुनसरी | धरान उप-महानगरपालिका | ०२ | असार १०, २०८१ |
| ३६ | कोशी | सुनसरी | धरान उप-महानगरपालिका | ०३ | असार १०, २०८१ |
| ३७ | कोशी | सुनसरी | धरान उप-महानगरपालिका | १३ | असार २६, २०७५ |
| ३८ | कोशी | सुनसरी | धरान उप-महानगरपालिका | १४ | असार ३०, २०७५ |
| ३९ | कोशी | सुनसरी | धरान उप-महानगरपालिका | २० | भाद्र २९, २०७५ |
| ४० | कोशी | उदयपुर | त्रियुगा नगरपालिका | १५ | असोज १७, २०७५ |
| ४१ | कोशी | सुनसरी | धरान उप-महानगरपालिका | १२ | जेठ १०, २०७६ |
| ४२ | कोशी | सुनसरी | धरान उप-महानगरपालिका | १८ | असार २२, २०७६ |
| ४३ | कोशी | सुनसरी | रामधुनी गाउँपालिका | ०५ | असार ३०, २०७६ |
| ४४ | कोशी | मोरङ | ग्रामथाम गाउँपालिका | १ | पौष २७, २०७६ |
| ४५ | कोशी | झापा | कमल गाउँपालिका | ४ | फाल्गुन २३, २०७८ |
| ४६ | कोशी | उदयपुर | रौतामाई गाउँपालिका | ०२ | चैत्र १८, २०७८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४७ | कोशी | उदयपुर | रौतामाई गाउँपालिका | ४ | ३ असोज २०७९ |
| ४८ | कोशी | उदयपुर | उदयपुरगढी नगरपालिका | १ | असार ५, २०८० |
| ४९ | कोशी | झापा | कनकाई नगरपालिका | ०५ | असार ३०, २०८० |
| ५० | कोशी | झापा | कनकाई नगरपालिका | ०६ | असार ३०, २०८० |
| ५१ | कोशी | झापा | कनकाई नगरपालिका | ०८ | असार ३०, २०८० |
| ५२ | कोशी | उदयपुर | ताप्ली नगरपालिका | ५ | जेठ २५, २०८१ |
| ५३ | कोशी | उदयपुर | रौतामाई गाउँपालिका | ८ | असार १४, २०८१ |
| ५४ | कोशी | भोजपुर | अरुण गाउपालिका | ३ | असार १७, २०८१ |
| ५५ | कोशी | झापा | कनकाई नगरपालिका | ०१ | असार ३०, २०८१ |
| ५६ | कोशी | झापा | कनकाई नगरपालिका | ०२ | असार ३०, २०८१ |
| ५७ | कोशी | झापा | कनकाई नगरपालिका | ०३ | असार ३०, २०८१ |
| ५८ | कोशी | झापा | कनकाई नगरपालिका | ०४ | असार ३०, २०८१ |
| ५९ | कोशी | झापा | कनकाई नगरपालिका | ०७ | असार ३०, २०८१ |
| ६० | कोशी | मोरङ | उर्लावारी नगरपालिका | ०१ | असार ३०, २०८१ |
| ६१ | कोशी | मोरङ | उर्लावारी नगरपालिका | ०६ | असार ३०, २०८१ |
| ६२ | कोशी | झापा | कनकाई नगरपालिका | ०९ | असार ३०, २०८१ |
| ६३ | कोशी | ईलाम | चुलाचुली गाँउपालिका | ३ | भाद्र ५, २०८१ |
| ६४ | कोशी | ईलाम | चुलाचुली गाँउपालिका | ५ | भाद्र ५, २०८१ |
| ६५ | कोशी | ईलाम | सन्दुकपुर गाँउपालिका | ३ | भाद्र २९, २०८१ |
| ६६ | कर्णाली | हुम्ला | सुर्केघाट गाउँपालिका | १ | फागुन, २०७४ |
| ६७ | कर्णाली | कालिकोट | तिलागुफा नगरपालिका | ०२ | मङसिर १८, २०७४ |
| ६८ | कर्णाली | कालिकोट | तिलागुफा नगरपालिका | ०४ | मङसिर १८, २०७५ |
| ६९ | कर्णाली | दैलेख | आठ बिसा नगरपालिका | ०४ | पौष ०८, २०७४ |
| ७० | कर्णाली | हुम्ला | सिमीकोट गाउँपालिका | ०४ | चैत्र १८, २०७३ |
| ७१ | कर्णाली | कालिकोट | तिलागुफा नगरपालिका | ०१ | कार्तिक १८, २०७५ |
| ७२ | कर्णाली | कालिकोट | तिलागुफा नगरपालिका | ०३ | कार्तिक १८, २०७५ |
| ७३ | कर्णाली | दैलेख | गुँरास नगरपालिका | ०६ | पौष १२, २०७५ |
| ७४ | कर्णाली | जाजरकोट | छेडागाड नगरपालिका | ११ | फाल्गुन २९, २०७८ |
| ७५ | कर्णाली | जाजरकोट | छेडागाड नगरपालिका | ४ | जेठ १२, २०८० |
| ७६ | कर्णाली | जाजरकोट | कुशे गाउँपालिका | ५ | जेठ २९, २०८० |
| ७७ | कर्णाली | जुम्ला | तिलागुफा नगरपालिका | ९ | मंसिर ४, २०८० |
| ७८ | कर्णाली | जुम्ला | तिलागुफा नगरपालिका | १० | मंसिर ४, २०८० |
| ७९ | कर्णाली | जुम्ला | तिलागुफा नगरपालिका | ११ | मंसिर ४, २०८० |
| ८० | कर्णाली | जुम्ला | तिलागुफा गाँउपालिका | ६ | जेठ ३२, २०८१ |
| ८१ | कर्णाली | जुम्ला | पातारासी गाँउपालिका | ५ | भाद्र १४, २०८१ |
| ८२ | कर्णाली | जाजरकोट | भेरी नगरपालिका | ८ | भाद्र १९, २०८१ |
| ८३ | गण्डकी | पर्वत | मोदी गाउँपालिका | ०८ | माघ १५, २०७४ |
| ८४ | गण्डकी | पर्वत | पैंयुटार गाउँपालिका | ०७ | असार ०९, २०७६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८५ | गण्डकी | लमजुङ | क्व्होलोसोथार गाउँपालिका | ०१ | भाद्र २९, २०७६ |
| ८६ | गण्डकी | नवलपरासी | गैंडाकोट नगरपालिका | ११ | पौष ११, २०७६ |
| ८७ | गण्डकी | लमजुङ | बेशिसहर नगरकपालिका | १ | भाद्र ३०, २०७८ |
| ८८ | गण्डकी | लमजुङ | बेशिसहर नगरपालिका | ६ | पुस १८, २०७८ |
| ८९ | गण्डकी | लमजुङ | बेसीशहर नगरपालिका | २ | भाद्र २६, २०८० |
| ९० | गण्डकी | लमजुङ | बेसीशहर नगरपालिका | ४ | जेठ २५, २०८१ |
| ९१ | गण्डकी | लमजुङ | बेसीशहर नगरपालिका | ११ | भाद्र २९, २०८१ |
| ९२ | गण्डकी | पर्वत | मोदी गाँउपालिका | १ | भाद्र २९, २०८१ |
| ९३ | गण्डकी | बाग्लुङ | बाग्लुङ नगरपालिका | १३ | मंसिर १५, २०८१ |
| ९४ | गण्डकी | पर्वत | मोदी गाँउपालिका | ०३ | भाद्र २९, २०८० |
| ९५ | गण्डकी | नवलपरासी ( बर्दाघाट सुस्ता पूर्व ) | गैंडाकोट नगरपालिका | ०१ | चैत्र ९, २०७९ |
| ९६ | गण्डकी | लमजुङ | बेसीशहर नगरपालिका | १० | भाद्र २९, २०८० |
| ९७ | गण्डकी | गोरखा | अजिरकोट गाउँपालिका | ०३ | जेष्ठ २०, २०८१ |
| ९८ | गण्डकी | बाग्लुङ | बाग्लुङ नगरपालिका | ४ | मंसिर १५, २०८१ |
| ९९ | सुदूरपश्चिम | अछाम | चौरपाटि गाउँपालिका | ०६ | पौष २९,२०७५ |
| १०० | सुदूरपश्चिम | अछाम | मेल्लेख गा.पा | ३ | चैत्र १२, २०७८ |
| १०१ | सुदूरपश्चिम | अछाम | मेल्लेख गा.पा | ७ | भाद्र २९, २०८१ |

**स्रोतः बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च, २०८१ मंसिर २ गतेसम्मको अध्यावधिक ।**

## सत्रको निष्कर्ष

१) बालमैत्री स्थानीय शासन नेपाल सरकारको अवधारणा हो ।
२) शासकीय पद्धतिमा बाल अधिकार प्रवर्द्धन गरी आधारभूत बाल अधिकारको अवस्थालाई सुधार गर्नु यसको उद्देश्य हो ।
३) यसको प्रभावकारी कार्यान्वयनका लागि बहु-मन्त्रालय, सरोकारवालाको भूमिका आवश्यक छ ।

## सत्र तीन

### २.३ बालमैत्री स्थानीय शासनको परिभाषा, उद्देश्य, रणनीति, सिद्धान्त, स्थानीय तहको छनौट, अवलम्बन, चरणहरु र घोषणा

**उद्देश्यः** यस सत्रको उद्देश्य सहभागीहरूलाई बालमैत्री स्थानीय शासनको उद्देश्य, सिद्धान्त, स्थानीय तह छनौट, अवलम्बन र घोषणाका बारेमा जानकारी दिनु हुनेछ ।

**अपेक्षित उपलब्धिः** यस सत्रको अन्त्यसम्ममा सहभागीहरूले बालमैत्री स्थानीय शासनको उद्देश्य, सिद्धान्त, प्रक्रिया के हो ? यसले कस्तो रणनीति तय गरेको छ ? यो कसरी लागू हुन्छ ? स्थानीय तह कसरी छनौट गर्ने, बालमैत्री स्थानीय शासन कसरी अवलम्बन गर्ने र घोषणा कसरी हुन सक्छ भन्ने विषयमा जानकारी पाउनेछन् ।

**समयः** १ घण्टा ३० मिनेट

**पूर्वतयारीः** बालमैत्री स्थानीय शासनको उद्देश्य, चरण, प्रक्रिया, सिद्धान्त, रणनीतिहरू लगायतका विषय उल्लेख गरिएको कार्यपत्र ।

**आवश्यक सामग्रीः** प्रोजेक्टर, कम्प्युटर, चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा कार्ड

**विधिः** प्रस्तुतीकरण तथा छलफल

### क्रियाकलाप

- सहभागीहरूलाई यस सत्रमा हामी बालमैत्री स्थानीय शासनका उद्देश्य, सिद्धान्त, रणनीति, चरणहरू, स्थानीय तहको छनौट, अवलम्बन र घोषणा बारेमा छलफल गर्दैछौं भनी छलफलको सुरुवात गर्नुहोस् ।
- सहभागीलाई तीनतीन जनाको समूह बनाउनुहोस् । प्रत्येक समूहलाई बालमैत्री स्थानीय शासनका सिद्धान्तहरू लेखिएको मेटाकार्ड दिनुहोस् ।
- प्रत्येक सिद्धान्तले के भन्न खोजेको होला समूहमा छलफल गरी प्रस्तुत गर्नका लागि भन्नुहोस् । यसका लागि ५ मिनेटको समय रहेको जानकारी दिनुहोस् ।
- पालैपालो प्रत्येक समूहको प्रस्तुतीकरणका लागि अनुरोध गर्नुहोस् । प्रत्येक समूहको प्रस्तुतीकरणपछि अन्य सहभागीहरूलाई त्यसमा आफ्नो भनाइ वा जिज्ञासा भए राख्नका लागि अनुरोध गर्नुहोस् ।
- अब सहभागीहरूलाई बालमैत्री स्थानीय शासनले तय गरेका रणनीतिहरूका बारेमा छलफल गर्दैछौं भन्ने जानकारी दिनुहोस् ।
- प्रत्येक रणनीतिहरूका बारेमा चार्ट पेपर वा प्रोजेक्टर प्रस्तुतीकरण र छलफल गर्नुहोस् ।
- सहभागीहरूलाई नजिकको दुई/दुई जनाको समूह बन्नका लागि भन्नुहोस् ।
- अब सहभागीहरूलाई मेटाकार्डमा बालमैत्री स्थानीय तह छनौटका आधारहरू, बालमैत्री स्थानीय शासन अवलम्बन र घोषणाका आधारहरू लेखिएको मेटाकार्ड दिनुहोस् ।
- सहभागीहरूलाई तपाईंलाई प्राप्त मेटाकार्डमा लेखिएअनुसारको कुरा कहाँ, कसरी र कसले गर्नुपर्ने हुन्छ भनी छलफल गर्नका लागि भन्नुहोस् ।
- सहभागीहरूको प्रस्तुतीकरण सकिएपछि सहजकर्ताले सत्रको संक्षेपीकरण गर्दै सत्र अन्त्य गर्नुपर्छ ।

### सन्दर्भ सामग्री १

#### २.३.१ बालमैत्री स्थानीय शासनका उद्देश्यहरु

- स्थानीय तहको आवधिक तथा वार्षिक योजनामा बाल अधिकारका सवालहरूलाई प्राथमिकता दिनु,
- बालबालिकाको समुचित विकासको लागि आवश्यक पर्ने सबै सेवा, सुविधाहरूमा हरेक बालबालिकाको पहुँच सुनिश्चित गराउनु,
- स्थानीय तहमा बालबालिकासँग सम्बन्धित नीति, योजना र कानून तर्जुमा गर्दा बालबालिकाको सहभागिता गराउनु,
- स्थानीय तहमा निर्माण हुने सबै भौतिक पूर्वाधारहरू बालमैत्री बनाउनु,
- बालबालिकाको हितविरुद्ध हुने सबै प्रकारका हिंसाहरूको उन्मूलन गर्नु ।

#### २.३.२ बालमैत्री स्थानीय शासनका निर्देशक सिद्धान्तहरु

(१) गैरविभेदीकरण
(२) बालबालिकाको सर्वोत्तम हित
(३) बालबालिकाको सर्वाङ्गीण विकास
(४) बालबालिकाको विचारको सम्मान र सहभागिता
(५) सन्निकटताको सिद्धान्त
(बालबालिकाको हितको लागि प्रवाह हुने वस्तु तथा सेवामा स्थानीय तह, स्थानीयस्तरका विषयगत निकाय/शाखा तथा गैरसरकारी संघ-संस्थाहरू, नागरिक समाज, सामुदायिक संस्था जस्ता बालबालिकाको नजिकमा रहेर सन्निकटताको सिद्धान्तमा आधारित भई सेवा प्रवाह गर्नु ।)
(६) समावेशीकरणको सिद्धान्त
(७) समुदायमा आधारित विकासको सिद्धान्त

### २.३.३ बालमैत्री स्थानीय शासनका रणनीतिहरू

(१) मूलप्रवाहीकरण
(२) नीतिगत वकालत पैरवी र सचेतना
(३) संस्थागत विकास
(४) क्षमता विकास
(५) सहकार्य र साझेदारी प्रवर्द्धन
(६) सामुदायिक परिचालन
(७) सामाजिक जवाफदेही र पारदर्शिता
(८) सामाजिक समावेशीकरण
(९) सूचना, शिक्षा र सञ्चारको माध्यमबाट व्यवहार परिवर्तन
(१०) अनुगमन, मूल्याङ्कन तथा सार्वजनिक जवाफदेहिता

### २.३.४ बालमैत्री वडा (स्थानीय तह) अवलम्बनका लागि छनौटका आधारहरू

१) राजनीतिक इच्छाशक्ति र प्रतिबद्धता जनाएको
२) गाउँ/नगरपालिका र वडा, संघसस्था, नागरिक समाजको चाहना, प्रतिबद्धता साथै कार्यान्वयनमा सक्रिय सहभागिता,
३) बाल अधिकारको संरक्षण र संवर्द्धनका लागि बालक्लब साथै तिनको सञ्जाल क्रियाशील भएको,
४) बाल अधिकारको क्षेत्रमा आन्तरिक तथा अनुदान रकमबाट पूँजीगत बजेटको निश्चित प्रतिशत रकम विनियोजन र प्रभावकारी कार्यान्वयन गर्ने दृढ प्रतिबद्धता जनाएको,
५) गरिबी सूचकाङ्क र विपन्न नक्साङ्कनमा पछि परेको गाउँ/नगरपालिका र वडा तथा भौगोलिक रूपमा विकट भएको,
६) दलित, आदिवासी जनजाति, मधेशी तथा विपन्न वर्गका जनताको बाहुल्यता भएको,
७) बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति कार्यान्वयन गर्न आवश्यक मानवीय संशाधनको उपलब्धता ।

### २.३.५ बालमैत्री स्थानीय शासनसँग सम्बद्ध समितिहरू

**बालमैत्री स्थानीय शासन गाँउ/नगर समिति:**

| | | |
|---|---|---|
| (१) | अध्यक्ष/प्रमुख, गाँउ/नगरपालिका | -अध्यक्ष |
| (२) | उपाध्यक्ष/उप प्रमुख, गाँउ/नगरपालिका | -उपाध्यक्ष |
| (३) | प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (४) | वडा अध्यक्ष (सबै) | -सदस्य |
| (५) | गाँउ/नगर कार्यपालिका (सबै) | -सदस्य |
| (६) | महाशाखा/शाखा प्रमुखहरू (स्वास्थ्य, शिक्षा, महिला तथा बालबालिका, खानेपानी तथा सरसफाइ, गैर सरकारी संस्था समन्वय) | -सदस्य |
| (७) | महिला/बालबालिकाको क्षेत्रमा कामगर्ने स्थानीय गैर सरकारीमध्येबाट अध्यक्ष वा प्रमुखले मनोनयन गरेको एक महिला सहित २ जना | -सदस्य |
| (८) | स्थानीय विद्यालय र स्वास्थ्य व्यवस्थापन समितिहरू मध्येबाट अध्यक्ष वा प्रमुखले मनोनयन गरेको प्रतिनिधि (१/१ जना) | -सदस्य |
| (९) | गाँउ/नगरपालिकामा कार्यरत महिला शिक्षिका वा महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट अध्यक्ष वा प्रमुखले मनोनयन गरेको प्रतिनिधि (१ जना) | -सदस्य |
| (१०) | गाँउ/नगरपालिकास्तरीय बाल सञ्जालका प्रतिनिधि २ जना (कम्तिमा १ जना बालिका समेत) | -सदस्य |
| (११) | महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्ने स्थानीय सामुदायिक संस्था वा समूह मध्येबाट अध्यक्ष वा प्रमुखले मनोनयन गरेको प्रतिनिधि (१ जना) | -सदस्य |
| (१०) | गाँउ/नगरपालिका क्षेत्रमा रहेका प्रहरी कार्यालय प्रमुख (१ जना) | -सदस्य |
| (११) | सामाजिक विकास शाखा/महाशाखा प्रमुख | -सदस्य-सचिव |

### २.३.६ बालमैत्री स्थानीय शासन कार्यान्वयन सहजीकरण समिति:

बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ ले बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन सहजीकरणका उद्देश्यका कार्यक्रम कार्यान्वयन सहजीकरण समितिको व्यवस्था गरेको छ । स्थानीय तहको वार्षिक योजनामा समावेश तथा बालमैत्री स्थानीय शासनलाई प्रवर्द्धन गर्ने विकास साझेदार, गैरसरकारी संस्था तथा निजी क्षेत्रबाट सञ्चालन हुने कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्न प्रत्येक गाँउपालिका तथा नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत संयोजक रहेको कार्यक्रम कार्यान्वयन सहजीकरण समिति रहन्छ । समितिमा देहायका सदस्य रहने व्यवस्था कार्यविधिले गरेको छ :

| | | |
|---|---|---|
| (क) | प्रमुख प्रशासकीय अधिकृत, | संयोजक |
| (ख) | सामाजिक विकास शाखा प्रमुख, | सदस्य |
| (ग) | स्वास्थ्य शाखा प्रमुख, | सदस्य |
| (घ) | शिक्षा शाखा प्रमुख, | सदस्य |
| (ङ) | योजना तथा अनुगमन शाखा प्रमुख, | सदस्य |
| (च) | कानून तथा फैसला कार्यान्वयन शाखा प्रमुख, | सदस्य |
| (छ) | खानेपानी, सरसफाइ एवम् विपद् व्यवस्थापन सम्बन्धी शाखा प्रमुख, | सदस्य |

| | | |
|---|---|---|
| (ज) | साझेदार गैर सरकारी संस्थाको प्रतिनिधि, | -सदस्य |
| (झ) | स्थानीय बालक्लब सञ्जालबाट दुईजना (बालक १ र बालिका १) प्रतिनिधि | -सदस्य |
| (ञ) | बाल कल्याण अधिकारी, | -सदस्य |
| (ट) | बालक्लबका पूर्व सदस्य (संयोजकले तोकेको एक जना प्रतिनिधि) | -सदस्य |
| (ठ) | बालक्लब सञ्जालको संयोजक, | -सदस्य |
| (ड) | स्थानीय विद्यालयका प्रधानाध्यापक मध्ये संयोजकले तोकेको एक जना, | -सदस्य |
| (ढ) | महिला, बालबालिका शाखा प्रमुख वा बालमैत्री सम्पर्क शाखाको प्रमुख, | -सदस्य-सचिव |

**समितिले स्थानीय तहमा वार्षिक रुपमा सञ्चालन हुने कार्यक्रमको सन्दर्भमाः**

- वार्षिक स्वीकृत कार्यक्रमको कार्ययोजना बनाई कार्यान्वयन गर्ने,
- साझेदार संस्थाबाट हुने लगानीलाई सूचक प्राप्तिको लागि एकीकृत योजना बनाई कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने,
- बालमैत्री स्थानीय शासनको लागि स्रोत तथा लगानीको क्षेत्र खोजी गरी स्थानीय तहमा सिफारिस गर्ने,
- कार्यक्रम कार्यान्वयनमा सरोकारवालाको सार्थक सहभागिताको सुनिश्चित गर्ने,
- सूचक प्राप्तिको अवस्था विश्लेषण गर्ने तथा प्राप्तिको लागि मार्गदर्शन गर्ने,
- कार्यक्रमको कार्यान्वयनको कार्ययोजना बनाई अनुगमन गर्ने,
- बालमैत्री स्थानीय शासन अवलम्बनदेखि घोषणासम्मको अवधिको प्रगति समीक्षा तथा प्रतिवेदन तयारीमा सहजीकरण गर्ने ।

**बालमैत्री स्थानीय शासन वडा समिति :**

वडास्तरमा बालमैत्री स्थानीय शासन सञ्चालन गर्नका लागि देहाय बमोजिमको बालमैत्री स्थानीय शासन वडा समिति रहनेछ :

| | |
|---|---|
| (१) वडा अध्यक्ष | -अध्यक्ष |
| (२) वडा समिति सदस्य (सबै) | -सदस्य |
| (३) स्थानीय स्वास्थ्य संस्थाका प्रमुख (१ जना) | -सदस्य |
| (४) महिला र बालबालिकाको क्षेत्रमा कार्यरत स्थानीय गैरसरकारी संघसंस्था वा सामुदायिक संस्था वा टोल विकास संस्था मध्येबाट वडा अध्यक्षले मनोनयन गरेको प्रतिनिधि (२ जना) | -सदस्य |
| (५) वडामा रहेका विद्यालय वा स्वास्थ्य व्यवस्थापन समिति मध्येबाट वडा अध्यक्षले मनोनयन गरेको प्रतिनिधि (३ जना) | -सदस्य |
| (६) वडामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविका | -सदस्य |
| (७) वडास्तरीय बाल संजालका प्रतिनिधि २ जना (कम्तिमा १ जना बालिका) | -सदस्य |
| (८) वडा सचिव | -सदस्य–सचिव |

**बालमैत्री स्थानीय शासन समुदायस्तरीय समितिः**

| | |
|---|---|
| (१) वडा समितिले तोकेको वडा सदस्य | -अध्यक्ष |
| (२) गाँउ/नगरपालिका वडा समितिमा सूचीकृत टोल विकास संस्था/सामुदायिक संस्था/आमा समूहका अध्यक्षहरू | -सदस्य |
| (३) स्थानीय विद्यालय र स्वास्थ्य संस्थाका प्रतिनिधिहरू | -सदस्य |
| (४) समुदायमा रहेका बाल समूहका अध्यक्षहरू | -सदस्य |

### २.३.७ बालमैत्री स्थानीय शासनका चरणहरुः

**क) पूर्वतयारी चरण**

- कार्यपालिकाबाट आफ्नो गाँउ/नगरपालिकालाई बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने निर्णय गर्ने,
- बालमैत्री स्थानीय शासनको अवधारणा सम्बन्धी गाँउ/नगर समितिका पदाधिकारी र अन्य सरोकारवालालाई अभिमूखीकरण,
- कार्यपालिका र बालमैत्री स्थानीय शासन गाँउ/नगर स्तरीय समितिबाट लिखित प्रतिबद्धता गर्ने,
- बालमैत्री स्थानीय शासनको अवधारण र विद्यमान अवस्था सम्बन्धी कार्यान्वयन निर्देशिकाको सूचकमा आधारित भई गाँउ/नगरपालिकाको वस्तुगत विवरण (प्रोफाइल) तयार गरी प्रकाशन गर्ने,
- बालमैत्री स्थानीय शासनको सूचकको स्थानीयकरण गर्ने ।
- बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न आवश्यक नीति/रणनीति/कार्यविधि र आचारसंहिता तर्जुमा गर्ने ।

**ख) तयारी चरण**

- गाँउ/नगरपालिकामा बालमैत्री स्थानीय शासन महाशाखा/शाखा/इकाईको संस्थागत प्रबन्ध (बालमैत्री स्थानीय शासन सम्पर्क शाखा र सम्पर्क व्यक्ति तोक्ने, जिम्मेवारी प्रदान गर्ने) गर्ने,
- बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने वडा छनोट,
- बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायबाट बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि स्रोत सहितको प्रतिबद्धता प्राप्त गर्ने,
- बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि लगानी योजना तयार पार्ने,

- बालकोष सञ्चालन कार्यविधि स्वीकृति, बालकोष स्थापना र सञ्चालन गर्ने,
- बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने वडामा आवश्यकता अनुसार बालक्लब, बालक्लब सञ्जाल, टोल विकास संस्था/समुदायमा आधारित संस्थाको स्थापना गठन र परिचान गर्ने ।

**ग) नीति योजना तर्जुमा र कार्यान्वयनको चरण**

- लगानी योजनामा आधारित भई बालमैत्री स्थानीय शासनका सूचकहरू प्राप्तगर्न क्षेत्रगत क्रियाकलापहरू गर्ने,
- छनौट भएका क्षेत्रगत क्रियाकलापहरूका लागि आवश्यक बजेटको विनियोजन गर्ने,
- साझेदार र सरोकारवालाहरूको सञ्जाल निर्माण, समन्वय र सहकार्य गर्ने,
- स्वीकृत वार्षिक क्रियाकलापहरूको कार्ययोजना बनाई कार्यान्वयन गर्ने,
- बालमैत्री स्थानीय शासनको सूचक अनुसारको नतीजा प्राप्तिको सुनिश्चितता गर्ने ।

**घ) अनुगमन मूल्याङ्कन र प्रतिवेदन चरण**

- वडा समिति गाँउ/नगर समितिबाट सूचक प्राप्ति भएको अवस्थामा सरोकारवालाहरू समेतको सहभागितामा अनुगमन समीक्षा गरी प्रतिवेदन तयारी गर्ने,
- बालमैत्री स्थानीय शासनका सूचकका आधारमा स्थितिपत्र तयारी र सार्वजनिकीकरण गर्ने,
- बालमैत्री स्थानीय शासनको घोषणाका लागि तोकिएको निकायबाट अनुगमन गर्ने,
- वडा/स्थानीय तहबाट सूचक पूरा भएको प्रमाणित गर्ने,
- बालमैत्री वडा/तह घोषणाका लागि तोकिएको निकायबाट अनुमति प्राप्त गर्ने ।

**ङ) बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणा र दिगोपनाको चरण**

- बालमैत्री वडा/गाँउपालिका/नगरपालिका घोषणा पश्चात्को रणनीतिक योजना तर्जुमा गर्ने,
- बालमैत्री वडा घोषणा गर्न कार्यपालिका र नगरपालिका/गाँउपालिका घोषणा गर्न सम्बन्धित गाँउ/नगर सभाको निर्णय
- बालमैत्री वडा/गाँउ/नगरपालिकाको घोषणा,
- बालमैत्री वडा/गाँउपालिका/नगरपालिक घोषणा पश्चात्को रणनीतिक योजना कार्यान्वयन
- वार्षिक रूपमा प्रतिवेदन तयारी र प्रकाशन,
- बालमैत्री स्थानीय शासनका सूचकहरूको दिगोपनाको सुनिश्चितता ।

## २.३.८ बालमैत्री स्थानीय शासन पद्धतिको अवलम्बन

(१) साझेदार संस्थाहरूलाई अभिमुखीकरण गरी यस पद्धतिको अवलम्बन गर्ने सामूहिक प्रतिबद्धता व्यक्त,
(२) बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्ययोजना तर्जुमा,
(३) आफ्नो पूँजीगत बजेटबाट बालमैत्री स्थानीय शासनका सूचक सहितको आवधिक र वार्षिक योजनाले परिलक्षित गरेको बालमैत्री स्थानीय शासन सम्बन्धी प्रक्रिया र सूचक प्राप्तिको सुनिश्चित गर्ने गरी आवश्यक रकम विनियोजन सहितको लगानी योजना तर्जुमा,
(४) बालमैत्री स्थानीय शासनका न्यूनतम् सेवा सूचकहरूको निर्धारण र स्थानीयकरण,
(५) बालमैत्री स्थानीय शासन प्रवर्द्धनको संस्थागत व्यवस्था (महाशाखा/शाखा/इकाई बनाउने वा सम्पर्क बिन्दु तोक्ने) ।
(६) सम्बन्धित सभाबाट बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने निर्णय ।

## २.३.९ बालमैत्री स्थानीय तह घोषणा

- बालमैत्री स्थानीय शासन घोषणा गर्नुपूर्व सम्बन्धित स्थानीय तहको सभाले निर्धारण गरेको सूचक मध्ये न्यूनतम् ८० प्रतिशत अङ्क हासिल गरेको हुनुपर्नेछ ।
- सूचक निर्धारण गर्दा सम्बन्धित स्थानीय तहको आवधिक तथा वार्षिक योजनामा स्थानीय अवस्था अनुसार बालश्रम, हिंसा, बालविवाह, शोषण तथा एच्.आई.भि.एड्स. न्यूनीकरण सम्बन्धी कार्यक्रम समावेश गरेको हुनुपर्दछ ।
- यसका अलावा स्थानीय अवस्थामा आधारित भै कमलरी, छाउपडी, झुमा तथा देउकी प्रथा जस्ता सामाजिक विकृतिहरूको अन्त्य गर्ने कार्यक्रम समेत समावेश गरिएको हुनु पर्दछ ।
- निर्धारित सूचक प्राप्त भए, नभएको सम्बन्धमा सम्पर्क सङ्घीय मन्त्रालय, सम्पर्क प्रदेश मन्त्रालय र सम्बन्धित जिल्ला समन्वय समितिले अनुगमन गर्दा निर्धारित सूचकहरू प्राप्त भएको प्रमाणित भएमा त्यस्ता स्थानीय तहलाई बालमैत्री स्थानीय तह घोषणा गर्न सकिने छ ।

## २.३.१०. बालमैत्री स्थानीय तह घोषणाका लागि अनुमति दिने निकायहरु

गाँउपालिका तथा नगरपालिकामा नियमित कार्यक्रम सञ्चालन पश्चात् बालमैत्री स्थानीय तह घोषणाको सहमति लिन आवश्यक विवरण सहित अनुगमनको लागि वडाको हकमा जिल्ला समन्वय समिति र गाँउपालिका वा नगरपालिकाको हकमा सम्बन्धित प्रदेश मन्त्रालयमा अनुरोध गर्नु पर्नेछ । उहाँहरूले अनुगमन गरी सूचकको प्राप्तिको अवस्था सहित दिएको प्रतिवेदनको आधारमा प्रदेश मन्त्रालय तथा जिल्ला समन्वय समितिले सम्बन्धित स्थानीय तहलाई सहमति प्रदान गर्नेछ ।

## स्थानीय तहको वर्गीकरण

| स्थानीय तह | आधारभूत सूचक | घोषणाका लागि स्वीकृति दिने निकाय | कैफियत |
|---|---|---|---|
| **बालमैत्री वडा** | **८०% वा सोभन्दा बढी** | **जिल्ला समन्वय समिति** | |
| बालमैत्री उन्मुख वडा | ७०%-७९% सम्म | वडाको प्रतिवेदनका आधारमा कार्यपालिका वैठक | प्रत्येक सूचकका लागि तोकिएको अङ्कभारका आधारमा |
| बालमैत्री स्थानीय तह | ८०% वा सोभन्दा बढी | प्रदेश सरकार | प्रत्येक सूचकका लागि तोकिएको अङ्कभारका आधारमा |
| बालमैत्री उन्मुख स्थानीय तह | ७०%-७९% सम्म | कार्यपालिका वैठक | प्रत्येक सूचकका लागि तोकिएको अंकभारका आधारमा |
| बालमैत्री स्थानीय शासन अवलम्बन गरेको स्थानीय तह | ५०% देखि ६९% सम्म | कार्यपालिका वैठक | प्रत्येक सूचकका लागि तोकिएको अङ्कभारका आधारमा |
| बालमैत्री तटस्थ स्थानीय तह | ५०% भन्दा कम | बालमैत्री स्थानीय शासन अवलम्बन नगरेको स्थानीय तह | प्रत्येक सूचकका लागि तोकिएको अङ्कभारका आधारमा |

(बालमैत्री स्थानीय शासन घोषणा गर्ने स्थानीय तहलाई प्रदेश सरकारले पुरस्कृत गर्न सक्नेछ र बालमैत्री वडा घोषणा हुँदा स्थानीयतहले पुरस्कृत गर्न सक्नेछन् ।)

### सत्रको निष्कर्ष

१) बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकाले ७ वटा सिद्धान्तलाई अंगिकार गरेको छ ।
२) बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ अनुसार बालमैत्री स्थानीय शासन घोषणा र अवलम्बन गरेका पालिकाहरूले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा रहेका १० वटा रणनीति र त्यसलाई कार्यान्वयन गर्नका लागि कार्यनीति अनुसार कार्य गर्नुपर्छ ।
३) बालमैत्री स्थानीय शासन अवलम्बन र कार्यान्वयनका लागि इच्छाशक्ति र प्रतिबद्धता महत्त्वपूर्ण हो भने घोषणा गर्नुअघि बालबालिकाको अवस्थामा तात्विक सुधार आएको सुनिश्चित गर्नुपर्छ ।

### सत्र चार

## ३.४ बालमैत्री स्थानीय शासनका सूचकहरु र सरोकारवालाको भूमिका

**उद्देश्य:** यस सत्रको उद्देश्य सहभागीहरूलाई बालमैत्री स्थानीय शासनका सूचक र सरोकारवालाको भूमिकाका बारेमा जानकारी दिनुहुनेछ ।

**अपेक्षित उपलब्धि:** यस सत्रको अन्त्यसम्ममा सहभागीहरूले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा समेटिएका सूचकहरू र यी सूचकहरूलाई कार्यान्वयन गर्न सरोकारवालाको भूमिकाका बारेमा जानकारी पाउनेछन् ।

**समय:** १ घण्टा ३० मिनेट

**पूर्वतयारी:** बालमैत्री स्थानीय शासनका सूचकहरू लेखिएको हातेपत्र ।

**आवश्यक सामग्री:** चार्ट पेपर, मासकिङ् टेप, मार्कर, मेटा कार्ड

**विधि:** समूह छलफल, प्रस्तुतीकरण

**क्रियाकलाप**

- यस सत्रमा सहभागीहरूलाई बालमैत्री स्थानीय शासनका सूचकहरूको बारेमा छलफल गर्दैछौं भनेर जानकारी दिनुहोस् ।
- सहभागीहरूलाई नेपालमा बालबालिकाको प्रमुख १०/१० वटा सवालहरू के-के होलान् आफूलाई लागेको लेख्नका लागि अनुरोध गर्नुहोस् । जसका लागि ५ मिनेटको समय दिनुहोस् ।
- अब सहभागीहरूलाई आफ्नो नजिकमा रहेका ३/३ जनाको समूह बन्न भन्नुहोस् र सबैको भनाइहरूलाई एकीकृत गरेर तयार गर्नका लागि भन्नुहोस् ।
- यसरी तयार गरिएको सूचीबाट समूहमा छलफल गरी सबैभन्दा महत्त्वपूर्ण लागेका १० वटा सवालहरूलाई प्राथमिकीकरण गरी प्रस्तुतीकरण गर्नका लागि अनुरोध गर्नुहोस् ।
- सबै समूहको प्रस्तुतीकरण गरिसकेपछि सहजकर्ताले सहभागीहरूलाई बालमैत्री स्थानीय शासन एक वृहत र बहूपक्षीय विषय हो, जसलाई मापन गर्नका लागि बालमैत्री स्थानीय शासनले बालबालिकाको सवाललाई शासकीय प्रक्रियामा स्थापित गराउन निश्चित सूचकहरू निर्धारण गरेको छ भनि जानकारी गराउनुहोस् ।
- अब सहजकर्ताले बालमैत्रीका सूचकलाई सेवा प्रवाह र संस्थागत विकास गरी दुई समूहमा विभाजन गरिएको बताउनुहोस् ।
- अब सहजकर्ताले बालमैत्री स्थानीय शासनले तय गरेका सूचकहरू क्रमशः प्रस्तुत गर्दै छलफल गर्नुपर्छ ।
- सहजकर्ताले प्रत्येक सूचकले समेटेको क्षेत्र, जिम्मेवार निकाय, सूचक पूरा गर्न गर्नुपर्ने क्रियाकलापका विषयमा सहभागीहरूसँग छलफल गर्नुपर्छ ।
- परिवर्तित सन्दर्भमा बालमैत्री स्थानीय शासनका सूचकहरूलाई सोही अनुसार नयाँ सन्दर्भलाई समावेश गरी प्रस्तुतीकरण गर्नुपर्छ ।

**सन्दर्भ सामग्री**

## ३.४.१ सेवा प्रवाहसम्बन्धी सूचकहरु ३६

- संस्थागत विकास सम्बन्धी सूचकहरू १५
- १०० प्रतिशत पूरा गर्नुपर्ने सूचकहरू ३८
- ९५ प्रतिशत पूरा गर्नुपर्ने सूचकहरू ६
- ९० प्रतिशत पूरा गर्नुपर्ने सूचकहरू १
- ८० प्रतिशत पूरा गर्नुपर्ने सूचकहरू ६

| क.स. | बालमैत्री स्थानीय शासनका न्यूनतम सेवा सूचकहरू | घोषणाको लागि आवश्यक अंक |
|---|---|---|
| | **बाल बचाउ** | |
| १. | गर्भवती महिलाहरूले कम्तिमा प्रसूति पूर्व आठ पटक र प्रसूति पश्चात् आमा र नवजात शिशुको कम्तिमा ३ पटक (३ दिन, १ हप्तामा, ६ हप्तामा) स्वास्थ्य जाँच गराएको हुनेछन् । | ९५ |
| २. | गर्भवती महिलाले टिडी (टिटानस र डिप्थेरीया) विरुद्धको २ वटा खोप लगाएका हुनेछन् । | ९५ |
| ३. | गर्भवती तथा सुत्केरी आमाहरूले आईरन चक्की (गर्भवती अवस्थामा १८० र सुत्केरी पश्चात् ४५ गरी जम्मा २२५ वटा) खाएका हुनेछन् । | ९५ |
| ४. | गर्भवती आमाले दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएका हुनेछन् । | ८० |
| ५. | ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्य रूपमा पूर्ण स्तनपान गराएका हुनेछन् । | ८० |
| ६. | ६ महिनादेखि ५ वर्षसम्मका बालबालिकाले वर्षको २ पटक भिटामिन ए क्याप्सुल खाएका हुनेछन् । | १०० |
| ७. | पन्ध्र महिनाभित्रका प्रत्येक बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पूर्ण खोप प्राप्तगरी पूर्ण खोपयुक्त घोषणा भएको हुनेछ । | १०० |
| ८. | एच्.आई.भी. संक्रमित आमाबाट जन्मिएका बालबालिकाले ARV Prophylaxis पाएका हुनेछन् । | १०० |
| ९. | सबै घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेका हुनेछन् । | १०० |
| १०. | कमतौल, पुड्को र ख्याउटेपन हुने पाँचवर्ष मुनिका बालबालिकाको संख्यामा कमि आएको हुनेछ । | ८० |
| ११. | अति कडा कुपोषण भएका बालबालिकाको संख्या शून्य भएको हुनेछ । | १०० |
| १२. | सबै घरधुरीमा आधारभूत तहको खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ । | १०० |
| १३. | चर्पी गएपछि, बालबालिकाको दिसा धोए पछि र खाना खानु/खुवाउनु अगाडि साबुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ । | १०० |
| १४. | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग भएको तथा खुल्ला दिसामुक्त घोषणा भएको हुनेछ । | १०० |
| | **बाल संरक्षण** | |
| १५. | ५ वर्ष मुनीका सबै बालबालिकाको जन्मदर्ता भएको हुनेछ । | १०० |
| १६. | निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुनर्स्थापना भएको हुनेछ । | १०० |
| १७. | स्थानीय तह बालविवाह मुक्त घोषणा भएको हुनेछ । | १०० |
| १८. | घरपरिवार समुदाय, सार्वजनिक स्थान (विद्यालय, सामाजिक चाडपर्व, मेला) मा बालबालिका विरुद्ध हुने हिंसा, बेचबिखन, शोषण, वेवास्था र दुर्व्यवहारमा कमी आएको हुनेछ । | ८० |
| १९. | समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई सञ्चालनमा ल्याईएको हुनेछ । | १०० |
| २०. | छाउपडी, कमलरी जस्ता सामाजिक कु-प्रथा नरहेको हुनेछ । | ९५ |
| २१. | स्थानीय तह/समुदायले १४ वर्ष मुनिका असहाय बालबालिका (भएमा) को संरक्षण गर्न विषेश व्यवस्था गरेका हुनेछन् । | १०० |
| २२. | स्थानीय तहमा सडक बालबालिकाको संख्या शून्य भएको हुनेछ । (सडक बालबालिका भएकोमा बाल संरक्षण गृहमा राखी व्यवस्थापन भएको हुनेछ) । | १०० |
| २३. | स्थानीय तहमा रहेका विद्यालयहरूले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन् । | १०० |
| २४. | कुलतमा लागेका बालबालिकाको बाल सुधारगृहमा राख्ने व्यवस्था मिलाएको हुनेछन् । | १०० |

| | | |
|---|---|---|
| | **बाल विकास** | |
| २५. | ४ देखि ५ वर्षसम्मका बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भई टिकाउदर सतप्रतिशत रहेको हुनेछ । (फरक क्षमता भएका बालबालिकाको हकमा विशेष व्यवस्था हुनुपर्ने) | १०० |
| २६. | ५ देखि १४ वर्ष उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पाएका हुनेछन् । | १०० |
| २७. | प्रत्येक विद्यालयमा खानीको प्रयोग सुविधा सहित छात्रछात्राको लागि अलगअलग शौचालयको व्यवस्था भई यसको प्रयोग हुनेछ । | १०० |
| २८. | सबै विद्यालयका पूर्वाधार (कक्षा कोठा, फर्निचर, खेलमैदान, खानेपानीको धारा) बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित भएका हुनेछन् । | १०० |
| २९. | प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ । | १०० |
| ३०. | सबै विद्यालयहरूले कुहिने र नकुहिने फोहोर अलग-अलग विसर्जन गर्ने व्यवस्था गरेका हुनेछन् । | १०० |
| | **बाल सहभागिता** | |
| ३१. | स्थानीय तहमा समावेशी आधारमा बालक्लब सञ्जाल गठन भई क्रियाशील (न्यूनतम वार्षिक ३ वटा वैठक र ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन् । | ९५ |
| ३२. | स्थानीय तहका वस्ती वा टोल र विद्यालयहरूमा समावेशी आधारमा बालक्लब गठन भई क्रियाशील (न्यूनतम वार्षिक ३ वटा वैठक र ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन् । | ९५ |
| ३३. | ५ कक्षा भन्दामाथि अध्ययन अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बालक्लबको प्रतिनिधित्व रहनेछ । | १०० |
| ३४. | स्वास्थ्य व्यवस्थापन समितिमा बालक्लब/सञ्जालको प्रतिनिधित्व हुनेछ । | १०० |
| ३५. | स्थानीय तहमा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना/समितिहरूमा १२ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ । | ९० |
| ३६. | बालभेलाबाट माग भई आएका योजनाहरू स्थानीय तहको योजनामा समावेश भएका हुनेछन् । | १०० |
| | **संस्थागत विकास** | |
| ३७. | वडा, गाउँ/नगरपालिका तहमा बालमैत्री स्थानीय शासन समितिहरू गठन भइ क्रियाशील रहेका हुनेछन् । | १०० |
| ३८. | स्थानीय तहहरूले आफ्नो लागि बालमैत्री आचार संहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन । | १०० |
| ३९. | गाउँपालिका/नगरपालिकामा कम्तिमा एक बाल उद्यान सहितको बालमैत्री सिकाइ स्रोत केन्द्र सञ्चालनमा रहेको हुनेछ । | ८० |
| ४०. | बालबालिकाको वस्तुगत विवरण (प्रोफाइल) को आधारमा स्थानीय तहको विकास योजना र बालबालिकाको लागि लगानी योजना तर्जुमा भइ कार्यान्वयन भएको हुनेछ । | १०० |
| ४१. | स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रूपमा वडा र गाउँ/नगरपालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेका विषयलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको हुनेछ । | १०० |
| ४२. | स्थानीय तहमा बालबालिका सम्बन्धी स्थितिपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ । | १०० |
| ४३. | प्रारम्भिक बालविकास केन्द्रहरूले स्थानीय तहले तोकेको न्यूनतम् मापदण्ड पूरा गरेका हुनेछन् । | १०० |
| ४४. | विद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरूका लागि बालमैत्री, वातावरणमैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरिक्त कक्षा सञ्चालन गरेका हुनेछन् । | १०० |
| ४५. | आधारभूत शिक्षा पश्चात् विद्यालय शिक्षाबाट वञ्चित भएका बालबालिकाले जीवन उपयोगी शिक्षा (व्यवसायिक तथा सीपमूलक तालीम) प्राप्त गरेका हुनेछन् । | ८० |
| ४६. | स्थानीय तहमा रहेका प्रहरी (कार्यालय) चौकीहरूमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क इकाइ रहेको हुनेछ । | १०० |
| ४७. | विद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरू स्थानीय तहले तोकेको न्यूनतम मापडण्ड अनुसार बालमैत्री र अपाङ्गमैत्री हुनेछन् । | १०० |
| ४८. | स्थानीय तहको प्रशासकीय कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको हुनेछन् । | १०० |
| ४९. | बसपार्क, सिनेमा हल, हाटबजार, खेल मैदान जस्ता सार्वजनिक स्थलहरूमा बालमैत्री शौचालय र खानेपानी धाराको व्यवस्था भएको हुनेछ । | १०० |
| ५०. | स्थानीय तहको विपद् व्यवस्थापन योजनामा विपद्को समयमा बालबालिकाको आवश्यकता सम्बोधन गर्ने प्रावधान समावेश भएको हुनेछ । | १०० |
| ५१. | विपद्को समयमा बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरूको विषेश सहयोगका लागि संस्थागत व्यवस्था भएको हुनेछ । | १०० |

(स्थानीयतहहरूले आवश्यकता अनुसार सूचकहरू थप गर्न सक्नेछन् । जस्तै– यौनिक तथा लैङ्गिक अल्पसंख्यकका सवालहरू, मानसिक स्वास्थ्य, जलवायु परिवर्तन, अनलाईन सुरक्षा, बालमैत्री संरचना, आदि ।)

## सत्र पाँच

### २.५ बालभेला

**उद्देश्य:** यस सत्रको उद्देश्य सहभागीहरूलाई बालभेलाका विषयमा जानकारी दिनुहुनेछ ।
**अपेक्षित उपलब्धि:** यस सत्रको अन्त्यसम्ममा सहभागीहरूले बालभेला गराउने विधिका विषयमा भूमिका अभिनय गरेर देखाउन सक्नेछन् ।
**समय:** १ घण्टा ३० मिनेट
**पूर्वतयारी:** बालभेलाका विधिहरूको विषयमा लेखिएको हातेपत्र ।
**आवश्यक सामग्री:** चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा कार्ड
**विधि:** समूह छलफल, अभिनय तथा प्रस्तुतीकरण

**क्रियाकलाप**

- यस सत्रमा सहभागीहरूलाई बालभेलाका विषयमा छलफल गर्दैछौं भनेर जानकारी दिनुहोस् ।
- सहभागीहरूलाई बालभेलाको अभ्यास कस्तो रहेको छ भनी सोध्नुहोस् र यसका लागि ५ मिनेटको समय दिनुहोस् ।
- अब सहभागीहरूलाई आफ्नो नजिकमा रहेका ५/५ जनाको समूह बन्न भन्नुहोस् र सबै समूहलाई फरकफरक विधिका विषयमा समूह कार्य गर्न अनुरोध गर्नुहोस् ।
- यसरी तयार गरिएको समूहमा छलफल पछि आफूहरूले तयार गरेको विधि अनुसार तयार गरिएका योजनाहरूलाई प्रस्तुत गर्न अनुरोध गर्नुहोस् ।
- सबै समूहको प्रस्तुतीकरण गरिसकेपछि सहजकर्ताले सहभागीहरूलाई बालेभला मार्फत् आएका योजनालाई प्राथमिकताका आधारमा सङ्केत गर्न लगाउनुहोस् ।
- बालभेलालाई अभ्यास समेत गराई त्यहाँबाट प्राप्त योजनालाई कसरी सम्बन्धित निकायसम्म पुऱ्याएर वार्षिक नीति तथा कार्यक्रम र बजेट विनियोजनको प्राथमिकतामा पार्न सकिन्छ भन्ने विषयमा छलफल गरी प्रस्तुती समेत सहजकर्ताले गरिदिनुहोस् ।

**सन्दर्भ सामग्री**

### २.५.१ बालभेला के हो ?

बालबालिकाको योजना छनौट गर्नु पूर्व बालबालिकाको बाल भेला गराई उनीहरूबाट आएका योजनाहरूको प्राथमिकता सहित वडागत रूपमा सम्बन्धित वडा तथा नगर वा गाँउपालिकामा पेश गर्नुपर्ने भएको हुँदा स्थानीय सरकारको वार्षिक योजना तर्जुमा पूर्व हरेक वर्ष बाल भेला अनिवार्य रूपमा गराउनुपर्छ । स्थानीय सरकारका योजना छनौट गर्नुपूर्व बालबालिकाका लागि योजना बनाउने उद्देश्यले गरिने बालबालिकाको भेला नै बालभेला हो ।

### २.५.२ बाल भेलाको महत्त्व

- बालभेलाले बालबालिका एक ठाँउमा जम्मा भै उनीहरूको समस्या, आवश्यकता र चाहनाहरूका वारेमा विचार राख्ने अवसर सिर्जना गर्छ ।
- यस्तो भेलामा छलफल गरी उनीहरूले आफ्ना वास्तविक आवश्यकता र प्राथमिकता निर्धारण गर्न सक्छन्,
- तय गरिएका आवश्यकता र प्राथमिकताहरूलाई स्थानीय योजना तर्जुमा र बजेट विनियोजन सम्बन्धी निर्णय गर्ने संरचना र पदाधिकारी समक्ष राखी बालबालिकाको सर्वोत्तम हित हुनेगरी कार्य गर्ने अवसर सिर्जना गर्न सकिन्छ,
- बालभेलाले बालबालिकाको अर्थपूर्ण सहभागिता वृद्धि गर्न सहयोग पुऱ्याउछ,
- बालबालिका, बालक्लब, बाल सञ्जालको क्षमता विकासमा सहयोग पुग्छ,
- बालबालिकालाई स्थानीय शासन र प्रजातान्त्रिक पद्धतिमा सहभागी हुने अवसर प्राप्त हुन्छ ।

### २.५.३ बालभेलामा सहभागी हुनुपर्ने बालबालिका

- गाँउ/नगरपालिकाका सबै वडाका बालक्लबबाट कम्तिमा १ जना बालिका सहित २ जना
- गाँउ/नगर बाल सञ्जालका प्रतिनिधि २ जना
- बालक्लब, बाल समूहको सदस्य नरहेका बालबालिका मध्ये प्रत्येक वडाबाट कम्तिमा २ जना
- बालमैत्री स्थानीय शासन नगर तथा गाँउ समितिमा सदस्य रहेका बालबालिका
- बालमैत्री स्थानीय शासन समुदाय/वडा समितिमा सदस्य रहेका बालबालिका
- स्वास्थ्य व्यवस्थापन समितिमा सदस्य रहेका बालबालिका
- विद्यालय व्यवस्थापन समितिमा सदस्य रहेका बालबालिका
- विद्यालय शिक्षाबाट वञ्चित रहेका बालबालिका मध्ये कम्तिमा १ जना बालिका सहित २ जना
- दलित, आदिवासी, जनजाति, मधेशी, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, मुस्लिम बालबालिकामध्ये कम्तिमा २ जना बालिका सहित ४ जना

### २.५.४ बालभेला अघि

- स्थान, मिति र समयबारे बालबालिकालाई जानकारी
- बालबालिकालाई पायक पर्ने समय, मिति र स्थान
- बालबालिका वा बालक्लबसँग छलफल गरिएको
- बालमैत्री स्थानीय शासन र बाल अधिकार बुझेको दक्ष सहजकर्ता

- आवश्यक सामग्री
- विधिको पूर्ण प्रयोग
- स्थानीय तहसँगको पूर्व सहकार्य जस्तै आवश्यक जानकारी: बजेट, निर्देशिका, मार्गनिर्देशन अध्ययन, पत्र सञ्चार सधैं अध्ययन गरिराख्ने ।

### ३.५.५ बालभेला सञ्चालन तरिका

- उद्घाटन
- उद्देश्य माथि प्रकाश
- परिचय
- समूह विभाजन
- शरीर नक्साङ्कन
- मन पर्ने र मन नपर्ने
- सुरक्षित र असुरक्षित
- परिकल्पना
- सवाल, समस्या, माग वर्गीकरण
- माग प्राथमिकीकरण
- निर्णय लेखन

**बालभेलामा सहभागी हुने बालबालिकाको उमेर र समूह**

- ८ देखि ११ वर्ष : बालक र बालिका
- १२ देखि १८ वर्ष : बालक
- १२ देखि १८ वर्ष : बालिका
- समय: कम्तीमा एक दिन
- कहिले: वडाभेला भन्दा पहिले
- एजेण्डा प्रस्तुति : तालिमका सहभागीहरू माझ छलफल गरी साझा बुझाइ निर्माण गरी तय गर्ने,
- छलफल र निर्णय : भेला पछिको प्रक्रियाबारे साझा बुझाइ निर्धारण गर्ने,
- सहभागी बालबालिकाले आफ्ना थप आवश्यकता, माग, योजनाहरू भएमा प्रस्ताव गर्ने,
- प्रस्तावित विषयवस्तु माथि भेलाका सबै सहभागीहरूबाट छलफल गर्ने ।

**सहमतिको आधारमा योजनाको प्राथमिकीकरण गर्ने:**

प्राथमिकता निर्धारण गर्दा बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ र बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ मा समावेश गरिएका बाल बचाउ, बाल संरक्षण, बालविकास र बाल सहभागिता सम्बन्धी सूचकहरूलाई आधार मान्नु पर्दछ । यस्ता सूचकहरू मध्ये बालबालिकालाई प्रत्यक्ष फाईदा पुग्ने गरी कमजोर अवस्था रहेका सूचकहरूलाई प्राथमिकता दिनु पर्दछ ।

### ३.५.६ बालभेलाबाट के उपलब्धि प्राप्त हुन्छन् ?


- बालबालिकाका सवालहरू निर्धारण भै प्राथमिकतामा आउँछन् ।
- बालबालिकाका सम्बोधन गर्नुपर्ने विषय/सवालहरू समावेश गरिएको लिखित प्रतिवेदन सेवा प्रदायकले प्राप्त गर्न सक्छन् ।
- बालभेलाबाट बालबालिका सम्बन्धी योजनाहरू प्राथमिकता सहित प्राप्त हुन्छ ।
- यही प्राथमिकता लिएर बालबालिका स्थानीय निर्णय प्रक्रिया सम्बन्धी बैठक, गोष्ठीमा जाने र आफ्ना विषयवस्तुहरू प्रभावकारी रूपमा राख्न सक्ने हुन्छन् ।
- सहभागितामूलक योजना तर्जुमा प्रक्रिया सुदृढ हुन्छ र बालबालिकाका सवालहरूको उचित सम्बोधन हुन्छ ।

### ३.५.७ बालभेलका विधिहरु

**शरीर नक्साङ्कन विधि**







**सहजीकरणका लागि केही प्रश्नहरु**

टाँउको : बाल भेलाअघि र पछि बालबालिकाको सोँचमा के फरक देखिएको छ ?
आँखा : बाल भेलाअघि र पछि बालबालिका र उनीहरूका समस्याहरूलाई हेर्ने दृष्टिकोणमा के अन्तर छ ?
कान : बाल भेलाअघि र पछि वयस्कहरूले बालबालिकाका कुरा सुन्ने तरिकामा के-कस्तो फरक छ ?
मुख : बाल भेलाअघि र पछि बालबालिकासँग वयस्कले गर्ने व्यवहारमा के फरक छ ?
हात : बाल भेलाअघि र पछि बालबालिकाले निर्वाह गर्ने जिम्मेवारीमा के फरक छ ?
मुटु : बाल भेलामा सहभागी भई आफ्ना विचार राख्न पाउँदा, आफ्ना समस्या बमोजिमको मागलाई स्थानीय निकायबाट पारित गरी कार्यक्रम गरी समस्याको समाधानको पहल गर्न पाउँदा कस्तो महसुस गरिरहनु भएको छ ?
पेट : बाल भेलाअघि र पछि बालबालिकाले भोग्ने गरेको समस्या के-के छन् ?
खुट्टा : बाल भेलाअघि र पश्चात् बालबालिकाको पहुँचमा आएको परिवर्तन के छ ?

### २.५.८ मनपर्ने र मन नपर्ने विधि

**सहजीकरणका लागि केही प्रश्नहरु**

आफ्नो गाँउ/नगरपालिकालाई बालमैत्री बनाउन........
क) साधारण वातावरण जुन हामीलाई मन पर्छ र मन पर्दैन।
ख) व्यवहार जुन हामीलाई मन पर्छ र मन पर्दैन ।
ग) अन्य कुनै पनि मनपर्ने र मन नपर्ने कुराहरू ।
(परिवेश, संस्कार, संरचना, पूर्वाधार आदि)

### २.५.९ सुरक्षित र असुरक्षित विधि

- सहभागी बालबालिकालाई आफू कहाँ सुरक्षित छु र कहाँ असुरक्षित छु भन्नेबारे चित्रद्वारा व्यक्त गर्न लगाउनु,
- सुरक्षित र असुरक्षित स्थलको पहिचान गरी योजना निर्माणमा सहयोग पुऱ्याउनु,
- सहभागीहरूलाई अघिल्लो सत्रमा उमेर समूहका आधारमा विभाजन गरिएको तीन समूहमा यथावत बस्न लगाउने,
- प्रत्येक समूहलाई एक-एकवटा ब्राउनपेपर, पेनसिल, इरेजर, कटर, साइनपेन र मैन कलर वितरण गर्ने,
- सहभागीलाई प्रकोप, वातावरण र संरक्षणको हिसाबले सुरक्षित, असुरक्षित स्थान र क्षेत्रको चित्र बनाउन लगाउने,
- चित्र बनाउँदा सबै सहभागीको विचार चित्रमा प्रतिबिम्बित हुने कुरामा सहजकर्ताले विशेष ध्यान दिने,
- चित्र तयार गरिसकेपछि सुरक्षित स्थानलाई रातो रंगको थोप्लो, स्टार वा अन्य कुनै संकेत दिन लगाउने,
- असुरक्षित स्थानलाई कालो रङ्को थोप्लो, स्टार वा अन्य कुनै संकेत दिन लगाउने,
- समूह कार्य सकिसकेपछि प्रस्तुती गर्न लगाउने र धन्यवाद दिने,
- आँखा चिम्म गरेर तपाईं कस्तो गाउँ समाज देख्न चाहनुहुन्छ भनी कल्पना गर्न लगाउने,
- सहभागी बालबालिकालाई आफूले चाहेको गाउँ समाजमा कस्ता संरचना, व्यवहार, संस्कार हुनुपर्ला र कस्तो समाज देख्न चाहन्छौं भन्ने विषयमा छलफल गरी चित्र बनाउन लगाउने ।

**अन्त्यमा**

- चित्रबाट सवाल तथा मागहरू छुट्याउने ।
- सवाललाई सम्बोधन गर्न के-कस्ता कार्यक्रम चाहिन्छन् भन्नेबारे छलफल गरी टिपोट गर्ने ।
- मागलाई जस्ताको तस्तै टिपोट गर्ने ।
- त्यसपछि योजनाहरूलाई प्राथमिकीकरण गर्ने ।
- निर्णयहरू लेख्न लगाउने ।

### २.५.१० बालभेला पछि गर्नुपर्ने कामहरू

**बालभेलाबाट आएका योजनाहरुलाई स्थानीय सरकारको योजनामा समावेश गर्न निम्न कार्यहरु गर्नुपर्छ :**

- बालभेलाले तर्जुमा गरेका योजनाहरूलाई बालमैत्री स्थानीय शासन समितिको बैठकमा पेश गरी बस्ती स्तरको योजना तर्जुमा प्रक्रिया भन्दा अगाडि निर्णय गराउनुपर्छ ।
- बालभेलाबाट प्राथमिकतामा आएका योजनाहरूको निर्णयको प्रतिलिपि वडा स्तरको योजना तर्जुमा प्रक्रियामा सहभागी हुने बालबालिकाले बस्ती स्तरको योजना तर्जुमा हुँदा पेश गर्ने ।

**दोस्रो दिन**

तीनवटा सेसन

(पहिलो सत्र ९.३०-१२.३०/ खाना १२:३०-१३:३०/ दोस्रो सत्र १३:३०-१५:००/ चिया १५:००-१५:३०/ तेस्रो सत्र १५:३०-१७:००)

**सत्र छ**

### २.६ अपाङ्गता, लिङ्ग र लैङ्गिकता, सामाजिक समावेशीकरण

**उद्देश्य:** यस सत्रको उद्देश्य सहभागीहरूलाई अपाङ्गता, लिङ्ग र लैङ्गिकता तथा सामाजिक समावेशीकरणका विषयमा जानकारी दिनुहुनेछ ।

**अपेक्षित उपलब्धि:** यस सत्रको अन्त्यसम्ममा सहभागीहरूले अपाङ्गता, लिङ्ग र लैङ्गिकता तथा सामाजिक समावेशीकरणका विषयमा बताउन सक्नेछन् र अरूलाई यस विषयमा प्रशिक्षण दिन सक्नेछन् ।

**समय:** ४५ मिनेट

**आवश्यक सामग्री:** चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा कार्ड

**विधि:** समूह छलफल, अभिनय तथा प्रस्तुतीकरण

**क्रियाकलाप**

- सहभागीलाई सम्झाउनुहोस् अब हामी दुई खेल खेल्दैछौं भनेर, खेल खेल्दा सबै सहभागीले सहजकर्ताको निर्देशनलाई पूर्णरूपमा पालन गर्नुपर्ने कुरा पनि भन्नुहोस् ।
- पहिलो खेल : सबै सहभागीलाई अब अराएको काम गर्न एक हातमात्र प्रयोग गर्न पाइने कुरा थाहा दिनुहोस् । कापीमा म असल व्यक्ति हुँ, म मेरो राष्ट्रलाई माया गर्छु भन्ने वाक्य लेख्न लगाउने, लेखेको कुरालाई कपीबाट च्यातेर राम्ररी पट्याएर पैसा राख्ने पर्सको भित्रिभागको बिचमा राखेर पर्सलाई पुन खल्तीमै राख्न भन्नुहोस् ।
- दोस्रो खेल : यस खेलका लागि आधा सहभागीको आँखा छोप्न मिल्ने कपडाको व्यवस्था गर्नुहोस् र सबै सहभागीलाई दुई-दुई जनाको समूहमा बाड्नुहोस् । खेलका लागि सहभागीहरूलाई प्रशिक्षण हलबाट अलि टाढा लगेर अघि बाडिएको दुई मध्ये एकको आँखा कपडाले छोप्दै अर्को साथीलाई उसलाई डोर्याउदै प्रशिक्षण हलमा लगेर ऊ जहाँबस्ने गर्थे त्यही ठाँउमा राख्न भन्नुहोस् ।
- खेल सकिएपछि सहभागीहरूलाई सोध्नुहोस्, पहिलो काम गर्दा के-कस्तो अनुभव भयो ? आफूले भोगेको मुख्य अप्ठ्याराहरू के-के थिए ? त्यसलाई क्रमिक रूपमा लेख्न भन्नुहोस् । सबैभन्दा मुस्किल कुन अवस्थामा भोग्नु भयो, त्यो कुरालाई अझै विस्तारमा लेख्नको लागि भन्नुहोस् ।
- दोस्रो काम गर्दा साथीलाई डोर्याउदै हिडाउने सहभागीहरूलाई सोध्नुहोस् - आफूले डोर्याउदै हिडाएको, आँखा कपडाले छोपिएका साथी आफ्नै नजिकको मानिस भएको भए र उसलाई यसरीनै सधै समातेर हिडाउनु पर्यो भने तपाईंको कस्तो स्थिति हुन्छ होला ?
- आँखा कपडाले छोपिएका सहभागीहरूलाई सोध्नुहोस् - कस्तो अनुभव गर्नु भयो ? बाटोमा साथीले डोर्याएर हिड्दा के-के थाहा पाउनु भयो ? बाटोमा साथीको व्यवहार कस्तो थियो ? साथीले के गरेको भए अलि सजिलो हुन्थो होला ? कहिले सोच्नु भयो अब मेरो जिन्दगी यसरी नै अरूको भरमा हिड्नु पर्यो भने मेरो हालत कस्तो हुन्छ होला भनेर ? यी दुई खेलको अनुभव क्षणिकमात्रका हुन् तर ती मानिसहरू बारे सोच्नुस् जस्को नियति यी भोगाइहरूसँग जीवन जोडिएको छ । हामी सेवा प्रदायकहरूले यतिमात्र बुझे हामीलाई कामगर्ने भावनामा जोड पुग्छ ।
- अपाङ्गता विषयमा सहजकर्ताले प्रवचन विधि प्रयोग गरी पावरप्वन्ट प्रस्तुतीकरण र छलफल गर्ने ।

### २.६.१ अपाङ्गताबारे सामान्य बुझाइ

सहभागीलाई अपाङ्गताबारे महशुस गराउने दुई खेल खेलाउने | खेल पछि सबै सहभागीलाई आत्मसात गराउने कि खेलमा जस्तै अल्पकालीन स्थिति हाम्रा जीवनमा सँधै भयो भने के हुन्छ होला ?

१. अपाङ्गता भनेको के हो ?

२. अपाङ्गताको प्रकार
   क. नेपाल सरकारले गरेको १० प्रकारको वर्गीकरण
   ख. अशक्तताको आधारमा गरिएको अपाङ्गताको वर्गीकरण


३. सामान्य रूपमा बालबालिकामा अपाङ्गता छ वा छैन कसरी हेर्ने वा थाहा पाउने ?

४. अपाङ्गता भएका व्यक्तिहरूका लागि राज्यको सामाजिक सुरक्षा प्रणाली
   (व्याख्यात्मक परिचयमा तल उल्लेख गरिएका कुराहरूलाई नै सहभागीहरूले बुझ्ने गरी सहजकर्ताले व्याख्या गर्ने हो । यसरी व्याख्या गरी रहदा सहजकर्ताले आफ्नो जीवनमा भोगेका अनुभवहरू जोड्दा अझ राम्रो हुन्छ) ।

## २.६.२ अपाङ्गता भनेको के हो ?

शारीरिक अङ्गहरू र शारीरिक प्रणालीमा भएको समस्या तथा कठिनाइको कारण भौतिक, सामाजिक, सांस्कृतिक वातावरणका संचारसमेतबाट सिर्जना हुने अबरोध समेतले दैनिक क्रियाकलाप सामान्य रूपमा सञ्चालन गर्न एवं सामाजिक जीवनमा पूर्ण सहभागी हुन कठिनाइ हुने अवस्थालाई नै अपाङ्गता भनिन्छ र यस्तो अवस्था भएका व्यक्तिलाई अपाङ्गता भएको व्यक्ति भनिन्छ ।

अपाङ्गता एउटा अवस्था हो जो-जस्ले अरूसरहको काम गर्न अवरोध सिर्जना गर्दछ ।
हामीले सिर्जना गरेको संरचना तथा व्यवहारले अपाङ्गता भएको व्यक्तिमा थप समस्या सिर्जना गर्दछ ।
कतिपय अवस्थामा पहिलो अवस्थामा भएको अपाङ्गतालाई व्यवस्थापन गर्न नसक्दा शरीरमा अर्को प्रकृतिको अपाङ्गता पनि थपिन सक्छ । उदाहरणको लागि- एउटा खुट्टा छोटो भएको व्यक्तिले समयमै छोटो खुट्टामा विशेष खालको जुत्ता वा अन्य साधन प्रयोग नगर्ने हो भने उसले हिड्दा शरीर बंगाउदै, झुकाउदै र खोच्याउदै हिड्नु पर्ने हुन्छ । यसो गर्दा केहि समय पछिनै उसको शरीर बाङ्गो देखिन्छ । शरीर बाङ्गिनु थपिएको अर्को अपाङ्गता हो । यो कुरा कम सुन्ने, कम देख्ने, शरीर लुलो हुने लगायत अन्य अपाङ्गताको स्थितिमा पनि लागू हुन्छ । पहिलो अपाङ्गतालाई समयमै व्यवस्थापन नगर्दा अर्को अपाङ्गता थपिएको हो । (हामी सबैमा कुनै न कुनै पक्षबाट हेर्दा कहीं अपाङ्गता देखिन्छ तर त्यो अल्पकालीन हो वा त्यो हुँदा पनि हाम्रो जीवनयापनमा कुनै समस्या आउदैन भन्ने हामीलाई थाहा हुँदा हामी सहज व्यवहार देखाउछौं)



## २.६.२ अपाङ्गताको प्रकार

क. नेपाल सरकारले अपाङ्गतालाई १० प्रकारमा वर्गीकरण गरेको छ ।

**क) शारीरिक अपाङ्गता :** स्नायु, मासंपेशी र जोर्नी तथा हड्डीको बनावट एवं सञ्चालनमा समस्या भएको कारणबाट कुनै व्यक्तिको अङ्गको सञ्चालन, प्रयोग र हिँडडुलमा आएको समस्या शारीरिक अपाङ्गता हो । (जस्तै– बाल पक्षघात (पोलियो), मस्तिष्क पक्षघात (Cerebral Palsy), शारीरिक अङ्गविहीन, कुष्ठ प्रभाव, मांसपेशी विचलन (मस्कुलर डिस्ट्रोफी), जोर्नी र मेरुदण्ड सम्बन्धी स्थायी समस्या, क्लवफीट पैताला फर्केको, रिकेट्स हड्डी सम्बन्धी समस्याका कारण उत्पन्न अशक्तता) तथा सोह्र वर्ष उमेर पुगेको व्यक्तिमा उमेर बमोजिम हुनुपर्ने औसत उचाइभन्दा ज्यादै कम उचाइ भएको व्यक्ति (होचा पुड्का ) ।

**ख) दृष्टिसम्बन्धी अपाङ्गता :** दृष्टिसम्बन्धी देहायको समस्याबाट कुनै व्यक्तिमा कुनै पनि वस्तुको आकृति, आकार, रूप र रङ्गको ज्ञान नहुने स्थितिलाई दृष्टिसम्बन्धी अपाङ्गता भनिन्छ ।

(अ) **दृष्टिविहीनता** (Blind) : औषधि, शल्यचिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि दुबै आँखाले हातको औंला दश फिटको दूरीबाट छुट्टाउन नसक्ने वा स्नेलेन चार्टको पहिलो लाइनको अक्षर (३/६०) मा पढ्न नसक्ने व्यक्ति ।
(आ) **न्यून दृष्टियुक्त** (Low Vision) : औषधि, शल्यचिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि बीस फिटको दूरीबाट हातको औंला छुट्याउन नसक्ने वा स्नेलेन चार्टको चौथो लाइनको अक्षर (६/१८) मा पढ्न नसक्ने ।
(इ) **पूर्ण दृष्टिविहीन** : पूर्ण रूपमा उज्यालो वा आध्यारो छुट्याउन नसक्ने व्यक्ति ।

**ग) सुनाइसम्बन्धी अपाङ्गता :** सुनाइका अङ्गहरूको बनावट एवं स्वरको पहिचान, स्थान, उतारचढाव तथा स्वरको मात्रा र गुण छुट्याउन नसक्ने व्यक्ति ।

(अ) **बहिरा (Deaf)** : असी डेसिबलभन्दा माथिको ध्वनि सुन्न नसक्ने वा सञ्चारका लागि साङ्केतिक भाषा प्रयोग गर्नुपर्ने व्यक्ति ।
(आ) **सुस्त श्रवण (Hard of Hearing)**: सुन्नलाई श्रवण यन्त्र राख्नुपर्ने वा पैंसठीदेखि असी डेसिबलसम्मको ध्वनि सुन्न सक्ने व्यक्ति ।

**घ) श्रवण दृष्टिविहीन अपाङ्गता (Deafblind) :** सुनाइसम्बन्धी र दृष्टिसम्बन्धी दुवै अपाङ्गता भएको वा दुईवटा इन्द्रियसम्बन्धी अपाङ्गताको संयुक्त अन्तरक्रिया रहेको व्यक्ति ।

**ङ) स्वर र बोलाइसम्बन्धी अपाङ्गता:** स्वर र बोलाइसम्बन्धी अङ्गमा उत्पन्न कार्यगत सीमितताका कारण तथा बोल्दा स्वरको उतार चढावमा कठिनाइ, बोली स्पष्ट नहुने, बोल्दा शब्द वा अक्षर दोहोर्याउने व्यक्ति ।

**च) मानसिक वा मनोसामाजिक अपाङ्गता:** मस्तिष्क र मानसिक अङ्गमा आएको समस्या तथा सचेतना, अभिमुखीकरण, स्फूर्ति, स्मरणशक्ति, भाषा, गणनाजस्ता बौद्धिक कार्य सम्पादनका सन्दर्भमा आउने समस्याको कारणले उमेर र परिस्थिति अनुसार व्यवहार गर्न समस्या हुने अवस्थाको व्यक्ति ।

**छ) बौद्धिक अपाङ्गता:** उमेरको वृद्धिसँगै बौद्धिक सचेतनाको विकास हुन नसकी बौद्धिक विकास नभएका कारणले उमेर वा वातावरणमा सापेक्ष क्रियाकलाप गर्न समस्या हुने अवस्थाको व्यक्ति । (जस्तोः डाउन सिन्ड्रोम समेत)

**ज) अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता:** अनुवंशीय असरका कारण रगतमा हुने फ्याक्टरमा विचलन आई रगत जम्ने कार्यमा समस्या उत्पन्न हुने शारीरिक अवस्थाको व्यक्ति ।

**झ) अटिज्मसम्बन्धी अपाङ्गता:** जन्मजात नशा वा तन्तुको विकास र सोको कार्यमा आएको समस्या भएको व्यक्ति । (जस्तो– सञ्चार गर्न, सामान्य सामाजिक नियम बुझ्न र प्रयोग गर्न कठिनाई हुने तथा उमेरको विकाससँगै सामान्य व्यवहार नदेखाउनु, अस्वभाविक प्रतिक्रिया देखाउनु, एउटै क्रिया लगातार दोहोर्‍याइरहनु, अरूसँग घुलमिल नहुनु वा तीव्र प्रतिक्रिया गर्ने व्यक्ति)

ञ) बहुअपाङ्गता: एउटै व्यक्तिमा माथि उल्लिखित दुई वा दुईभन्दा बढी प्रकारका अपाङ्गताको समस्या भएको व्यक्ति । (जस्तै– मस्तिष्क पक्षघात आदि)



### १.६.३ अशक्तताको आधारमा गरिएको अपाङ्गताको वर्गीकरण

अशक्तताको आधारमा अपाङ्गतालाई ४ प्रकारमा वर्गीकरण गरेको छ

**(क) पूर्ण अशक्त अपाङ्गता:** आफ्नो दैनिक क्रियाकलाप सम्पादन गर्न निरन्तर रूपमा अरूको सहयोग लिदा पनि कठिनाई हुने वा नसक्ने अवस्थाको व्यक्ति, यस्तो अवस्थाका व्यक्तिहरूका लागि रातो कार्ड प्रदान गरिन्छ । रातो कार्ड भएका व्यक्तिलाई राज्यले मासिक रूपमा रु. ३ हजार ९ सय ९० सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने गरेको छ ।

**(ख) अति अशक्त अपाङ्गता:** वैयक्तिक क्रियाकलाप सम्पादन गर्न तथा सामाजिक क्रियाकलापमा संलग्न हुन निरन्तर रूपमा अरूको सहयोग लिनुपर्ने अवस्थाको व्यक्ति, यस्तो अवस्थाका व्यक्तिहरूका लागि निलो कार्ड प्रदान गरिन्छ । नीलो कार्ड भएका व्यक्तिलाई राज्यले मासिक रूपमा रु. २ हजार १ सय २८ सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने गरेको छ ।

**(ग) मध्यम अपाङ्गता:** भौतिक सुविधा, वातावरणीय अवरोधको अन्त्य, शिक्षा वा तालिम भएमा अरूको सहयोग लिई वा नलिई नियमित रूपमा आफ्नो दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थाको व्यक्ति, यस्तो अवस्थाका व्यक्तिहरूका लागि पहेलो कार्ड प्रदान गरिन्छ ।

**(घ) सामान्य अपाङ्गता:** सामाजिक तथा वातावरणीय अवरोध नभएमा नियमित रूपमा आफ्नो दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थाको व्यक्ति, यस्तो अवस्थाका व्यक्तिहरूका लागि सेतो कार्ड प्रदान गरिन्छ ।

### १.६.४ सामान्य रुपमा बालबालिकामा अपाङ्गता छ वा छैन कसरी हेर्ने वा थाहा पाउने ?

हामीसँगै हुर्किरहेका बालबालिका नै हाम्रा कामका आधारहरू हुन् । जब बालबालिका जन्मिन्छन् , जन्मनासाथ उनीहरू रुन्छन् , उनीहरू स्वस्थ भएको पहिलो आधार भनेको रुनु हो । उनीहरूले क्रमश: ६ सातामा चिउंडो उठाउछन्, १६ सातामा छाती उठाउछन्, २० सातामा अरूको मद्दतले बस्छन्, २४ सातामा काखमा बस्छन्, ३२ सातामा कसैको मद्दत नलिकन बस्छन्, ३४ सातामा मद्दत पाउदा उभिन्छन् ...... यसरी उनीहरूको गतिविधिहरू क्रमिक रूपमा बढ्दै जान्छ, बोलाइ, हेराइ, खुवाइ, अरूप्रति देखाउने व्यवहार, अरूप्रतिको आकर्षण, अरूको ध्यान तान्न गर्ने गतिविधि पनि क्रमिक रूपमा बढ्दै जान्छ । त्यसैलाई औषत व्यवहारको आधार मानेर अर्को बालबालिकालाई हेर्ने गरिन्छ । यसरी हेर्ने प्रक्रियालाई  सामान्य रूपमा लिइन्छ र हामीले बुझ्न चाहेको बालबालिकाको गतिविधि, विकासमा अरू बालबालिकाको तुलनामा कुनै फरक देखिएमा वा कमि देखिएमा तुरुन्तै डाक्टर वा स्वस्थकर्मिसँग परामर्श लिइहाल्नु पर्छ । कतिपय समस्याको उपचार समयमै गराउँदा त्यो धेरै मात्रामा नियन्त्रित हुने वा सिमित हुने गर्दछ, जसले परिवार बालाबालिकाको जीवन सजिलो बनाउछ । कतिपय अपाङ्गता गर्भावस्थामा पनि पत्ता लाग्न सक्छ । गर्भावस्थामा अपाङ्गता पत्ता लगाईसकेपछि यस सम्बन्धी अरू थप छलफल गर्न सकिन्छ, परिवारलाई तयार पार्न सकिन्छ । (यो गतिविधि गर्दा बालबालिकाले क्रमश: ६ सातामा, १६ सातामा, २० सातामा, २४ सातामा, ३२ सातामा, ३४ सातामा हुँदा गर्ने गतिविधिलाई सहभागीलाई चार्ट पेपरको एक भागमा लेख्न लगाउनुहोस् र चार्ट पेपरको अर्को भागमा हामीले तुलना गर्न चाहेको बालबालिकाले गर्ने गतिविधि लेख्न लगाउनुहोस् । सहभागीहरूलाई ती दुई बीचको तुलना गर्न भन्नुहोस् । तुलना गर्दा देखिएको फरक वा कमि माथि छलफल गराउनु होस् । यो छलफलबाट निकालिएको निष्कर्षको आधारमा वा कमिको आधारमा बालबालिकाको स्थिति र उसमा भएको कमि छुट्याउन सजिलो पर्छ । छलफलमा आएको निष्कर्ष बारे बालकका अभिभाकसँग छलफल गराउनु पर्छ र यसको यकिन वा निश्चित् गर्न अझै जाचबुझ गर्नुपर्छ भन्नेकुरा बारे सहभागीहरूलाई स्पस्ट पार्नुहोस् । तर हामीलाई को बालबालिका कस्तो प्रकारको अपाङ्गता भएको हो सोको निर्क्यौल गर्ने कानूनी अधिकार छैन । यसैले यसका लागि सबभन्दा पहिला यस प्रकारको पहिचानको सेवा दिने अस्पताल वा संस्थाको पहिचान गर्नु पर्छ, अनि सो कुराको जानकारी अभिभावकलाई दिनु पर्छ र सकेसम्म उनीहरूलाई त्यहाँसम्म पुग्ने वातावरण बनाइदिनु पर्छ ।

अपाङ्गताको क्षेत्रमा काम गर्ने वा सेवा प्रदायकले सबभन्दा बढी ध्यान पुर्‍याउनु पर्ने कुरा भनेको उपभोगताहरूको सेवा र सेवा प्रदायकसम्म सहज पहुँचको अवस्थाको सिर्जना गर्नु हो । अर्थात् सार्वजनिक स्थल, स्कुल, कार्यालय, अस्पताल, आदिमा अपाङ्गता भएका व्यक्तिहरू सेवा लिन सेवा प्रदायकसम्म सहज रूपमा पुग्न सक्ने स्थितिको व्यवस्था हुनुपर्छ । यस्तो अवस्थालाई पहुँचको सहजता भनिन्छ जसको कारण सेवा लिने व्यक्तिहरूले सेवा प्रदायकसम्म पुग्न अरूको सहयोग लिनु पर्दैन उनीहरू आफै पुग्न सक्छन्, यसले उनीहरूको स्वाभिमानको रक्षा पनि गर्छ ।



**सभागीहरुलाई यी कुराबारे स्पस्ट पार्नुहोस् ।**

### २.६.५ अपाङ्गता भएका व्यक्तिहरुका लागि राज्यको सामाजिक सुरक्षा प्रणाली ।




अशक्तताको आधारमा गरिएको अपाङ्गताको वर्गीकरणलाई आधार मानेर उक्त व्यक्तिहरूलाई चार प्रकारका कार्डहरू प्रदान गरिन्छ । यी कार्डको आधारमा राज्यले विविध सेवाहरू प्रदान गर्दछ :

- मासिक सामाजिक भत्ता
- यातायातमा सहुलीयत सुविधा
- सरकारी स्कूल, कलेजमा नि:शुल्क शिक्षा, व्यावसायिक सीप सिक्न विशेष व्यवस्था, विशेष छात्रवृत्तिको व्यवस्था, शैक्षिक सामग्री उपलब्ध गराउने,
- स्वास्थ्यको क्षेत्रमा विशेष सुविधा
- पुनर्स्थापनाको व्यवस्था
- रोजगारीमा विशेष संरक्षण
- अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्ने साधन, औजारमा सुविधा
- कानूनमा विशेष सुविधा
- मेरुदण्ड पक्षघात भएकाहरूका लागि नियमित औषधि खर्च रू. ५०००।-

(स्थानीय सरकारले आफ्नो स्रोत साधन हेरेर अरू सुविधा पनि थपेको पाइन्छ ।)

**सत्र सात**

### २.७ लिङ्ग र लैंङ्गिकता

**उद्देश्य:** यस सत्रको अन्त्यमा सहभागीहरू लिङ्ग र लैङ्गिकताका विषयमा बताउन सक्नेछन् ।
**अपेक्षित उपलब्धि:** लिङ्ग र लैङ्गिकताका विषयमा सहभागीहरू प्रशिक्षण दिन सक्षम हुनेछन् ।
**समय:** १३:३० देखि १४:००
**आवश्यक सामग्री:** चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा कार्ड
**विधि:** समूह छलफल, अभिनय तथा प्रस्तुतीकरण

**क्रियाकलाप**

- यो सत्रको थालनी समूह कार्यबाट गर्ने,
- सहभागीलाई दुई समूहमा विभाजन गर्नुहोस् । पहिलो समूहलाई चार्ट पेपर दिएर त्यसमा महिलाको विशेषता, गुण वा स्वभाव (अर्थात् के-के कुराले उनीहरूलाई महिला बनायो वा भन्न सकिन्छ त्यो बुँदागत लेखन भन्नुहोस् । (शारीरिक बनावट, काम, आदि सबैलाई आधार मान्ने)
- अर्को समूहलाई पुरुषको विशेषता, गुण वा स्वभाव (अर्थात् के-के कुराले उनीहरूलाई पुरुष बनायो भन्न सकिन्छ त्यो बुँदागत लेखन भन्नुहोस् । (शारीरिक बनावट, काम, आदि सबैलाई आधार मान्ने)
- दुवै समूहको समूह कार्य तयार भएपछि त्यस चार्टलाई तालिम हलका भित्तामा टाँसी त्यसचार्ट माथि (महिलाको बारेमा लेखिएको) महिलाको तस्वीर टाँस्न लगाउनुहोस् र अर्को चार्ट (पुरुषको बारेमा लेखिएको) मा पुरुषको तस्वीर लगाउनुहोस् र फरक समूहहरूलाई आफ्नो प्रस्तुत गर्न भन्नुहोस् ।
- प्रत्येक सहभागीहरूलाई तलका प्रश्नहरू प्रोजेक्टरमा देखाई उत्तर मेटाकार्डमा लेख्न लगाउने ।
- तपाई महिला/पुरुष भएको नाताले समाजले दिएको र तपाईंलाई पनि गर्न मन लागेको भूमिका के हो ?
- तपाई महिला/पुरुष भएको नाताले समाजले दिएको तपाईंलाई गर्न मन नलागेको तर भूमिका के हो ?
- तपाई महिला/पुरुष भएको नाताले समाजले नदिएको तर आफूलाई गर्न मन नलागेको भूमिका के हो ?
- समयको उपलब्धता अनुसार सहभागीहरूलाई प्रस्तुतीकरण गर्न लगाउने, त्यसपछि सहजकर्ताले सारांशमा प्रस्तुत गर्दै बच्चा जन्माउने दु:ध चुसाउने र डिम्बासय उत्पादन गर्ने काम महिला र शुक्रकिट उत्पादन गर्ने काम पुरुषले गर्नेदेखि बाहेक सबै काम महिला तथा पुरुष दुवैले गर्न सक्ने कुराको जानकारी गराउँदै यसका लागि समाज र संस्कृतिले दिएको भूमिकाको आधारमा गरिने विभेद मात्र हो भन्ने कुरा बुझाउने । (तर प्रस्तुतिमा अहिले छलफल नगर्ने)
- ती दुई चार्टमा माथि राखेको चित्रलाई परिवर्तन गर्ने भन्नुहोस् अर्थात् महिलाको विशेषता लेखिएको चार्टमा पुरुषको र पुरुषका विशेषता लेखिएको चार्टमाथि महिलाको तस्वीर राख्न लगाउने ।
- त्यसपछि सहभागीहरूलाई कुन-कुन बुँदा चित्र परिवर्तन गर्दा पनि दुवैलाई मिल्छ र कुन-कुन बुँदाहरू मिल्दैन हेर्न लगाउने । हेर्दा भेट्टाइएको अन्तरमाथि सामुहिक छलफल गराउने । कुन-कुन स्वभाव वा व्यवहार प्राकृतिक लिङ्ग (Sex) हो र सामाजिक लैङ्गिकता (Gender) भनी बताउने । प्राकृतिक लिङ्ग सामान्यतया फेर्न नसकिने हुन्छ भने सामाजिक लैङ्गिकता समाजले बनाउने हुँदा समाजले फेर्न सक्छ भनी सबैलाई बुझाएर सत्रको अन्त्य गर्ने ।

(व्याख्यात्मक परिचयमा तल उल्लेख गरिएका कुराहरूलाई नै सहभागीहरूले बुझ्ने गरी सहजकर्ताले व्याख्या गर्ने हों । यसरी व्याख्या गरीरहदा सहजकर्ताले आफ्नो जीवनमा भोगेका अनुभवहरू जोड्दा अझ राम्रो हुन्छ) ।

**व्याख्यात्मक परिचय**

## २.७.१ लिङ्ग र लैङ्गिकताको अवधारणा/प्राकृतिक लिङ्ग र सामाजिक लैङ्गिकता कसरी छुट्याउने ?

जन्मजात रूपमा प्रकृतिले छुट्टयाएको भिन्नता, जसलाई साधारणतया परिवर्तन गर्न सकिदैन त्यसलाई लिङ्ग भनिन्छ । प्रत्येक व्यक्तिले जन्मिदानै लिङ्ग प्राकृतिक रूपमा साथ लिएर आएको हुन्छ । जस्तै– महिला र पुरुष, यी दुवै फरक लिङ्गका हुन् र यी स्थायी हुन्छन् । गर्भधारण गर्ने कुरा, बच्चा जन्माउने कुरा, स्तनपान गराउने महिलाले मात्र गर्न सक्छिन् । गर्भधारण गर्न आवश्यक XX वा XY chromosome को आवश्यक पर्छ । पुरुषसँग मात्र X र Y दुवै chromosome हुन्छ र महिलासँग XX मात्र हुन्छ । छोरी जन्मिन पुरुषको X र महिलाको पनि X chromosome मिल्नु पर्छ भने छोरा जन्मिन महिलाको X र पुरुषको Y chromosome मिल्नै पर्छ । अर्थात् पाठेघरमा छोरा बन्न  पुरुषसँगमात्र भएको Y chromosome को मुख्य भूमिका हुन्छ, यो प्राकृतिक विभाजन हो । सामान्य रूपमा छोरा जन्मिनुमा महिलाको कुनै निर्णायक भूमिका हुँदैन । तर समाजले छोरा जन्माउन नसक्नु छोरी मात्रै जन्माउनुको दोष महिलालाई दिने गर्दछन् । यो पूर्ण रूपमा गलत हो भन्ने कुरा सहजकर्ताले सहभागीहरूलाई र सहभागीहरूले अरूलाई प्रशिक्षण गर्दा स्पष्ट रूपमा भन्नु पर्ने हुन्छ ।

महिला र पुरुष बीच शारीरिक भिन्नता बाहेक पनि अरू भिन्नता पनि पाइन्छ । यो समाजले सिर्जना गरिदिएको हो । जस्तो- लुगा लाउने, गरिने व्यवहार, गरिने कामहरू, दिइने शिक्षा आदि यी सबै समाजले तय गर्ने कुराहरू हुन् यसैलाई सामाजिक लैङ्गिकता भनिन्छ । (माथि खेलाएको खेलले पनि प्राकृतिक लिङ्ग र सामाजिक लैङ्गिकतालाई कसरी छुट्याउन सघाउँछ भन्ने कुरा थाहा दिन्छ )








सामाजिक लैङ्गिकताको आधारमा सिर्जित विभेदबारे छलफल गर्ने र यसलाई हटाउन के-के गर्न सकिन्छ केही बुँदाहरू तयार गर्ने । सहभागीहरूलाई चार समूहमा बाड्ने, प्रत्येक समूहलाई तल लेखिएका गतिविधिबाट ४, ४ क्षेत्र दिने, त्यसमा महिला पुरुष दुवैले गर्न सक्ने कामहरू छन् तर उक्त कार्यगर्दा उनीहरू दुवैले पाएको सुविधालाई आधार मानेर स्थिति सहितको सूची तयार गर्न लगाउने; यस्तो सूची ४ तहको बनाउन लगाउनुहोस्, जस्तै– घरमा गर्ने व्यवहारमा पुरुषलाई गर्ने व्यवहार र महिलालाई गर्ने व्यवहार एकै छ भने दुवैलाई १ मा राख्न लगाउनुहोस्, यदि फरक छ भने फरक-फरक ठाउँमा राख्न भन्नुहोस् ।

**गतिविधिहरूः**



१. हुर्काउदा गर्ने व्यवहार,
२. सिकाउने कामहरू,
३. घर भित्र र बाहिर गरिने व्यवहार,
४. दिइने शिक्षा र सुविधा
५. खेलकुद,
६. रोजगारी,
७. सम्पत्तिमा हुने अधिकार
८. राजनीति वा यस्तै क्षेत्रमा गरिएको व्यवहार,
९. उपलब्ध गरिएको वा दिइएको सामाजिक स्वतन्त्रता
१०. उपलब्ध गरिएको वा दिइएको धार्मिक स्वतन्त्रता
११. आफ्नो जीवनको लागि लिनु पर्ने निर्णय गर्न पाएको स्वन्त्रता
१२. उपलब्ध गराइएको सामाजिक स्थान, यी गतिविधिबाट महिला र पुरुष बीचमा धेरै अन्तर भएको पाइन्छ । यी अन्तर घटाउने कामहरूनै विभेद हटाउने कामहरू वा उपायहरू हुन् । सामान्य रूपमा घरमा गरिने व्यवहारलाई हेर्न सकिन्छ तरकारी केलाउने, चामल केलाउने, खाना पकाउने, भाँडा माझ्ने, लुगा धुने, घर बढार्ने (सफा गर्ने वा कुचो लागाउने) काम महिलाले गर्ने काम भनेर महिलाको लागि छुट्याइन्छ, यिनै कामहरूमा पुरुषको संलग्नता हुने हो वा दुवैलाई बराबर बाड्ने हो भने सामाजिक लैङ्गिकताको आधारमा सिर्जित विभेद ज्यादै कम हुन्थ्यो र यस्तो विभेद मेटाउने कामको सुरुवात घरबाट सुरु हुनु पर्छ भन्ने कुरा सहभागीहरूलाई बुझाउनुहोस् ।

**सत्र आठ**

## २.८ सामाजिक समावेशीता

**उद्देश्यः** यस सत्रको अन्त्यमा सहभागीहरू सामाजिक समावेशीताका विषयमा भन्न सक्नेछन्
**अपेक्षित उपलब्धिः** सामाजिक समावेशीताका विषयमा सहभागीहरू प्रशिक्षण दिन सक्षम हुनेछन् ।
**समयः** १४:०० देखि ३ बजेसम्म
**आवश्यक सामग्रीः** चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा कार्ड, कम्प्युटर, प्रोजेक्टर
**विधिः** समूह छलफल, अभिनय तथा प्रस्तुतीकरण

### क्रियाकलाप

- यो सेसनको थालनी समूह कार्यबाट गर्ने,
- समूह कार्यमा निम्न प्रश्नहरू दिई प्रस्तुतीकरण गर्न लगाउने,
    - सामाजिक समावेशीता भन्नाले के बुझ्नु हुन्छ ?
    - सामाजिक समावेशीता सम्बन्धी नेपालको विद्यमान कानूनी व्यवस्थाहरू के-के छन् ?
    - सामाजिक समावेशीताका विषयमा नेपालको समाजमा रहेको विद्यमान व्यवहारिक पक्षहरू के-के छन् ?
    - समाजमा विद्यमान रूपमा रहेका सामाजिक समावेशीताका विषयलाई कसरी परिवर्तन गर्न सकिन्छ ?
- यी प्रश्नहरू दिएर सहभागीहरूलाई चार भागमा विभाजन गर्ने र उपर्युक्त एक/एक वटा प्रश्न प्रदान गरी समूह कार्य गर्न लगाउने,
- समूह कार्य सकिएपछि प्रस्तुतीकरणका लागि अनुरोध गर्ने ।
- समूह कार्यको प्रस्तुतीकरण सकिएपछि सहजकर्ताले तयार गरेको प्रस्तुतीकरण प्रस्तुत गरी छलफल गर्ने ।

### सन्दर्भ सामग्री

### २.८.१ सामाजिक समावेशीताका अवधारणा के हो ?

सामाजिक समावेशीता एउटा प्रक्रिया हो, जसको आधारमा सबै व्यक्तिहरूका लागि समान अवसरहरूको सुनिश्चितता गरिन्छ । सबै व्यक्तिहरू भन्नाले सामाजिक रूपले राज्यका सबै नागरिकहरू र विशेष संरक्षणको आवश्यकता भएका वर्ग जस्तो पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारु, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत, मुस्लिम, पिछडा वर्ग, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई पनि नछुटाई विशेष रूपमा समावेस गरिएको बुझ्नु पर्छ ।

### २.८.२ सामाजिक समावेशीता

सामाजिक समावेशीताले मूलतः व्यक्तिको सुखद जीवन जिउनका लागि आवश्यक पर्ने सम्पूर्ण कुराहरूलाई समेट्छ । उसले महशुस गर्न सक्छ कि ! म पनि अरू सरहकै हुँ, म पनि यो समाज राष्ट्रसँग जोडिएको छु र अरूहरू जस्तै महत्त्वपूर्ण व्यक्ति हुँ, जसको स्वाभिमानको रक्षा गरिएको छ, प्रतिष्ठा छ र साथ सहयोग पाएको छु ।
समजमा विभिधता छ भन्ने कुरालाई पहिचान गरी स्वीकार गर्ने, सबैको पहुँचयुक्त शिक्षाको व्यवस्था गर्ने, शिक्षामा बालबालिकाको आवश्यकता अनुसारको पाठ्यक्रमको व्यवस्था गर्ने, सबै पक्षहरूसँग निरन्तर सम्वाद, छलफल र सहमतिको कार्य योजनाको निर्माण, कार्यान्वयन, समीक्षा र मूल्याङ्कन हुने सामाजिक समावेशीताको विशेषता हुन् । यसमा राजनीतिक, सामाजिक र मानवीय पक्ष छुट्नु हुँदैन ।

### २.८.३ समावेशी शिक्षा

समावेशी शिक्षा भन्नाले शिक्षाको अवसरबाट वञ्चित रहेका महिला, आदिवासी जनजाति, मधेसी, दलित, गरिब, पिछडिएको क्षेत्रका बासिन्दा, अशक्त, अपाङ्गता भएका, युद्ध तथा द्वन्द्वमा परेका, घरेलु श्रमिक, सडक बालबालिकालाई उनीहरूको आवश्यकतालाई दृष्टिगत गरी उनीहरूको रुचि र चाहना अनुसार उनीहरूको पहुँच पुग्ने स्थान र वातावरणमा दिइने शिक्षा नै समावेशी शिक्षा हो । समावेशी शिक्षा एउटा यस्तो शिक्षा प्रणाली जहाँ सिक्न चाहने वा पढ्न चाहने सम्पूर्ण विद्यार्थीलाई स्वागत गरेको हुन्छ जसले ती सिक्न चाहने व्यक्तिहरूको स्थिति, क्षमतालाई हेर्दैन । यसको लागि विद्यालयको भौतिक संरचना, पाठ्यक्रम, शिक्षण प्रणाली, यातायातको साधन आदि कुनैले पनि सबैलाई सँगै बसेर पढ्न, सिक्न अन्य अतिरिक्त कार्यक्रममा भाग लिन कुनै अवरोधको सिर्जना गर्दैन ।

### २.८.४ सामाजिक न्याय के हो त ?

सबै व्यक्तिलाई समान अधिकार, कानूनको समान व्यवहार, आर्थिक प्रतिफलको समान वितरण, राज्यको स्रोत साधनमा समान पहुँच हुनु नै सामाजिक न्याय हो ।
(अधिकारको समानता/अवसरको समानता/व्यवहारको समानता )



## २.८.५ कानूनी व्यवस्था

**नेपालको संविधान**
**धारा ४२ सामाजिक न्यायको हक :**

- सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारु, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत, मुस्लिम, पिछडा वर्ग, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, युवा, किसान श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ ।
- आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायको नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष लाभ पाउने हक हुनेछ ।
- अपाङ्गता भएको नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवन यापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ ।
- प्रत्येक किसानलाई कानून बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बिउबिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक हुनेछ ।
- नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनका लागि भएका सबै जनआन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित, विस्थापित, अपाङ्गता भएका व्यक्ति घाइते तथा पीडितलाई न्याय एवम् उचित सम्मान सहित शिक्षा, स्वास्थ्य रोजगारी आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ तथा अवसर पाउने हक हुनेछ ।

**समानताको हक:**

- सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।
- सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भाबस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।
- राज्यले नागरिकहरूका बीच उत्पत्ति धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।
- सामाजिक रेखाङ्कन, नयाँ सेवाको खोज, सेवाग्राही र सेवा प्रदायक बीच मध्यस्थकर्ताको काम ।

पहिलो चरणमा सहभागीहरूलाई आफ्नो क्षेत्रमा रहेका सेवाग्राहीहरूको बसोबासको स्थिति, उनीहरूको आर्थिक स्थिति, उनीहरूलाई आवश्यक पर्ने सेवाहरूको सूची तयार गर्न लगाउने । ती सेवाहरू पाइने वा प्रदान गर्नसक्ने संस्थाहरू, त्यसमा निर्णायक भूमिकामा रहेका व्यक्तिहरूको सूची तयार गर्न भन्ने, यस प्रकारका सेवा प्रदायकहरू मध्ये आफ्नो कार्य क्षेत्र भित्र रहेका र आफ्नो कार्य क्षेत्र बाहिर रहेकालाई छुट्याएर राख्न भन्ने र यसरी सूची तयार गर्दा ती स्थानहरूको रेखाङ्कन पनि गर्ने हो भने काम गर्न वा आवश्यकता पर्दा सेवा प्रदान गर्न सजिलो हुन्छ ।

## २.८.६ सेवासँगै सेवा प्रदायकको मर्यादित व्यवहार



**सहजकर्ताको लागि सुझाव:**

सहजकर्ताले आफ्नो जीवनकालमा भोगेको राम्रो व्यवहार र नराम्रो व्यवहार बारे अलिकति चर्चा गर्ने र त्यसले आफ्नो जीवनमा पारेको प्रभाव, उत्प्रेरणा, चोट बारे छोटो कथा सुनाउने । मुलतः राम्रो व्यवहार पाउदा आफूले समाजमा पुऱ्याउन सकेको योगदान र नराम्रो व्यवहारले लामो समयसम्म पुऱ्याएको पीडाबारे चर्चा गर्ने ।

**सहजकर्ताले गर्नुपर्ने काम :**

सबै सहभागीलाई दुई/दुई वटा मेटा कार्ड दिनुहोस् । एउटा मेटा कार्डमा सहभागीले आफ्नो जीवनकालमा सेवा प्रदायकबाट पाएको सबैभन्दा राम्रो व्यवहारको बारेमा छोटकरीमा लेख्न भन्नुहोस् । त्यो व्यवहार कुन समय/ठाँउमा पाइएको थियो- घरमा, विद्यालयमा, कलेजमा, समाजमा, काम गर्ने ठाँउमा त्यो पनि उल्लेख गर्न लगाउनुहोस् ।
अर्को मेटा कार्डमा सहभागीले आफ्नो जीवनकालमा सेवा प्रदायकबाट पाएको सबैभन्दा नराम्रो, चित्त दुखाउने व्यवहारको बारेमा छोटकरीमा लेख्न भन्नुहोस् । त्यस्तो चित्त दुखाइको व्यवहार कुन समय/ठाँउमा पाइएको थियो- घरमा, विद्यालयमा, कलेजमा, समाजमा, काम गर्ने ठाँउ वा अन्य कुनै ठाँउमा त्यो पनि उल्लेख गर्न लगाउनुहोस् । (समय ६ मिनेट)

- प्रत्येक कार्डमा सहभागीहरूलाई आफ्नो नाम पनि लेख्न सम्झाउनुहोस् ।
- दुवै कार्डलाई सङ्कलन गर्नुहोस् ।
- पाँच सहभागी छान्नुहोस् र उहाँहरूलाई पाएको सबैभन्दा राम्रो व्यवहारको बारेमा भन्न लगाउनुहोस्,
- पाँच सहभागी छान्नुहोस् र उहाँहरूलाई आफूले पाएको सबैभन्दा नराम्रो व्यवहारको बारेमा भन्न लगाउनुहोस् । फेरी उहाँहरूलाई नै त्यो नराम्रो व्यवहारको सट्टामा कस्तो व्यवहार हुनु पर्दथ्यो त्यो भन्न लगाउनुहोस् । अब उहाँहरूले कस्तो महशुस गरिरहनु भएको छ, सो कुरा भन्न अनुरोध गर्नुहोस् ।
- (सबैको लागि सबैले ताली बजाउने )

अब हाम्रो अवस्था भनेको सेवा प्रदायकको हो, यस्तो अवस्थामा हामीले गर्ने व्यवहार सेवा लिनेहरूको लागि कस्तो राम्रो हुन्छ, उनीहरूको स्वाभिमानको रक्षा कसरी गर्छ ? त्यो बारे ध्यान दिएर मात्र सेवा प्रदान गरौं । सेवा लिनेले पनि यो राज्यबाट मैले पाउनु पर्ने, मेरो अधिकार हो, मैले पाएँ भन्ने महसुस गर्न सकुन् भन्ने कुरा सम्झाउने । हाम्रो उपस्थिति हाम्रो छनौट हो, हामीले हाम्रो विवेकले तय गरेकाले यो सेवामूलक कार्य छानेका हौं र हाम्रो काम राज्यको सहयोगी हात भएर गरिरहेका छौं भन्ने कुरा दोहोऱ्याएर भन्न सकिन्छ ।

सहजकर्ताले कक्षाको समाप्ति गर्न सक्छन् ।

**तेस्रो दिन**
**सत्र नौं**

## ३.५ सामाजिक सुरक्षाको परिभाषा तथा अवधारणा

**उपशीर्षक :** (क) सामाजिक सुरक्षाको परिभाषा तथा अवधारणा
(ख) सामाजिक सुरक्षाको ऐतिहासिक पृष्ठभूमि

**उद्देश्य :** यस सत्रको अन्त्यसम्ममा,

- सहभागीहरू सामाजिक सुरक्षाको परिभाषा बताउन सक्नेछन्,
- सहभागीहरूले सामाजिक सुरक्षाको ऐतिहासिक पृष्ठभूमिको बारेमा जानकार हुनेछन्,
- सामाजिक सुरक्षाको अवधारणाको व्याख्या गर्न सक्नेछन् ।

**तालिम सामग्री :** फ्लिपचार्ट, मेटा कार्ड, मार्कर
**विधिः** खुल्ला छलफल, प्रस्तुति र प्रश्नोत्तर
**समय :** १ घण्टा

### सत्रको विस्तृत विवरण

**क्रियाकलाप १ : व्यक्तिगत कार्य र छलफल**

- सत्रको सुरुवातमै सामाजिक सुरक्षा भनेको के हो ? भनेर सहभागीलाई खुल्ला प्रश्न गर्नुहोस् ।
- सहभागीले जवाफ दिदै गर्दा उनीहरूको हातमा एक/एक वटा मेटाकार्ड दिनुहोस् ।
- प्रत्येक सहभागीलाई सामाजिक सुरक्षाको परिभाषा तथा आफ्नो बुझाइलाई बढीमा ३ वटा शब्दमा लेख्नको लागि आग्रह गर्नुहोस् ।
- मेटाकार्डमा लेख्नको लागि ५ मिनेटको समय दिनुहोस् ।
- प्रत्येक सहभागीलाई अरूले लेखेको नहेर्न र आफ्नो अरूलाई नदेखाउनको लागि आग्रह गर्नुहोस् ।
- पाँच मिनेटपछि सबै मेटाकार्ड सङ्कलन गर्नुहोस् र मेटाकार्डलाई फिट्नुहोस् । ताकि कसले के जवाफ दिएका थिए भन्ने थाहा नहोस् ।
- त्यसपछि प्रत्येक मेटाकार्डमा भएका बुँदा वा शब्दलाई वाचन गर्दै जानुहोस् । त्यसमा उल्लेख भएका सवालहरू सामाजिक सुरक्षासँग मिल्दोजुल्दो भएमा उदाहरण दिँदै व्याख्या गर्दै जानुहोस् ।
- यसरी छलफल गर्दै जाँदा सहभागीहरूको पनि विचार लिनुहोस् । उनीहरूलाई पनि आफूलाई थाहा भएको कुरा बताउँदै जानको लागि आग्रह गर्नुहोस् ।
- सबै सहभागीले लेखेका बुदँहरू सकिएपछि सहजकर्ताले तलको अध्ययन सामग्रीमा भएका सवालहरूलाई जोड्दै सामाजिक सुरक्षाको परिभाषा तथा अवधारणा सहभागीहरूलाई बुझाइदिनुहोस् ।

**क्रियाकलाप नं. २: मस्तिष्क मन्थन, प्रश्नोत्तर तथा छलफल**

- सहभागीहरूले सामाजिक सुरक्षाको अवधारणाको बारेमा जानकारी पाईसकेपछि यसको ऐतिहासिक पृष्ठभूमिको बारेमा छलफल सुरुवात गर्नुहोस् ।
- यसक्रममा सहभागीहरूलाई सामाजिक सुरक्षा कहिलेबाट सुरुभयो होला ? त्यसबारेमा केहि जानकारी छ भनेर सोध्नुहोस् ।
- सहभागीले बताएको मिति र सन्दर्भलाई ह्वाईट बोर्डमा टिप्दै जानुहोस् ।
- सहभागीहरूलाई इतिहासको लामो कालखण्डदेखि सामाजिक सुरक्षा थियो कि थिएन होला ? भनेर सोध्नुहोस् ।
- सहभागीहरूलाई दासप्रथा भएको समाजमा वा सामन्तवादी उत्पादन प्रणाली भएको समयमा सामाजिक सुरक्षाको अवधारणा थियो कि थिएन होला ? भनेर सोध्नुहोस् । यस क्रममा दासहरू वा किसानहरूलाई कुनै सामाजिक सुरक्षा दिइन्थ्यो कि दिईदैनथ्यो होला भनेर सोध्नुहोस् ।
- सहभागीहहरूले दिएको जवाफलाई ह्वाईट बोर्डमा टिप्दै जानुहोस् ।
- सहभागीहरूले जवाफ दिईसकेपछि दास प्रथा वा सामान्तवादी प्रथामा सामाजिक सुरक्षाको अवधारणा थिएन । त्यो अवधारणा केवल युरोपको औद्योगिक क्रान्तिपछि सन् १८८० को दशकपछि मात्र सुरुवात भएको जानकारी पनि दिनुहोस् ।
- सहभागीसँग छलफल गर्दै जाँदा सहजकर्ताले पनि तल अध्ययन सामग्रीको आधारमा त्यसलाई प्रष्ट्याउँदै छलफल गर्दै अगाडि जानुहोस् ।
- सहभागीहरूले दिने जवाफ सकिएपछि तलको अध्ययन सामग्रीको आधारमा सामाजिक सुरक्षाको ऐतिहासिक सन्दर्भलाई प्रस्ट पारिदिनुहोस् ।
- यसपछि आएका सुझावहरू समेतका आधारमा सामाजिक सुरक्षाको अवधारणा र ऐतिहासिक विकासक्रमलाई प्रस्तुत गर्ने र समान बुझाइको विकास गर्नलाई सहयोगी भूमिका निर्वाह गर्नुहोस् ।

**अध्ययन सामग्री**

### २.५.१ परिभाषा तथा अवधारणा

अति गरिबीको रेखामुनी रहेका, असहाय अवस्था भएका, जोखिममा परेका वा जोखिमी अवस्था उन्मुख व्यक्ति, घरपरिवार तथा समुदायलाई जीवनमा आउन सक्ने सम्भाव्य जोखिमहरूबाट जोगाएर सुरक्षित जीवनको सुनिश्चितता प्रदान गर्ने नीति र कार्यक्रमहरूलाई सामान्यतः सामाजिक सुरक्षा भनिन्छ ।

सामाजिक सुरक्षा त्यस्तो नीति, कार्यक्रम तथा सेवाहहरूको समग्र रूप हो, जसले व्यक्ति र समाजलाई जोखिम तथा अस्थिरता व्यवस्थापन गर्न, गरिबी र असमानताबाट जोगाउन तथा आर्थिक अवसरमा पहुँच अभिवृद्धि गर्न मद्दत गर्दछ । सामाजिक सुरक्षाले न्यून आय वा आय नभएकाहरूलाई राज्यका तर्फबाट प्रदान गरिने सहयोग र सहुलीयत (सबै प्रकारका नगद वा वस्तुगत)लाई बुझाउँछ । यसले आफूलाई कुनैपनि संकट पर्दा राज्य छ भन्ने कुराको अनुभूति महशुस गराउँदछ ।

संयुक्त राष्ट्र सङ्घको सामाजिक विकास अध्ययन केन्द्रका अनुसार सामाजिक सुरक्षाले बेरोजगार, वञ्चितीकरण, बिरामी, अपाङ्गता र बुढेसकालमा हुने सामाजिक तथा आर्थिक जोखिम व्यवस्थापन गर्न, उनीहरूको क्षमता अभिवृद्धि गर्न, व्यक्तिहरूको उक्त जोखिम कम गर्न र श्रम बजारको दक्षता अभिवृद्धि गर्न तर्जुमा गरिएको नीति तथा कार्यक्रमहरू समावेश गर्दछ ।

सामाजिक सुरक्षाको विषयलाई संयुक्त राष्ट्रसङ्घ तथा अन्य अन्तर्राष्ट्रिय स्तरका विभिन्न घोषणाहरूले सम्बोधन गरिरहेका छन् । खासगरी संयुक्त राष्ट्रसङ्घको सन् १९४८ को मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा, सन् १९६५ को जातजाति विरुद्धका सबै किसिमका भेदभाव निर्मूलन सम्बन्धी घोषणा, सन् १९६६ को आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी घोषणा, सन् १९७९ को महिला विरुद्ध हुने सबै किसिमका भेदभाव निर्मूलन सम्बन्धी घोषणा, सन् १९८९ को बाल अधिकार सम्बन्धी घोषणा, सन् २००० को सहस्राब्दी घोषणा, सन् २००६ को अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी घोषणा लगायतका घोषणाहरू छन् । अचेल विश्वका प्रायः सबै देशहरूमा कुनै न कुनै किसिमका सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालनमा रहको पाइन्छ ।

नागरिकको जीवनमा आइपर्ने जोखिम न्यूनीकरण गर्न र मर्यादित जीवन निर्वाहको सुनिश्चित गर्न निश्चित योजना सहितको भरपर्दो सहयोग तथा स्रोतसाधनको जोहो गर्नुपर्छ भन्ने मान्यताका आधारमा सामाजिक सुरक्षाको अवधारणा आएको पाइन्छ । यस्तो सहयोग सामाजिक बिमा, सामाजिक सहयोग र सामाजिक हेरचाहका रूपमा योगदान, गैर योगदान र श्रम बजार नियमनको आधारमा प्रदान गरिन्छ । औपचारिक क्षेत्रमा काम गर्नेका लागि योगदानका आधारमा सामाजिक सुरक्षाको योजना बनाउने र अन्य विपन्न तथा असाहाय र जोखिममा परेकाको हकमा सरकारले बिना योगदान नगद तथा सेवा प्रवाह गर्ने व्यवस्था विश्वका धेरै देशमा लागू भएको छ ।

### २.५.२ सामाजिक सुरक्षा कार्यक्रमको उद्देश्य

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत मूलतः लक्षित लाभकर्तालाई नगद हस्तान्तरण वा भत्ता वितरण गरिने कार्यक्रमको उद्देश्यहरू निम्नानुसार रहेका छन्:

- राज्यको दायित्व, निर्देशक सिद्धान्त र नीतिबमोजिम सामाजिक न्याय प्रदान गर्नु,
- ज्येष्ठ नागरिक, एकल महिला तथा विधवा, अपाङ्गता भएका व्यक्ति, दलित तथा लोपोन्मुख जातजाति एवम् बालबालिकाको सामाजिक सुरक्षासम्बन्धी हक, अधिकार संरक्षण गर्नु र
- पछाडि पारिएका वर्ग, समुदाय, क्षेत्र, लिङ्गका परिवारका बालबालिकाको पोषण अवस्थामा सुधार ल्याउनु लगायत रहेका छन् ।

### २.५.३ सामाजिक सुरक्षाको ऐतिहासिक पृष्ठभूमि

सामाजिक सुरक्षाको विषय शताब्दियौंदेखि सरकारी, गैरसरकारी, निजी र धार्मिक संस्थाहरूले आत्मसात् गरी एकीकृत रूपमा सञ्चालन गरेको कार्य हो । औपचारिक रूपमा सामाजिक सुरक्षा कार्यक्रम विश्वमा नै सबभन्दा पहिला जर्मनीले सन् १८८० को दशकदेखि बिरामी कामदारको स्वास्थ्य बीमाबाट, फ्रान्सले सन् १९०५ देखि बेरोजगारी भत्ता सु-व्यवस्थाबाट, बेलायतले सन् १९११ देखि स्वास्थ्य बीमा, बेरोजगारी भत्ता र ज्येष्ठ नागरिकको बीमा वा भत्ता कार्यक्रमबाट र तत्कालीन सोभियत सङ्घले सन् १९२२ देखि बृहत् सामाजिक सुरक्षाको व्यवस्था सुरु गरेको पाइन्छ । यसैगरी अमेरिकाले सन् १९३५ मा बेरोजगार, वृद्धवृद्धा र सेवा निवृत्त कर्मचारीका लागि भत्ता वा बीमाको व्यवस्था गरेको देखिएको छ ।

## ३.१० नेपालमा सामाजिक सुरक्षासम्बन्धी विद्यमान संवैधानिक तथा कानुनी व्यवस्थाहरु

**उपशीर्षक :** (क) नेपालमा सामाजिक सुरक्षा सम्बन्धी संवैधानिक व्यवस्था
(ख) नेपालमा सामाजिक सुरक्षा सम्बन्धी विद्यमान कानूनहरू

**उद्देश्य :** यस सत्रको अन्त्यसम्ममा,

- सहभागीहरू नेपालमा सामाजिक सुरक्षा सम्बन्धी संवैधानिक व्यवस्थाको बारेमा जानकार भएका हुनेछन् ।
- सहभागीहरूले नेपालमा सामाजिक सुरक्षा सम्बन्धी ऐन कानुनको बारेमा बताउन सक्नेछन् ।

**तालिम सामग्री :** फ्लिपचार्ट, मेटाकार्ड, न्यूजप्रिन्ट पेपर, मार्कर
**विधि :** समूह कार्य, प्रस्तुति र छलफल
**समय :** १ घण्टा ३० मिनेट

**सहजकर्तालाई नोटः तालिमको यस सत्रको सुरूवात हुनुभन्दा अगाडि नै दुईवटा न्यूजप्रिन्ट पेपर तयार गर्नुहोस् । पहिलोमा नेपालमा सामाजिक सुरक्षा सम्बन्धी संवैधानिक व्यवस्था र दोस्रोमा नेपालमा सामाजिक सुरक्षा सम्बन्धी ऐन कानूनहरु भनेर सबैभन्दा सिरानमा लेख्नुपर्दछ । यसको तयारी तालिम सञ्चालन हुनुभन्दा अघिल्लो दिन साँझमा गर्दा राम्रो हुन्छ ।**

**क्रियाकलापहरुः**

- तालिमको यो सत्रको सुरुवातमा सहभागीहरूलाई दुईवटा समूहमा विभाजन गर्नुहोस् । समूह विभाजन गर्दा सहजकर्ताले आफ्नो बायाँ हातबाट पहिलो सहभागीलाई एक र दोस्रो सहभागीलाई दुई नम्बर दिनुहोस् । यसैगरी बिजोर नम्बर पर्ने जतिलाई समूह एक र जोर नम्बर पर्ने जतिलाई समूह दुईमा विभाजन गर्नुहोस् ।
- पहिलो समूहलाई “नेपालमा सामाजिक सुरक्षा सम्बन्धी संवैधानिक व्यवस्थाहरू” र दोस्रो समूहलाई “नेपालमा सामाजिक सुरक्षा सम्बन्धी ऐन कानूनहरू” भनेर लेखिएको न्यूजप्रिन्ट पेपर जिम्मा लगाउनुहोस् ।
- यसपछि सबै सहभागीहरूलाई आ-आफ्नो समूहमा एकतृत हुनलाई आग्रह गर्नुहोस् ।
- पहिलो समूहका सदस्यहरूलाई आफ्नो समूहमा रहेर नेपालमा सामाजिक सुरक्षा सम्बन्धी संवैधानिक व्यवस्थाहरूको बारेमा प्रस्तुतीकरण तयार पार्नको लागि आग्रह गर्नुहोस् ।
- दोस्रो समूहलाई हालसम्म नेपालमा सामाजिक सुरक्षा सम्बन्धी ऐन, कानूनहरू के-के रहेका छन् ? भन्ने बारेमा समूहमा बसेर छलफल गरेर प्रस्तुतीकरण तयार गर्नको लागि आग्रह गर्नुहोस् ।
- दुवै समूहलाई समूह कार्यको लागि २५ मिनेटको समय दिनुहोस् । समूहकार्यको सुरुवातमा एकजना समूहको तयारीलाई प्रस्तुत गर्ने व्यक्ति छान्नको लागि आग्रह गर्नुहोस् ।
- दुवै समूहले आफ्नो समूहमा बसेर छलफल तथा काम गरिरहँदा सहजकर्ता नियमित रूपमा दुवै समूहमा पुगेर सहयोग गर्नुहोस् ।
- तोकिएको समय समाप्त भएपछि दुवै समूहका सहभागीहरूलाई पूर्ववत् स्थानमा बस्नको लागि आग्रह गर्नुहोस् ।
- यसपछि पहिलो समूहको प्रस्तुतकर्तालाई आफ्नो समूहको प्रस्तुतीकरण गर्नको लागि आग्रह गर्नुहोस् ।
- प्रस्तुतीकरणको लागि ५ मिनेटको समय प्रदान गर्नुहोस् ।
- प्रस्तुतीकरण सकिएपछि छलफलको सुरुवात गर्नुहोस् ।
- सम्पूर्ण सहभागीहरूलाई नेपालमा सामाजिक सुरक्षा सम्बन्धी संवैधानिक व्यवस्थाको बारेमा छलफल गर्नुहोस् । त्यसबारेमा आफूलाई थप जानकारी छ भने थप गर्नको लागि सहभागीहरूलाई आग्रह गर्नुहोस् ।
- सहभागीले कुनै संवैधानिक व्यवस्थालाई थप गरेमा वा बताएमा त्यसलाई ह्वाईटबोर्ड वा न्यूजप्रिन्ट पेपरमा टिप्दै जानुहोस् ।
- सहभागीहरूले आफ्नो भनाइ राखिसकेपछि अध्ययन सामग्रीमा उल्लेख गरिएको सामग्रीहरूको आधारमा नेपालमा सामाजिक सुरक्षाका बारेमा भएका संवैधानिक व्यवस्थाहरूको बारेमा बताईदिनुहोस् ।
- यसबारेमा सहभागीहरू प्रस्ट भइसकेपछि पहिलो समूहको कार्यलाई अन्त्य गर्नुहोस् र दोस्रो समूहका प्रस्तुतकर्तालाई आफ्नो प्रस्तुतिको लागि आग्रह गर्नुहोस् ।
- दोस्रो समूहलाई पनि प्रस्तुतीकरणको लागि ५ मिनेटको समय प्रदान गर्नुहोस् ।
- प्रस्तुतीकरण सकिएपछि छलफलको सुरुवात गर्नुहोस् ।
- सम्पूर्ण सहभागीहरूलाई नेपालमा सामाजिक सुरक्षा सम्बन्धी ऐन तथा कानूनको बारेमा छलफल गर्नुहोस् । त्यसबारेमा आफूलाई थप जानकारी छ भने थप गर्नको लागि सहभागीहरूलाई आग्रह गर्नुहोस् ।
- सहभागीहरूले नेपालमा सामाजिक सुरक्षा नयाँ कुनै ऐन, कानूनहरू बताएमा त्यसलाई ह्वाईटबोर्ड वा न्यूजप्रिन्ट पेपरमा टिप्नुहोस् ।
- सहभागीहरूले आफ्नो भनाइ राखिसकेपछि अध्ययन सामग्रीमा उल्लेख गरिएको सामग्रीहरूको आधारमा नेपालमा सामाजिक सुरक्षाका बारेमा भएका ऐन तथा कानूनहरूको बारेमा बताईदिनुहोस् ।
- दुवै समूहको प्रस्तुतीकरण सकिएपछि अध्ययन सामग्रीको आधारमा नेपालमा सामाजिक सुरक्षा सम्बन्धी संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्थाको बारेमा बताईदिनुहोस् ।
- यसपछि आएका सुझावहरू समेतका आधारमा सामाजिक सुरक्षाको अवधारणा र ऐतिहासिक विकासक्रमलाई प्रस्तुत गर्ने र समान बुझाइको विकास गर्नलाई सहयोगी भूमिका निर्वाह गर्नुहोस् ।

## अध्ययन सामग्री

### ३.१०.१ सामाजिक सुरक्षासँग सम्बन्धित संवैधानिक व्यवस्था

नेपालको संविधानको धारा ४२ को सामाजिक न्यायको हक अन्तर्गत उपधारा (२) मा आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ भनी उल्लेख भएको छ । साथै धारा ४३ मा सामाजिक सुरक्षाको हक अन्तर्गत आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हकको व्यवस्था भएको छ । मर्यादित श्रमको अवधारणा अनुरुप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदाय भित्रका आर्थिक रूपले विपन्न वर्गलाई प्राथमिकता प्रदान गर्ने राज्यको नीति रहेको छ । यसबाट संरक्षणको विशेष आवश्यकता भएका नागरिक तथा बालबालिकाको सामाजिक सुरक्षा सम्बन्धी सेवा सुविधा पाउने अधिकार सुनिश्चित हुने दिशातिर सरकार अग्रसर रहेको छ ।

यसैगरी संविधानको धारा ५१ (झ) श्रम रोजगार सम्बन्धी नीतिमा मर्यादित श्रमको अवधारणा अनुरूप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने तथा (ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिमा सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदाय भित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने राज्यको नीति रहेको छ ।

नेपालको संविधानले रोजगारीको हक, श्रमको हक, सामाजिक सुरक्षाको हक, खाद्य सुरक्षा र खाद्य सम्प्रभुता सम्बन्धी हक, आवास सम्बन्धी हक, स्वास्थ्य सम्बन्धी हक, शिक्षा सम्बन्धी हक, महिला सम्बन्धी हक, बालबालिका सम्बन्धी हक, दलित सम्बन्धी हक, ज्येष्ठ नागरिकको हक र सामाजिक न्यायको हकलाई मौलिक हकको रूपमा सुनिश्चित गरेको छ । राज्यले सबै नागरिकको गुणस्तरीय जीवनयापनको सुनिश्चितताका लागि सामाजिक सुरक्षा तथा संरक्षणको नीति अवलम्बन गरेको छ ।


### ३.१०.२ सामाजिक सुरक्षासँग सम्बन्धित विद्यमान कानूनी व्यवस्था

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५ को दफा ३२ मा सामाजिक सुरक्षा अन्तर्गत नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई समाजमा स्वतन्त्र र स्वाबलम्बनपूर्वक जीवनयापन गर्न सक्ने गरी सक्षम बनाउन अपाङ्गता भएका व्यक्तिको योगदान रहने गरी वा तोकिएको अवस्थामा निःशुल्क रूपमा तोकिएका सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयनमा ल्याउने व्यवस्था छ । यस पुस्तिकामा योगदानमा आधारित नहुने सामाजिक सुरक्षा कार्यक्रमबाट नागरिकलगायत विभिन्न समूहका बालबालिकालाई प्रदान गरिने नगद हस्तान्तरण तथा भत्ता वितरण कार्यक्रम समावेश गरिएको छ । कुनैपनि सेवा र क्षेत्रमा कार्य गरेका कर्मचारीका लागि प्रदान गरिने सामाजिक सुरक्षाका सेवासुविधा लगायतका विषयहरू यस पुस्तिकामा समावेश गरिएका छैनन् । यसैगरी राज्यको तर्फबाट कुनैपनि व्यक्ति, समूह वा व्यवसायीलाई सामाजिक सुरक्षाअन्तर्गतको मासिक वा एकमुष्ठ भत्ताबाहेकका सेवा, सुविधा वा सहयोग समेत यस पुस्तिकामा समावेश गरिएको छैन । सामाजिक संरक्षण लगायत सामाजिक सुरक्षा कार्यहरू मूलतः निम्नानुसारका ऐनहरू तथा नियमावलीहरूमा प्रत्यक्ष तथा परोक्ष रूपमा समावेश गरिएको देखिएको छ ।

- निजामति सेवा ऐन, २०४९ र यसको नियमावली, २०५०
- समाज कल्याण ऐन, २०४९
- ट्रेड युनियन ऐन, २०४९
- बालश्रम (नियमित र निषेधित गर्ने) ऐन, २०५६
- वैदेशिक रोजगार ऐन, २०६४
- योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४
- श्रम ऐन, २०७४
- योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५
- रोजगारीको हकसम्बन्धी ऐन, २०७५
- बालबालिका सम्बन्धी ऐन, २०७५
- अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५
- सामाजिक सुरक्षा ऐन, २०७५ लक्षित व्यक्ति, परिवार तथा समुदायको योगदानमा आधारित नहुने सामाजिक सुरक्षा कार्यक्रमसँग सम्बन्धित मुख्य ऐनको रूपमा सामाजिक सुरक्षा ऐन, २०७५ लाई लिन सकिन्छ । यस ऐनमा सामाजिक सुरक्षा भत्ताका विभिन्न प्रावधानहरू रहेका छन् ।
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५
- एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८०
- विपद संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण निर्देशिका, २०८१

## सामाजिक सुरक्षाको प्रकार

- गैर योगदानमा आधारीत
- योगदानमा आधारीत
- श्रम बजार नीति




### ३.१०.३ नेपालमा सामाजिक सुरक्षासम्बन्धी कार्यको विकासक्रम

- वि.सं. १९९१: सैनिक द्रव्यकोषको स्थापना
- वि.सं. १९९३: निवृत्तिभरणको प्रारम्भ
- वि.सं. २००१: निजामति प्रोभिडेन्ट फण्डको स्थापना
- वि.सं. २०१३ सालदेखि सुरुवात भएको आवधिक योजनामा सामाजिक कल्याणकारी भावनाका विषय समावेश
- वि.सं. २०१९: कर्मचारी सञ्चयकोषको स्थापना
- वि.सं. २०४७: नागरिक लगानी कोषको स्थापना
- वि.सं. २०५१: ज्येष्ठ नागरिक भत्ताको प्रारम्भ तथा आठौं आवधिक योजनामा सामाजिक सुरक्षाको विषयलाई छुट्टै शीर्षकमा समावेश गरी सामाजिक सुरक्षाका विषयलाई विशेष प्राथमिकतामा पारिएको ।
- वि.सं. २०६६: सामाजिक सुरक्षा करको प्रारम्भ
- वि.सं. २०६७: सामाजिक सुरक्षा कोषको स्थापना
- वि.स. २०७४: योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम
- वि.स. २०७५ मंसिर ११: सामाजिक सुरक्षा योजनाको प्रारम्भ, २०७६ श्रावण १ गतेदेखि लागू
- वि.सं. २०७४ पछि योगदानमा आधारित सामाजिक सुरक्षाका आयामहरू थप भई कार्यान्वयनमा रहेको,
- वि.सं. २०८० मा एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना निर्माण भई कायान्वयनमा रहेको ।
- वि.सं. २०८१ मा विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण निर्देशिका

**सत्र एघार**

## २.११ कसलाई चाहिन्छ सामाजिक सुरक्षा ?

**उपशीर्षक :** (क) सामाजिक सुरक्षा चाहिने समूह कुन हुन् ?
(ख) सामाजिक सुरक्षाको अवधारणाले कसलाई समेट्नु पर्दछ ?
(ग) सामाजिक सुरक्षालाई प्रवर्द्धन गर्न सामाजिक अभियान्ताले के गर्न सक्छन् ?

**उद्देश्य :** यस सत्रको अन्त्यसम्ममा,

- सहभागीहरूले सामाजिक सुरक्षा आवश्यक पर्ने समूहको बारेमा प्रस्ट रूपमा जानकारी पाएका हुनेछन् ।
- सहभागीहरूले सामाजिक सुरक्षालाई प्रवर्द्धन गर्न सामाजिक अभियन्ता, युवा अभियानकर्ताको नाताले आफ्नो दायित्व र जिम्मेवारीको बारेमा जानकारी प्राप्त गरेका हुनेछन् ।

**तालिम सामग्री :** खेलको बारेमा तयार पारिएको सामग्री, खेलको भूमिका भएको पेपरको कपी, फ्लिपचार्ट, मेटाकार्ड, न्यूजप्रिन्ट पेपर, मार्कर आदि
**विधिः** खेल, प्रस्तुति, छलफल तथा प्रश्नोत्तर
**समय :** १ घण्टा

**सहजकर्तालाई नोटः तालिममा रहेको यस खेल सुरु हुनुभन्दा अगाडि नै खेल सामग्री भनि राखिएको सामग्रीहरुको प्रिन्ट गरिसकेको हुनुपर्दछ । यसैगरी खेलका सहभागीहरुलाई वितरण गर्ने भूमिका पनि प्रिन्ट गरेर टुक्रा बनाई चिठ्ठा जसरी पट्याईसकेको हुनुपर्दछ । यसैगरी यो खेल खेल्नको लागि ठुलो ठाउँको आवश्यकता पर्दछ । तालिमको यस सत्र सुरु हुनुभन्दा अगाडि नै उक्त ठाउँ कहाँ हुन सक्छ भन्ने सुनिश्चित गरिसक्नुपर्दछ । यसको लागि होटलको छत वा बाहिरको खुल्ला ठाउँ हुन सक्छ ।**

### सत्रको विस्तृत विवरण

खेल सुरु हुनु भन्दा पहिला सहजकर्ताले समाजमा विभिन्न अवसरहरू हुन्छन् तर ती अवसरहरू सबै व्यक्तिका लागि उत्तिकै उपयोगी र सान्दर्भिक नहुन सक्छन् भनी सहभागीहरूलाई बताउनु पर्छ । कुनै एउटा अवसर कुनै एक व्यक्तिका लागि उपयोगी हुन्छ भने कुनै अर्को अवसर कुनै अर्कै व्यक्तिका लागि बढी सान्दर्भिक र उपयोगी हुन सक्छ । यसरी समाजमा उपलब्ध हुने अवसरहरूले व्यक्तिलाई कसरी अगाडि वा पछाडि पारिरहेको हुन्छ अनि सामाजिक सुरक्षा प्रदान गर्दा कसलाई प्राथमिकता दिने भन्ने बुझ्नको लागि यो खेलको अभ्यास गर्दैछौं भनी सहभागीहरूलाई जानकारी दिने ।

- यो खेल सुरु गर्नुभन्दा अगाडि सहजकर्ताले खेलको लागि उपयुक्त हल वा खाली स्थान हेरेर १२ देखि १५ जनालाई खेलमा सहभागी गर्नुहोस् ।
- त्यस बाहेकका सबैलाई अवलोकनकर्ताको रूपमा रहने व्यवस्था मिलाउनुहोस् ।
- यसपछि सहजकर्ताले कागजका स-साना टुक्राहरूमा तल उल्लेख गरिएका समाजमा देखिने विभिन्न भूमिकाहरू लेखेर सहभागीहरूलाई एक/एक वटा भूमिका निर्वाह गर्न लगाउनुहोस् ।
- चिठ्ठा तानेपछि तपाईं हातमा जे छ त्यही स्वरूपमा बदलिनुभयो भन्दै त्यो चिठ्ठा अरू कसैलाई पनि नदेखाउनको लागि भन्नुहोस् ।
- सहभागीहरूलाई यो एउटा काल्पनिक खेल भएको हुनाले यसलाई व्यक्तिगत रूपमा नलिई खेलको रूपमा मात्रै लिन अनुरोध गर्ने ।

**भूमिकाहरुः**

- गाँउपालिका अध्यक्ष
- ७० वर्षे दलित महिला
- गैर सरकारी संस्थामा काम गर्ने समाजसेवी
- विद्यालयको माध्यमिक तहको शिक्षक
- दम रोगले ग्रस्त ६० वर्षे दलित वृद्ध
- ४५ वर्षीया जनजाति एकल महिला
- ३५ वर्षीय राजनीतिक दलको स्थानीय नेता
- २४ वर्षे एउटा खुट्टा नभएको दलित महिला
- सुन्न नसक्ने गरिब शहरी परिवारको ४२ वर्षको मानिस
- गरिब जनजाति परिवारको २० वर्षीय युवती
- दलित समुदायको १६ वर्षीय युवती
- दलित समुदायको १३ वर्षीय किशोर
- २४ वर्षको सरकारी खरिदार युवा
- ७६ वर्षीय स्थानीय एकल वृद्धा दलित महिला जसको बालबच्चा छैनन् ।
- १२, ६ र २ वर्षीय ३ वटा बच्चा भएकी विधवा एकल महिला

- खेलका सबै सहभागीहरूलाई एउटै लाईनमा सिधा उभिन लगाउने यसरी उभिदा आफूलाई गोलाबाट प्राप्त भएको भूमिका सम्झिन लगाउने र खेलमा सहभागी गराउने । तर आफूलाई परेको भूमिका अर्को सहभागीलाई देखाउन र भन्न नदिने ।
- सहजकर्ताले तलको तालिकामा उल्लेख गरिएको बुँदा पालै पालो ठुलो स्वरले भन्दै जाने ।
- यदि सहजकर्ताले बोलेको वाक्य वा परिवेश आफूले निर्वाह गरेको भूमिकासँग मिल्ने भएमा सहभागीहरूलाई एक पाईला अगाडि बढ्नको लागि भन्ने । यदि त्यो परिवेश आफूले निर्वाह गरेको भूमिकाका लागि सान्दर्भिक नलागेमा जहाँ उभिएको हो त्यही उभिन भन्ने ।
- सहजकर्ताले कुनै पनि परिवेश सुनाउँदा सबै सहभागीलाई सोचेर मात्रै पाईला अगाडि बढाउने वा नबढाउने निर्णय लिन प्रोत्साहित गर्ने र राम्ररी सोचेर पाईला नचालेमा खेलको वास्तविकता नआउने जानकारी दिदै जाने ।
- हरेक परिवेशमा कति जना सहभागीले पाईला अगाडि बढाएका छन् कति जना आफ्नै ठाउँमा बसेका छन् भन्ने बारेमा तल दिएको तालिकाको दायाँ तर्फको खाली ठाउँमा संख्या टिप्ने (यसरी संख्या टिप्ने काम सह-सहजकर्ताले गर्दा अझ उपयुक्त हुन्छ) ।
- तलका सबै प्रश्नहरू नसकिदाँसम्म यो प्रक्रियालाई दोहोर्याई राख्ने ।

| क्र.सं. | विवरण | संख्या | |
|---|---|---|---|
| | | पाइला चाल्ने | पाइला नचाल्ने |
| १. | म मेरो समुदायको महत्त्वपूर्ण व्यक्ति हुँ भन्ने अनुभव गर्छु । | | |
| २. | मलाई बाह्रै महिना दैनिक दुईछाक खान कुनै गाह्रो छैन । | | |
| ४. | मलाई चिठीपत्रदेखि हरेक कुरा पढ्न कुनै गाह्रो छैन । | | |
| ५. | म आफ्नो बारेमा आफै निर्णय लिन सक्छु । | | |
| ६. | म आफूले चाहे जति अध्ययन गर्न सक्छु । | | |
| ७. | म मेरा साथीहरू तथा नातेदारलाई भेट्नको लागि कसैसँग कुनै अनुमति नलिईकन जाने निर्णय गर्न सक्छु । | | |
| ८. | मेरो मासिक १० हजार भन्दा बढी कमाई छ । | | |
| ९. | म कुनै पनि सार्वजनिक स्थानमा आत्मविश्वासका साथ बोल्न र आफ्नो कुरा राख्न सक्छु । | | |
| १०. | मैले कुनै पनि सार्वजनिक सेवा लिँदा छुवाछुत तथा सामाजिक विभेदको सामना गर्नुपर्दैन । | | |
| ११. | म सरकारले तोकेको न्यूनतम ज्याला भन्दा बढी आम्दानी गर्छु । | | |
| १२. | म मेरो साथीहरूसँग नियमित भेट्ने र खेल खेल्न सक्छु । | | |
| १३. | मैले चाहे जस्तो खाना खान पाउँछु । | | |
| १४. | मेरो जीवनमा प्रभाव पार्ने हरेक महत्त्वपूर्ण सवालहरूमा मसँग समन्वय गरिन्छ । | | |
| १५. | म मेरो मातृभाषामा आवश्यक सूचना प्राप्त गर्दछु । | | |
| १६. | म चाहेको स्थानमा सहजै पुग्न सक्छु । | | |
| १७. | मैले सार्वजनिक सेवा लिन जाँदा घुस दिनु पर्दैन । | | |
| १८. | मेरो टोलका समस्याहरूको समाधानका लागि गाउँपालिकाको बजेट विनियोजन गराउन म सक्षम छु । | | |
| १९. | मैले बोलेको कुरा सार्वजनिक स्थानमा सबैले महत्त्व दिएर सुन्छन् र त्यसप्रति सकारात्मक प्रतिक्रिया जनाउँछन् । | | |
| २०. | म गाउँपालिकामा सेवा लिन जाँदा सहज रूपमा सेवा नपाए उजुरी गर्न सक्षम छु । | | |
| २१. | म मेरो गाउँमा के कामको लागि कति बजेट आयो र त्यो के-के मा खर्च भयो भनेर थाहा पाउन सक्षम छु । | | |
| २२. | मलाई कुनै रोग लाग्यो भने आवश्यक उपचार गराउन सक्षम छु । | | |
| २३. | गाउँपालिकाको आय/व्यय विवरण खोजविन गरी जानकारी लिन म सक्षम छु । | | |
| २४. | योजना तर्जुमा समितिको बैठकमा गएर आफ्नो आवश्यकताको बारेमा भन्न म सक्षम छु । | | |
| २५. | सार्वजनिक सुनुवाईमा गएर म आफूलाई परेको समस्या उठाउन सक्छु । | | |

माथिको अभ्यास सकिएपछि सबैभन्दा पहिला अवलोकनकर्ताहरू मध्येबाट दुईदेखि तीनजनालाई यो खेलबाट के बुझियो भनेर सोध्नुहोस् । उनीहरूको भनाइ सुनिसकेपछि सबैभन्दा अगाडि बढ्ने एउटा सहभागी, बीचमा रहेको एउटा र सबैभन्दा पछाडि परेको एउटा सहभागीलाई तपाईं किन यो स्थानमा हुनुहुन्छ ? भनेर सोध्नुहोस् । यसपछि सबै सहभागीहरूलाई त्यही खेल खेलेकै स्थानमा गोलाकार बनाएर उभिनको लागि भन्नुहोस् । त्यसपछि सबै सहभागीहरूलाई आ-आफ्नो स्थानमा बसेपछि खेल कस्तो लाग्यो भनेर सोध्ने र त्यसपछि निम्नानुसारको विषयमा छलफल चलाउने :

- अरूको भूमिकामा आफूलाई राखेर हेर्दा कत्तिको सजिलो वा अप्ठेरो के भयो ? अरूको जीवन वा चरित्र कस्तो होला भन्ने परिकल्पना गर्नुभयो ?
- आफूसँग कुनै वाक्य वा भनाइ मिलेर एक कदम अघि बढ्दा कस्तो अनुभव भयो ?
- जहाँको त्यही बस्दा कस्तो अनुभव भयो ? अरू सहभागीले निकै कदम अघि बढाउँदा पनि आफू चाहिँ पछि नै पर्दा कस्तो अनुभव भयो ? अघि बढेका सहभागीहरूले आफ्ना साथीहरू निकै पछाडि परेका कुरा कुन बेला थाहा पाए ?
- किन कोही निकै अघि बढे पनि कोहि चाहि निकै पछि परे ? यो अभ्यासले तपाईंको गाँउ वा नेपाली समाजको प्रतिविम्बलाई झल्काउँछ ? यदि झल्काउँछ भने कसरी ?
- यस्तो असमानता के कारणले गर्दा निम्तिन्छ ?

- तपाईंले निर्वाह गर्नु भएको भूमिका वा चरित्रको कुन चाहि अधिकार संकटमा परेको थियो ? आफ्ना सामाजिक, सांस्कृतिक, नागरिक तथा राजनीतिक अधिकारहरू हनन् भएको वा उपभोग गर्न नपाएको कुरा कसैले भन्न सक्नुहुन्छ ?
- तपाईं अन्तिममा पर्नुमा सामाजिक, आर्थिक, राजनीतिक, लैङ्गिक तथा अन्य विभेद कत्तिको जिम्मेवार छ ? अर्थात वञ्चितीकरण वा सामाजिक रूपमा वहिष्करणमा परेकै कारण पछि परेको हुँ भन्ने ठान्नु हुन्छ ? किन ?
- उसो भए सामाजिक सुरक्षाको दृष्टिकोणले हामीले ध्यान दिनुपर्ने कसलाई हो ?
- यस्तो समूहलाई हामी युवा अभियन्ता वा सामाजिक अभियन्ताको रूपमा के-कसरी सहयोग गर्न सक्छौं ? भन्ने बारेमा छलफल गर्नुहोस् । सहभागीहरूको दृष्टिकोण बुझ्नुहोस् ।

यसरी माथिका बुँदाहरूमा केन्द्रित भएर छलफल गरिसकेपछि सामाजिक सुरक्षाको सन्दर्भमा कसलाई प्राथमिकता दिनुपर्ने रहेछ ? र किन भन्ने बारेमा एक छिन छलफल गर्नुहोस् । कोही व्यक्ति अगाडि वा पछाडि पर्ने वा पारिने भन्ने कुरा समाजका व्यक्तिले गर्ने व्यवहार तथा स्रोत र साधनप्रति व्यक्तिको पहूँचमा राज्यले खेल्ने भूमिका तथा राज्यले प्रदान गर्ने समतामूलक अवसरमा भर पर्दछ भन्ने कुरा सहभागीलाई बुझाउनुहोस् । यसबाट स्थानीय तहको योजना तर्जुमा गर्दा वा त्यसको कार्यान्वयन गर्दा यस्ता पछाडि पारिएका व्यक्ति वा समुदायको सुरक्षामा कसरी ध्यान दिन सकिन्छ ? यस्ता वर्ग तथा समुदायका व्यक्तिलाई युवाले कसरी सहयोग गर्न सक्छन् भन्ने बारेमा छलफल गर्नुहोस् । पछाडि पारिएका वर्ग तथा समुदायको सामाजिक सुरक्षा सुनिश्चित गर्नको लागि के गर्न सकिएला भन्ने बारेमा छलफल चलाउनुहोस् । यस्ता समस्या समाधान गर्नको लागि युवा मैत्री स्थानीय शासन एक महत्त्वपूर्ण प्रक्रिया हुन सक्छ भन्ने बारेमा छलफल गर्नुहोस् ।

**सत्र बाह्र**

## २.१२ नेपालमा सामाजिक सुरक्षाका प्रमुख कार्यक्रमहरु र यसका चुनौतीहरु

**उपशीर्षक :** (क) नेपालमा सामाजिक सुरक्षाका प्रमुख कार्यक्रमहरू के-के हुन् ?
(ख) नेपालमा सामाजिक सुरक्षा कार्यक्रमले कस्ता व्यक्ति तथा समूहलाई समेटेको छ ?

**उद्देश्य :** यस सत्रको अन्त्यसम्ममा,

- सहभागीहरूले नेपालमा सामाजिक सुरक्षाका प्रमुख कार्यक्रमहरू के रहेका छन् ? भन्ने बारेमा प्रस्ट रूपमा जानकारी पाएका हुनेछन् ।
- सहभागीहरूले नेपालको सामाजिक सुरक्षा कार्यक्रमले कस्ता व्यक्ति तथा समूहलाई समेटेको छ ? भन्ने बारेमा जानकारी प्राप्त गरेका हुनेछन् ।
- सहभागीहरूले नेपालमा सामाजिक सुरक्षाका कार्यक्रमका चुनौतीहरूको बारेमा प्रस्ट रूपमा जानकारी प्राप्त गर्नेछन् ।

**तालिम सामग्री :** अध्ययन सामग्रीको २ प्रति फोटोकपी, न्यूजप्रिन्ट पेपर, मार्कर, मास्किंग टेप
**विधि:** समूहकार्य, प्रस्तुति, छलफल तथा प्रश्नोत्तर
**समय :** १ घण्टा ३० मिनेट

**सहजकर्तालाई नोटः तालिममा रहेको यस सत्र सुरु हुनुभन्दा अगाडि नै अध्ययन सामग्रीमा राखिएको सामग्री २ प्रति फोटोकपी गरिसक्नुपर्दछ । साथै दुईवटा न्यूजप्रिन्ट पेपरको सिरानमा समूह एक (सामाजिक सुरक्षाका कार्यक्रमहरु) र समूह दुई (सामाजिक सुरक्षा कार्यक्रमका चुनौतीहरु) भनेर लेखेको हुनुपर्दछ । साथै समूहकार्य गर्नको लागि सहज स्थानको पहिचान गरिसकिएको हुनुपर्दछ ।**

### सत्रको विस्तृत विवरण

- सबैभन्दा पहिला तालिमका सम्पूर्ण सहभागीहरूलाई दुईवटा समूहमा विभाजन गर्नुहोस् ।
- समूहमा विभाजन गर्दा अघिल्लो समूहकार्यको समूहलाई नै दुईवटा समूहको रूपमा लिएर सोही अनुसार पहिलो समूहलाई समूह एक लेखिएको न्यूजप्रिन्ट र दोस्रो समूहलाई समूह दुई लेखिएको न्यूजप्रिन्ट पेपर दिनुहोस् ।
- यसपछि दुवै समूहलाई तलको अध्ययन सामग्रीमा राखिएको नेपालका सामाजिक सुरक्षाका प्रमुख कार्यक्रमहरूको फोटोकपी दिनुहोस् ।
- त्यसपछि पहिलो समूहलाई छुट्टाछुट्टै समूहमा बसेर समूहमा छलफल गरी पहिलो समूहले सामाजिक सुरक्षा कार्यक्रमहरूका बारेमा के कुरा बुझियो ? त्यसलाई न्यूजप्रिन्ट पेपरमा चित्र, अङ्क वा अत्यन्तै कम अक्षर मार्फत प्रस्तुतीकरण तयार पार्नको लागि आग्रह गर्नुहोस् ।
- यसैगरी दोस्रो समूहलाई नेपालमा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालनका चुनौतीहरूको बारेमा छलफल गरी त्यसलाई न्यूजप्रिन्ट पेपरमा चित्र, अङ्क वा अत्यन्तै कम अक्षर मार्फत प्रस्तुतीकरण मार्फत् प्रस्तुतीकरण तयार पार्नको लागि आग्रह गर्नुहोस् ।
- समूहकार्यको लागि ३० मिनेटको समय दिनुहोस् ।
- समूह कार्य चलिरहँदा सहजकर्ता दुवै समूहमा पुग्नुहोस् । केही समस्या आईपरेमा त्यसलाई प्रष्ट्याउनुहोस् ।
- दुवै समूहले प्रस्तुतीकरण तयार पारीसकेपछि समूहको एक जनालाई अगाडि गएर प्रस्तुतीकरण गर्नको लागि आग्रह गर्नुहोस् ।
- दुवै समूहलाई प्रस्तुतीकरणको लागि ५/५ मिनेटको समय प्रदान गर्नुहोस् ।
- दुवै समूहले प्रस्तुतीकरण गरिसकेपछि छलफल गर्नुहोस् । छलफलको क्रममा नेपालमा सामाजिक सुरक्षा कार्यक्रमले समेटेका वर्ग तथा समुदाय कुन-कुन रहेछन् ? कस्ता वर्ग तथा समुदायलाई यसले अझै समेट्न सकेको रहेछ ? भन्ने बारेमा छलफल गर्नुहोस् ।
- यसपछि नेपालमा सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारीताको बारेमा पनि सहभागिलाई सोध्नुहोस् ।
- नेपालमा सामाजिक सुरक्षा कार्यक्रमहरू प्रभावकारी छन् कि छैनन् ? यदि छन् भने कसरी र छैनन् भने कसरी भन्ने बारेमा पनि सहभागीहरूको बीचमा छलफल गर्नुहोस् ।
- नेपालमा रहेका सामाजिक सुरक्षा कार्यक्रमहरूको कार्यान्वयनको सन्दर्भमा सामना गर्नु परिरहेका चुनौतीहरूको बारेमा छलफल गर्नुहोस् ।
- यसबारेमा सबै सहभागीहरूको बीचमा समान धारणा बनिसकेपछि यस सत्रको अन्त्य गर्नुहोस् ।

### अध्ययन सामग्री

### २.१२.१ सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमहरु

नेपालमा बालबालिका, एकल महिला, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लोपोन्मुख जातजाति, शहिद परिवार, द्वन्द्व प्रभावित परिवारलगायत गरिब र सीमान्तकृत परिवार तथा समुदायका विशेष संरक्षण र सहयोगको आवश्यकता पर्ने व्यक्तिहरूका लागि राज्यबाट नगद हस्तान्तरण लगायत अन्य सेवासुविधा सहितको सामाजिक सुरक्षा पाउने अधिकारको व्यवस्था भएको छ । नेपालमा पनि संविधानले सामाजिक सुरक्षाको विषयलाई मानव अधिकारको रूपमा स्थापित गरेको पाइएको छ ।
नेपालमा अनौपचारिक रूपमा सामाजिक सुरक्षा र संरक्षणको मान्यता परापूर्व कालदेखि रहिआएको पाइन्छ । आमाबाबुले वृद्धावस्थाका लागि भनेर जिउनी छुट्याउने, पेवा, पर्म, विवाह तथा काजक्रियामा सहयोग लगायतको प्रचलन नेपाली समाजमा ऐतिहासिक रूपमा चल्दै आएको पाइन्छ । सामाजिक सुरक्षामा सरकारले योजना तथा लगानी गर्नुपर्छ भन्ने मान्यता चाहिँ १९९० सालको दशकबाट मात्र सुरु भएको देखिन्छ । राष्ट्रको सेवामा रहेका सैनिकको सेवा निवृत्त जीवनमा आर्थिक सहयोग पुऱ्याउने उद्देश्यले १९९१ सालमा "सैनिक द्रव्य कोष "को स्थापना र २००१ सालमा निजामती कर्मचारीका निमित्त "निजामती प्रोभिडेन्ट फन्ड" को व्यवस्थाको माध्यमबाट सामाजिक सुरक्षा कार्यक्रमको सुरुवात भएको थियो । गैर-योगदानमा आधारित सामाजिक सुरक्षा भने आर्थिक वर्ष २०५२/५३ देखि वृद्धभत्ताका रूपमा लागू भएको हो ।

## २.१२.२ नेपाल सरकारले सञ्चालन गर्दै आएका सामाजिक संरक्षण कार्यक्रम अन्तर्गतका केही प्रमुख सेवा सुविधाहरु

### हाल वितरणमा रहेको सामाजिक सुरक्षा भत्ताको मासिक दर

| क्र.सं. | लाभान्वित वर्ग | भत्ता प्राप्त गर्न योग्य उमेर र अवस्था | मासिक रकम (रु.) |
|---|---|---|---|
| १ | ज्येष्ठ नागरिक | ६८ वर्ष उमेर पुगेको | ४०००।- |
| २ | अन्य ज्येष्ठ नागरिक | ६० वर्ष उमेर पुगेका साविक कर्णालीका जिल्लाहरुका नागरिक र देशभरीका दलित नागरिक | २६६०।- |
| ३ | एकल महिला | विवाह नगरी बसेका ६० वर्ष उमेर पुगेका महिला, सम्बन्ध विच्छेद वा न्यायिक पृथकीकरण गरी बसेका ६० वर्ष उमेर पुगेका र पतिको मृत्यु भएका ६० वर्ष उमेर पुगेका | २६६०।- |
| ४ | विधवा | पतिको मृत्यु भएका जुनसुकै उमेरका | २६६०।- |
| ५ | पूर्ण अपाङ्गता भएका | सम्बन्धित निकायबाट 'क' वर्ग अर्थात् रातो रंगको अपाङ्गता परिचय पत्र प्राप्त गरेका जुनसुकै उमेरका नागरिकहरु | ३९९०।- |
| ६ | अति अशक्त अपाङ्ग | सम्बन्धित निकायबाट 'ख' वर्ग अर्थात नीलो रंगको अपाङ्गता परिचय पत्र प्राप्त गरेका जुनसुकै उमेरका नागरिक | २१२८।- |
| ७ | लोपोन्मुख आदिवासी/जनजाति | कुसुन्डा, बनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे र कुसवडिया, पत्थरकट्टा, सिलकट, कुशवधिया, कुचबधिया | ३९९०।- |
| ८ | बालबालिका | हुम्ला, जुम्ला, डोल्पा, मुगु, कालिकोट, अछाम, बझाङ्ग, रौतहत, महोत्तरी, सर्लाही, सिरहा, डोटी, बाजुरा, जाजरकोट, सप्तरी, बारा, धनुषा, रसुवा, रुकुम पूर्व, रुकुम पश्चिम, रोल्पा, कपिलवस्तु, बैतडी, सल्यान, दैलेख नेपाल सरकारले तोकेका क्षेत्र तथा जिल्ला र देशभरिका दलित परिवारका पाँच वर्ष उमेर ननाघेका एक आमाबाट जन्मिएका बढीमा दुई सन्तानलाई | ५३२।- |

### १. छात्रवृत्ति तथा नगद सुविधा

- 'सामुदायिक विद्यालयमा कक्षा ६-१० का विपन्न विद्यार्थीका लागि वार्षिक १८ हजार र विज्ञान विषय अध्ययन गर्नेका लागि वार्षिक २४ हजार रुपैयाँ अनुदान दिएको छ।
- दुर्गम तथा अन्य क्षेत्रका सामुदायिक विद्यालयमा अध्ययनरत २२ वटा सूचीकृत जाति र सीमान्तकृत वर्गका गैरआवासीय विद्यार्थीका लागि सरकारले प्रतिविद्यार्थी वार्षिक एक हजारदेखि तीन हजार पाँच सय रुपैयाँसम्म छात्रवृत्ति प्रदान गरेको छ। गैरआवासीय छात्रवृत्तिअन्तर्गत देशभरका १५ लाख ५० हजार विद्यार्थीले छात्रवृत्ति पाउनेछन्।
- 'शैक्षिक दृष्टिले पछि परेका समुदाय, अति विकट हिमाली जिल्लाका विद्यार्थीलगायत सातवटा लक्षित समूहका ११ हजार चार सय विद्यार्थीका लागि मासिक पाँच हजारका दरले आवासीय छात्रवृत्ति प्रदान गरिएको छ'।
- सेवा निवृत्त कर्मचारीहरूका लागि निवृत्तभरण तथा अनुदान सुविधा उपलब्ध छ। कर्मचारीका लागि स्वास्थ्य सुविधा, सञ्चय कोषलगायतका सुविधा उपलब्ध छ। संस्थामा सुत्केरी गराउनेलाई हिमाली भेकमा रु. ३,०००/, पहाडी भेकमा रु. २,०००/- र तराई भेकमा रु. १,०००/- प्रोत्साहन भत्ता उपलब्ध छ।
- बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत कर्णाली क्षेत्र र देशभरका दलित परिवारमा शिशु जन्मेको ३५ दिनभित्र जन्मदर्ता गरेमा रु. १,०००/- भत्ता उपलब्ध हुन्छ।
- सहिदका परिवारलाई जीवनयापन र १८ वर्षसम्मका ३ जनासम्मका बालबालिकालाई अध्ययन खर्च प्रदान गर्ने व्यवस्था छ।
- प्राकृतिक प्रकोप राहत - नगद तथा सरसामान सहयोग उपलब्ध गराउने व्यवस्था छ।
- द्वन्द्व पीडित तथा घाइतेका लागि एकमुष्ठ आर्थिक सहयोग प्रदान गरिएको छ।

### २. जिन्सी हस्तान्तरण र जीवनयापन कार्यक्रम

- खाद्यान्न अभाव हुने जिल्लाहरूमा सुपथ मूल्यमा सामान उपलब्ध गराउने व्यवस्था छ।
- विद्यालय खाजा र पोषण कार्यक्रम सञ्चालनमा रहेको छ।
- सुपथ मूल्यमा आयोडिनयुक्त नून आपूर्ति गर्ने गरिएको छ।
- दलित, गरिब र कमैया परिवारका लागि पशुपालनलगायत आयमूलक कार्यक्रम उपलब्ध छ।
- तराईका पाँच जिल्लाहरूमा कमैया र हलिया सहयोग तथा पुर्नस्थापन कार्यक्रम सञ्चालनमा छ।
- सामुदायिक र कबुलीयत वन कार्यक्रम प्रभावकारी रूपमा चलिरहेको छ।
- लोपोन्मुख, सीमान्तकृत, जनजाति, चेपाङ्ग, दलित, सीमान्तकृत मधेशी, मुस्लिमलगायत अन्य लक्षित कार्यक्रमहरू सञ्चालन भइरहेका छन्।

### ३. सेवासुविधामा पहुँच

- निःशुल्क विद्यालय शिक्षाको व्यवस्था गरिएको छ।
- उच्चशिक्षाका लागि छात्रवृत्ति प्रदान गर्ने गरिएको छ।
- निःशुल्क स्वास्थ्य सेवा सुविधा- उपस्वास्थ्य चौकी, स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य उपचार केन्द्रमा निश्चित औषधि र सेवाका साथै जिल्ला अस्पतालमा निश्चित व्यक्ति वा समूहलाई निःशुल्क स्वास्थ्य सेवा तथा अन्य सरकारी अस्पतालहरूमा निश्चित गरिब तथा अन्य विरामीका लागि निःशुल्क वा सहुलीयत दरमा सेवा सुविधा, एवम् भिटामिन "ए" र विविध खोप सेवाहरू उपलब्ध गरिएको छ।
- अति गरिब र लोपोन्मुख परिवारका लागि आवास कार्यक्रम सञ्चालनमा रहेको छ।

**४. सामाजिक बीमा**

- कुनैपनि सेवा तथा संस्थामा कार्य गरेका कर्मचारीहरूले पाउने पेन्सन, उपदान, सञ्चय कोष तथा सामाजिक सुरक्षा कोषलगायतका सेवासुविधाबाहेक, सामाजिक बीमाअन्तर्गत बाली र पशु बीमा कार्यक्रमको सुरु गरिएको छ ।

**५. अन्य**

- युवा स्वरोजगार तथा रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।
- कर्णाली रोजगार कार्यक्रम - उक्त क्षेत्रमा सञ्चालन गरिने निर्माण कार्यमा कम्तिमा १०० दिनको वार्षिक रोजगारको व्यवस्था गरिने गरिएको छ ।
- गरिबी निवारण कोष - खासगरी गरिब र सीमान्तकृत व्यक्ति तथा समूहका लागि तालिम, आयमूलक कार्यक्रम सञ्चालनमा रहेको छ ।
- गरिब, दलित तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि प्राविधिक शिक्षा र व्यावसायिक तालिम प्रदान गर्ने गरिएको छ ।
- व्यक्ति वा समूहलाई कृषि व्यवसाय, पशु तथा पंक्षी पालनलगायतका आयमूलक व्यवसाय गर्नका लागि सरकारी संयन्त्रबाट नगद सहयोग तथा छुटको व्यवस्था रहेको छ ।

### २.१२.३ स्थानीय सरकारको भूमिका

- प्रणाली मार्फत लाभग्राहीको विवरण अभिलेखीकरण गर्ने,
- सामाजिक सुरक्षा भत्ता पाउन योग्य व्यक्तिको पहिचान गर्ने,
- सामाजिक सुरक्षा भत्ता पाउन योग्य व्यक्तिलाई MIS प्रणालीमा दर्ता गर्ने,
- बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरणको लागि सहजीकरण गर्ने,
- बैंकसँग भत्ताको विवरण आदानप्रदान गर्न बैंक तथा वित्तीय संस्थाहरू बीच समन्वय तथा हिसाब मिलानको व्यवस्था मिलाउने,
- समयमै सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागि आवश्यक कार्य गर्ने,
- फरवार्ड फिड नाम समावेश भएका लाभग्राहीको भत्ता रकम वितरण गर्न C-GAS मार्फत भत्ताको लागि पेश गर्ने ।
- सामाजिक सुरक्षा भत्ता वितरणका बारेमा आवश्यक अनुगमन गर्ने । सामाजिक सुरक्षा भत्ताका सम्बन्धमा आएका गुनासोहरू व्यवस्थापन गर्ने ।

**हाल कार्यान्वयनमा रहेका सामाजिक सुरक्षा (Social Protection) सम्बन्धी कार्यक्रमका प्रकारहरु**

हाल सङ्घीयस्तरका विभिन्न मन्त्रालय तथा निकायहरूबाट ८७ भन्दा धेरै सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालित छन् । प्रदेश सरकार र स्थानीय तहबाट सङ्घीय सरकारले सञ्चालन गरेका सामाजिक सुरक्षाका विभिन्न कार्यक्रमहरूमा सेवा सुविधा थप गर्ने र नयाँ कार्यक्रमहरू पनि सञ्चालन गर्न थालिएको छ ।

**सामाजिक सुरक्षाका प्रकारहरु**

- सामाजिक सहयोग: ५१ कार्यक्रम
- सामाजिक बीमा : १७ कार्यक्रम
- योगदानमा आधारित सामाजिक सुरक्षा: ११ कार्यक्रम
- श्रम बजार र रोजगारी व्यवस्थापन: ६ कार्यक्रम
- कानुनी सहायता: एक कार्यक्रम (स्रोत: एकीकृत सामाजिक सुरक्षा संरचना, २०८०:१५)

**नेपालमा विद्यमान सामाजिक सुरक्षा कार्यक्रमका प्रकारहरु**

**क. जीवनयापनका लागि सहायता र सामाजिक कल्याणका कार्यक्रमहरु**

१. ज्येष्ठ नागरिक भत्ता
२. एकल महिला भत्ता
३. अपाङ्गता भत्ता
४. लोपोन्मुख आदिवासी जनजाति भत्ता
५. बालपोषण भत्ता
६. दलित विद्यार्थी छात्रवृत्ति
७. बालिका छात्रवृत्ति
८. अपाङ्गता छात्रवृत्ति
९. विपन्न छात्रवृत्ति
१०. सीमान्तकृत तथा लोपोन्मुख छात्रवृत्ति
११. सडक बालबालिका तथा बालश्रमिक छात्रवृत्ति
१२. सहिदका छोराछोरीका लागि छात्रवृत्ति
१३. मुक्त कमलरी छात्रवृत्ति
१४. हिमाली आवासीय छात्रवृत्ति
१५. अन्य छात्रवृत्ति
१६. विद्यालय खाजा कार्यक्रम
१७. नि:शुल्क आधारभूत र माध्यमिक शिक्षा
१८. नि:शुल्क उच्च शिक्षा
१९. ज्येष्ठ नागरिक यातायात सहुलियत
२०. समाजकल्याण कार्यक्रम (सेफ हाउस, अनाथालय, वृद्धाश्रम आदि सञ्चालन)
२१. बालकल्याण सहयोग
२२. दिवा शिशु स्याहार केन्द्र
२३. अपाङ्गता भएका व्यक्तिका लागि नि:शुल्क सहायक सामग्री वितरण कार्यक्रम
२४. खाद्यान्न ढुवानी अनुदान
२५. कण्ठरोग नियन्त्रण
२६. सुरक्षित नागरिक आवाज कार्यक्रम
२७. जनता आवास कार्यक्रम
२८. मुक्त हलिया अनुदान
२९. जग्गा स्वामित्व प्राप्तिमा छुट
३०. नि:शुल्क कानुनी सहायता
३१. काजक्रिया खर्च (कर्मचारी सञ्चयकोषबाट)
३२. बृद्धावस्था संरक्षण
३३. मातृत्व सुरक्षा योजना
३४. आश्रित परिवार सुरक्षा
३५. कल्याणकारी कोषको कार्यक्रम (सैनिक, प्रहरी, सशस्त्र प्रहरी बल)
३६. निजी आवास पुनर्निर्माण अनुदान (राष्ट्रिय पुनर्निमाण प्राधीकरण)

- यात्रामा वा यातायातमा विद्यार्थी परिचयपत्रका आधारमा भाडामा छुट सविधा (४५ प्रतिशत)
- अपाङ्गता भएका नागरिकका लागि यातायात सहुलीयत,
- नि:शुल्क पाठ्यपुस्तक वितरण

## ख. उत्पादन तथा रोजगारी वृद्धि लक्षित कार्यक्रम

१. विशेष कृषि उत्पादन कार्यक्रम
२. बाली तथा पशुपन्छी बिमा
३. बर्डफ्लु क्षतिपूर्ति वितरण
४. कृषि क्षेत्र विपद् व्यवस्थापन कार्यक्रम
५. उखु उत्पादन किसान अनुदान
६. व्याज अनुदान
७. जडिबुटी खेती प्रविधि तथा उद्यम विकास अनुदान
८. वैदेशिक रोजगारका क्रममा मृत्यु भएकाको परिवारलाई आर्थिक सहायता
९. वैदेशिक रोजगारका क्रममा अङ्गभङ्ग भएका र गम्भीर बिरामी भएका कामदारलाई दिइने आर्थिक सहायता
१०. वैदेशिक रोजगार छात्रवृत्ति (वैदेशिक रोजगारीको क्रममा मृत्यु/अङ्गभङ्ग भएकाका सन्ततिलाई दिइने)
११. सशस्त्र द्वन्द्वबाट घाइते, अङ्गभङ्ग, अपाङ्गता भएका व्यक्ति वा मृतकका परिवारलाई क्षतिपूर्ति र भरणपोषण
१२. प्रधानमन्त्री रोजगार कार्यक्रम
१३. युवा स्वरोजगार कोष *(स्रोतः एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना? २०८०)*
- वैदेशिक रोजगारबाट फर्किएकाहरूको पुनःएकीकरण कार्यक्रम

## ग) विपद् जोखिम प्रतिकार्य तथा स्वास्थ्य सेवा लक्षित कार्यक्रम

१. विपद् वा प्रकोपबाट मृत्यु हुनेका परिवारका लागि राहत तथा उद्धार
२. विपद् वा प्रकोपको समयमा तत्काल राहत कार्यक्रम
३. विपद्को कारण घर पूर्णक्षति भएका परिवारलाई राहत
४. शीतलहर प्रभावित परिवारलाई राहत
५. राहत तथा पुर्नस्थापना कार्यक्रम
६. स्यानिटरी प्याड वितरण
७. आमा सुरक्षा कार्यक्रम
८. प्रसुति पूर्वको सेवा
९. सुत्केरी बिदा
१०. आमा र बच्चा पोषण परिपूरण कार्यक्रम
११. एड्स तथा यौनरोग नियन्त्रण
१२. कुष्टरोग नियन्त्रण कार्यक्रम
१३. सरुवा रोगहरूको निःशुल्क उपचार
१४. विपन्न स्वास्थ्य उपचार कार्यक्रम
१५. निःशुल्क जाँच तथा उपचार
१६. ज्येष्ठ नागरिक स्वास्थ्य उपचार
१७. पाठेघरको मुखको क्यान्सर जाँच
१८. रेबिज विरुद्धको खोप
१९. सर्पदंशको उपचार
२०. आङ् खस्ने रोगको उपचार
२१. निःशुल्क खोप सेवा
२२. निःशुल्क आधारभूत स्वास्थ्य सेवा
२३. ज्येष्ठ नागरिक स्वास्थ्य उपचार
२४. राष्ट्रपति महिला उत्थान कार्यक्रम/हवाइ उद्धार सेवा
२५. उपचार खर्च (कर्मचारी सञ्चय कोषबाट)
२६. सुत्केरी तथा शिशु हेरचाह (कर्मचारी सञ्चय कोषबाट)
२७. घातक रोग उपचार खर्च (कर्मचारी सञ्चय कोषबाट)
२८. औषधि उपचार तथा स्वास्थ्य सुरक्षा योजना
२९. दुर्घटना तथा अशक्तता सुरक्षा

*(स्रोतः एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना? २०८०)*

## घ. सम्भावित जोखिम बहन गर्ने क्षमता अभिवृद्धिका लागि बिमा र योगदानमूलक कार्यक्रम

१. निवृत्तिभरण
२. उपदान
३. योगदानमा आधारित निवृक्तिभरण कोष
४. स्वास्थ्य बीमा बोर्डको कार्यक्रम
५. निःशुल्क स्वास्थ्य बिमा
६. यातायातमा तेस्रो पक्षीय दुर्घटना बिमा
७. महामारी तथा प्रकोपजन्य विशेष बिमा (कोरोना बिमा)
८. कर्मचारी सञ्चय कोष
९. श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम

## सत्र तेह्र

### ३.१३ सामाजिक सुरक्षाको प्रभावकारी कार्यान्वयनको लागि कार्ययोजना निर्माण

**उपशीर्षक :** (क) स्थानीयस्तरमा रहेर सामाजिक सुरक्षाको प्रभावकारी कार्यान्वयनको लागि के गर्न सकिन्छ ?
(ख) नेपालमा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारीता अभिवृद्धिमा युवा तथा सामाजिक अभियन्ताको भूमिका के रहन्छ ?

**उद्देश्य :** यस सत्रको अन्त्यसम्ममा,

- सहभागीहरू आफूले तालिम पश्चात् समुदायमा गएपछि सामाजिक सुरक्षालाई प्रवर्द्धन गर्नको लागि के गर्न सकिन्छ ? भन्ने बारेमा कार्ययोजना निर्माण गरेका हुनेछन् ।
- सहभागीहरूले आफूले समुदायमा रहेर के काम कसरी गर्ने भन्ने बारेमा प्रस्ट रूपमा जानकारी पाएका हुनेछन् ।

**तालिम सामग्री :** यस सत्रको अनुसूचिमा रहेको कार्ययोजनाको ढाँचा २ वटा प्रिन्ट कपी, न्यूजप्रिन्ट, मार्कर, मास्किंग टेप, आदि ।
**विधिः** समूहकार्य, प्रस्तुति, छलफल तथा प्रश्नोत्तर
**समय :** १ घण्टा ३० मिनेट

### सत्रको विस्तृत विवरण

- तालिमका सहभागीहरूले यस अघि थाहापाएका सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको सम्बन्धमा आफूले स्थानीय स्तरमा रहेर सञ्चालन गर्न सकिने गतिविधिहरूलाई समेटेर कार्य योजना निर्माण गर्ने काम यस चरणमा सम्पन्न गर्नुपर्ने हुन्छ । यसमा सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई स्थानीयस्तरमा प्रभावकारी रूपमा कार्यान्वयन गर्न तथा त्यसको आधारमा गतिविधिहरू निर्माण गर्नको लागि यस चरणमा सहभागीहरूले समूह कार्य गर्नेछन् ।
- सबैभन्दा पहिला तालिमका सम्पूर्ण सहभागीहरूलाई दुईदेखि तीनवटा समूहमा विभाजन गर्नुहोस् वा आवश्यकताको आधारमा त्यो भन्दा धेरै समूहमा पनि विभाजन गर्न सकिन्छ ।
- कार्ययोजना निर्माणको अभ्यास सुरु गर्नुभन्दा पहिला अभ्यास गरिन लागिएको कार्य योजनाको ढाँचामा सहभागीहरूसँग छलफल गर्नुहोस् । यस क्रममा सहभागीहरूसँगै छलफल गरेर अगाडिको सेतोपाटीमा वा न्यूजप्रिन्ट पेपरमा एउटा ढाँचाको नमुना सहभागीहरूसँग छलफल गर्दै निर्माण गर्नुहोस् । उक्त ढाँचाको लागि अनुसूची १ मा हेर्नुहोस् । उक्त नमूना ढाँचालाई छलफलको आधारमा निर्माण गर्नुहोस् । त्यसपछि सोही ढाँचा अनुसार भर्नको लागि भन्नुहोस् । यस ढाँचामा थोरै थपघट गर्न पनि सकिन्छ ।
- सहभागीहरूलाई पहिला छलफलबाट निर्माण गरिएको ढाँचा अनुसार कार्ययोजना निर्माण गर्नको लागि सहभागीहरूलाई भन्नुहोस् । त्यसपछि हरेक सहभागीहरूलाई आ-आफ्नो समूहमा रहेर स्थानीयस्तरमा रहेर सामाजिक सुरक्षा कार्यक्रम-हरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न गराउनको लागि आफ्नो वा आफ्नो संस्थाको भूमिका सहितको कार्य योजना निर्माण गर्नको लागि भन्नुहोस् ।
- सहभागीहरूले काम गरिरहँदा सहजकर्ता हरेक समूहमा नियमित रूपमा पुग्नुहोस् र उनीहरूमा भएका जिज्ञासा तथा समस्याहरूको समाधान गर्नुहोस् ।

**सहजकर्तालाई नोटः सहभागीहरुले कार्य योजना बनाउँदा खास कार्य के हो ? भन्ने कुरामा प्रस्ट हुनेगरी बुझाउनुहोस् । यसरी कार्ययोजना बनाउँदा उक्त समूहले भोलिको दिनमा आफ्नो गाउँमा गएर काम गर्न सक्ने हुनुपर्छ । त्यसको स्रोत आफैँले खोज्ने हुनुपर्छ । परिणाम दिने खालको हुनुपर्छ । आफूले कार्यान्वयननै गर्न नसक्ने योजना बनाउन भन्दा आफूले काम गर्ने प्राप्त गर्नसक्ने योजना निर्माणको लागि सहभागीहरुलाई उत्साहित गर्नुहोस् ।**

- सहभागीहरूले समूहकार्य सम्पन्न गरिसकेपछि सोही समूहकार्यबाट निर्माण गरिएको कार्य योजनाको प्रस्तुति तथा छलफल गराउनुहोस् ।
- यसको लागि हरेक समूहलाई प्रस्तुतीकरणको लागि ५/५ मिनेटको समय दिनुहोस् ।
- यसरी प्रस्तुतीकरण गर्दा त्यसपछि बाँकी समयमा त्यसको छलफल गराउनुहोस् ।
- यसरी छलफल गर्दा भोलिको दिनमा काम गर्न सकिनेछ या छैन भन्ने कुरा ध्यानदिएर हेर्नुहोस् ।
- जुन समूहको काम गर्न सक्ने किसिमको कार्य योजना छ त्यसको अनुसरण गर्न अरू समूहलाई पनि उत्साहित गर्नुहोस् ।

**अनुसूची १**

## कार्ययोजनाको ढाँचा तथा नमुना

शीर्षकः

लक्ष्यः

उद्देश्यः

| | गतिविधिहरू | कहिले गर्ने ? | कसरी गर्ने ? | कहाँ गर्ने ? | समन्वय कोसँग गर्ने ? | प्रमाणीकरण कसरी गर्ने ? | उपलब्ध स्रोतहरू | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## सन्दर्भ सामग्रीहरू

### अन्तर्राष्ट्रिय दस्तावेजहरूः

- मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा-पत्र, १९४८
- बाल अधिकार सम्बन्धी महासन्धि, १९८९
- दीगोविकास लक्ष्य, सन् २०१६-२०३०
- जेनेभा महासन्धिहरू
- दक्षिण एसियामा बालकल्याण प्रर्वद्धनका लागि क्षेत्रीय व्यवस्थासम्बन्धी सार्क महासन्धि, २००२
- सुरक्षा परिषद्को १६१२ घोषणा
- नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा-पत्र, १९६६

### राष्ट्रिय कानूनी दस्तावेजहरूः

- नेपालको संविधान
- मुलुकी अपराध (संहिता) ऐन, २०७४
- मुलुकी देवानी (संहिता) ऐन, २०७४
- बालबालिका सम्बन्धी ऐन, २०७५
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६
- बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८
- बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२
- सोह्रौं पञ्चवर्षीय योजना, राष्ट्रिय योजना आयोग
- अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५
- निजामति सेवा ऐन, २०४९ र यसको नियमावली, २०५०
- समाज कल्याण ऐन, २०४९
- ट्रेड युनियन ऐन, २०४९
- वैदेशिक रोजगार ऐन, २०६४
- योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४
- श्रम ऐन, २०७४
- योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५
- रोजगारीको हकसम्बन्धी ऐन, २०७५
- बालबालिका सम्बन्धी ऐन, २०७५
- अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५
- सामाजिक सुरक्षा ऐन, २०७५
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५
- एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८०

Social Protection Civil Society Network

# सामाजिक सुरक्षा, बालमैत्री स्थानीय शासन
# र
# लैङ्गिक समानता, अपाङ्गता तथा समावेशीकरण
# सम्बन्धी ३ दिने तालिम निर्देशिका

**Social Protection Civil Society Network (SPCSN)**

Lalitpur, Nepal
+977-9851348858
www.spcsnnepal.org
info@spcsnnepal.org
spcsnnepal@gmail.com